# दलित महिलाहरुको सामाजिक आर्थिक अवस्था: छुवाछुतले पारेको प्रभावहरु र परिवर्तनहरु

( पाल्पा मदनपोखरा गा वि स का कामी जातिका महिलाहरुको अध्ययन )

त्रिभुवन विश्व विधालय, मानविकी तथा सामाजिकशास्त्र संकाय
अन्तर्गत समाजशास्त्र, बिषयको स्नातकोत्तर तहको आंशिक
आवश्यकता पुरा गर्नको लागि प्रस्तुत
शोधपत्र

प्रस्तुतकर्ता
रज्जु श्रेष्ठ

समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग
त्रिभुवन विश्वविधालय
कीर्तिपुर, काठमाडौं
२०६७

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र संकाय**
**समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौं**

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पूर्तिका लागि मेरो निरिक्षण र सुपरिवेक्षणमा श्री रज्जु श्रेष्ठले प्रस्तुत **"दलित महिलाहरुमा छुवाछूतले पारेको प्रभावहरु र परिवर्तनहरु",** विषयको शोधपत्र तयार पार्नुभएको छ । म उहाँको कार्य प्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रको उचित मूल्यांकन हुनका लागि सिफारिस गर्दछु ।

मिति.........................

......................................
मधुसूदन सुवेदी
शोध निर्देशक
समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय,
कीर्तिपुर, काठमाडौं

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र संकाय**
**समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौं**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभागको समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पूर्ति गर्नको लागि श्री रज्जु श्रेष्ठले प्रस्तुत गर्नु भएको **"दलित महिलाहरुमा छुवाछूत"** विषयको शोधपत्रलाई स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्यांकन समिति

........................................
प्रा. डा. ओम गुरुङ
विभागीय प्रमुख

........................................
चिन्तामणी पोखरल
बाह्य परीक्षक

........................................
मधुसूदन सुवेदी
शोध निर्देशक
मिति.................................

# कृतज्ञताज्ञापन

पाल्पा जिल्ला मदनपोखरा गा.वि.स मा केन्द्रित रहेर दलित महिलाहरूको सामाजिक आर्थिक अवश्थामा छुवाछुतले पारेको प्रभाव र परिवर्तन अर्न्तगत कामी जातिका महिलाहरूको समाजशास्त्रीय खोज गर्ने मेरो जमर्कोमा अनेकौं बिद्धान महानुभावहरूबाट उर्जाशील प्रेरणा मिलेको छ । बिशेष गरि यस शोध-पत्र सम्पन्न गराउनका लागि आफ्नो अमूल्य समय, बौद्धिक सल्लाह, सुझाव र ज्ञान दिई अत्यावश्यक मार्ग निर्देशन दिन सहयोग गर्नु हुने, मेरो यस शोध पत्रको सुपरिवेक्षक आदरणीय गुरु श्री मधुसूदन सुवेदी ज्यूलाई हार्दिक कृतज्ञाज्ञापन गर्दछु । साथै यस शोध पत्र सम्पन्न गराउनका लागि आवश्यक सल्लाह, सुझाब र सहयोग गर्नुहुने समाजशास्त्र ⁄ मानवशास्त्र केन्द्रिय विभागका प्रमूख विभागिय प्रमूख आदरणीय गुरु प्रध्यापक ओम गुरुङ्ग ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग पुऱ्याउनु हुने तथा मलाई अध्यापन गराउनु हुने समाजशास्त्र ⁄ मानबशास्त्र केन्द्रिय विभागका सम्पूर्ण आदरणीय गुरूवर्गमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययनमा सही सत्य र वास्तविक सूचना, तथ्यांक र आफ्ना विचारहरु दिई यस शोध-पत्र कार्य सहजरुपमा पुरा गराउन सहयोग पुऱ्याउनु हुने मदनपोखरा गा वि सका सम्पुर्ण उत्तरदाताहरुलाई धन्यवाद नदिइरहन सक्दिन । साथै स्थलगत तथ्यांक संकलन गर्न सहयोग पुऱ्याउनु हुने मित्र सुकु थापा र बहिनी सबिना श्रेष्ठलाई धन्यवाद दिन चहान्छु ।

**विषय सूची** **पेज नं.**


**अध्याय एक : परिचय**
१.१ अध्ययनको पृष्ठभूमि १
१.२ समस्याको कथन ४
१.३ अनुसन्धानको उद्देश्य ६
१.४ अनुसन्धानको महत्व ६
**अध्याय दुई : सम्बन्धित साहित्यकाे अध्ययन**
२.१ कामी ८
२.२ साहित्यको पुनरावलोकन ९
२.३ सैद्धान्तिक दृष्टिकोण १४
२.४ नेपालमा महिलाको अवस्था सम्बन्धि पूर्व अध्ययनको समिक्षा १६
**अध्याय तीन : अनुसन्धान विधि**
३.१ अध्ययन क्षेत्रको छनौटको औचित्य १९
३.२ अध्ययनको ढाँचा १९
३.३ तथ्यांकको स्रोत १९
३.४ समग्रता र नमूना छनौट १९
३.५ तथ्यांक संकलन विधि २०
३.५.१ अवलोकन २०
३.५.२ अन्तर्वार्ता सूची २०
३.५.३ केन्द्रित समूहसँगको छलफल २१
३.५.४ प्रत्यक्ष सहभागीमूलक अवलोकन २२
३.५.५ तथ्यांक विश्लेषण तथा प्रस्तुतीबरण २२
३.५.६ अध्ययनको सीमा २३
३.५.७ तथ्यांक संकलन गर्दा आईपरेको समस्याहरु २३
**अध्याय चार : अध्ययन क्षेत्रको परिचय**
४.१.१ परिचय २४
४.१.२ सिमाना २५
४.१.३ सेवामूलक संस्थाहरु र कामी समुदाय/समाज २८
**अध्याय पाँच : कामीहरुको सामाजिक तथा आर्थिक अवस्था**
५.१ परिवार २९
५.२ शिक्षा ३०
५.३ स्वास्थ्य, सरसफाई र खानेपानी ३१
५.४ महिलाको स्थिति ३२
५.५ जन्मदर ३३
५.६ स्वास्थ्य उपचार ३३
५.७ खानेपानी र महिला ३५
५.८ धर्म तथा भाषा ३५
५.९ निर्णय प्रक्रियामा भूमिका ३६
५.१० महिलाहरुको सामाजिक स्थितिको मूल्यांकन ३७
**अध्याय छ : कामी जातीहरुको आर्थिक अवस्था**
६.१ घरको बनावट ४०
६.२ पेशा ४१
६.२.१ पशुपालन ४२
६.३ जग्गाजमीन ४३
६.४ खेतीपातीबाट हुने आम्दानी ४४
६.५ खेतीपाती र महिला ४५
६.६ ऋणको अवस्था ४५

६.७ खाना पकाउने स्रोत ४८
६.८ सम्पत्तिमा अधिकार ४८
६.९ महिलाहरुको सम्पत्तिको स्रोत तथा पेवापात ५०
६.१० विविध ५०
६.११ महिलाहरुको आर्थिक अवस्थाहरुको मूल्यांकन ५१
**अध्याय सात : छुवाछुतले कामी महिलाहरुको सामाजिक आर्थिक अवस्थामा पारेको प्रभावहरु र परिवर्तनको विश्लेषण**
७.१ विद्यालयमा दलित विद्यार्थीलाई गरीने व्यवहार ५४
७.२ छुवाछुतले काममा पर्ने अप्ठेरो वा कठिनाई ५५
७.३ उत्तरदाता कामी महिलाहरुको दलित कोटा सम्बन्धि विवरण ५६
७.४ दलित आरक्षण कोटाले गर्ने समाज परिवर्तन ५७
७.५ सार्वजनिक धारामा समायोजन ५८
७.६ दलितहरु माथिल्लो जातिको घरमा गएर भाँडा माझ्ने स्थिति ५८
७.७ दलितहरुको ठकुरी र मगरसँगको सम्बन्ध ५९
७.८ दलितहरुनै कमजोर भएको अवस्था ६०
७.९ छुवाछुका कारण कामी महिलाको सामाजिक आर्थिक अवस्थामा पारेको प्रभाव र परिवर्तन ६१
**अध्याय आठ : सारांश,निश्कर्ष र सुझाव**
८.१ अध्ययनको सारांश ६३
८.२ अध्ययनको निश्कर्ष ६५
**सन्दर्भग्रन्थ** ६९

**तालिका सूची** **पेज नं.**


तालिका १: मदनपोखरा गाविस भित्र पर्ने जनसंख्या विवरण २५
तालिका २: मदनपोखरा गाविसको जातिजनजातीको जनसंख्याको विवरण २६
तालिका ३: छोरा र छोरीलाई गरिने महत्वको विवरण ३०
तालिका ४: कामी जातीको शैक्षिक स्तरको विवरण ३०
तालिका ५:कामी जातीको शैक्षिक स्तरको विवरण (५ बर्षमाथि) ३१
तालिका ६: साक्षर महिलाहरुको शैक्षिक स्तरको विवरण ३२
तालिका ७: जन्मदरको संख्याको विवरण ३३
तालिका ८: स्वस्थ्य उपचार गर्ने विधि सम्बन्धि विवरण ३४
तालिका ९: कामको क्षेत्र र निर्णयमा लैंगिक स्थिति ३७
तालिका १०: कामी जातीको घरको प्रकारको विवरण ४१
तालिका ११: उत्तरदाता कामी महिलाहरुको पेशागत विवरण ४२
तालिका १२: पशुपंक्षीको विवरण ४३
तालिका १३: सर्वेक्षित परिवारमा भूमिको विवरण ४३
तालिका १४: खेतिपातीबाट हुने आम्दानीको विवरण ४४
तालिका १५: ऋण लिएको विवरण ४७
तालिका १६: ऋण खर्च गर्ने शिर्षकको विवरण ४८
तालिका १७: पैत्रिक सम्पत्तिमा छोरा छोरीको अधिकार माथिको विवरण ४९
तालिका १८: विद्यालयमा कामी विद्यार्थी प्रतिको व्यवहारको विवरण ५५
तालिका १९: छुवाछुतले काममा अप्ठेरो पर्ने उत्तरदाताको विवरण ५६
तालिका २०: दलितकोटा आवश्यक हुनुको कारणको विवरण ५६
तालिका २१: समाज परिवर्तनको विवरण ५७
तालिका २२: सार्वजनिक धारा छुन नदिनाको कारणको विवरण ५८
तालिको २३: माथिल्लो जातिको घरमा भाँडा माझ्नेको विवरण ५९
तालिका २४: भान्सा एउटै नबनाउनुको कारणको विवरण ६०
तालिका २५: दलित जातिको कमजोरीको प्रकार ६१

# अध्याय एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि :

भारतमा हिन्दु धर्मको थालनी हुँदा नेपालमा मङ्गोल मूलका विभिन्न जाति थिए । ईसाको प्रथम शताब्दीसम्ममा वर्ण व्यवस्था थिएन । ईसाको प्रथम शताब्दीदेखि भारतबाट बौद्ध र ब्राहमण धर्मीय शाक्य, विदेह, लिच्छवि, मल्लवंशीय शासक विभिन्न समयमा नेपाल आउन थाले । त्यस समयमा छुवाछूत सहितको वर्ण व्यवस्थामा आधारीत सामान्तवादी मुल्य - मान्यता र संस्कार बोकेर भारतबाट विभिन्न दिशाबाट हिन्दु धर्मका शासक तथा तिनका जनसमुदाय प्रवेश संगै नेपालमा पनि वर्ण व्यवस्था भित्रियो (आहुतिः २०६७:१५) ।

हिन्दु धर्मको वर्ण विभाजन अनुसार मानिसहरूलाई ब्राह्मण, क्षेत्रि, बैश्य, शुद्र गरी चार वर्णमा विभाजन गरिएको छ । ब्राह्मणहरू पठन पाठन र राज्य संचालन गर्न सल्लाह सुझाब दिने क्षेत्रिहरू शासन गर्ने युद्धमा लाग्ने र वैश्यहरू विभिन्न उत्पादन मूलक कार्य गर्ने र वाणिज्य व्यापार गर्ने र शुद्रहरू यी सबैको सेवाको काम गर्ने मान्यता हिन्दु धर्ममा रहेको पाइन्छ (शर्मा, २०५६) ।

शाषकहरूले शताब्दीयौं देखि वर्ण व्यवस्थामा आधारीत अन्यायपूर्ण र विभेदकारी नीति र परम्परालाई राज्य संचालनको आधार मानी हाम्रो समाजको ठूलो हिस्सा (दलित, महिला, जनजाति) लाई शिक्षा, सत्ता र सम्पत्तिबाट बञ्चित बनाएको यर्थाथता हामी सामु प्रष्ट रूपमा छ । यति हुदाहुदै पनि विद्यमान असमानता र विभेद हटाउन राज्यबाट समय-समयमा विभिन्न पहलहरू नभएका होइनन् । तर अप्रर्याप्तता र प्रभावकारी कार्यान्वयनको अभावका कारण वाञ्छित उपलब्धी हासिल हुन नसक्दा ती शोषित पीडित समुदायको जीवनस्तर अझ खस्केर गएको छ । त्यसमा पनि समग्र महिलाको २० प्रतिशत जनसंख्या ओगट्ने र दलित समुदायको आधा हिस्सा ओगट्ने दलित महिलाहरूको स्थिति त अत्यन्त दयनिय छ । दलित महिलाहरू एकातर्फ जातीय विभेदका कारण कथित उच्च जात लगायत जनजाति महिलाहरूबाट पनि उत्पीडित हुन परेको छ भने अर्कोतर्फ लैङ्गिक विभेदका कारण दलित समुदाय कै पुरुषहरूबाट पनि शोषित हुन परेको छ । यसरी लैङ्गिक विभेद र जातिय शोषणको दोहोरो उत्पीडन भोगीरहेका दलित महिलाहरू र दलित समुदायको उत्थान र विकासका लागि गरिएका सबै पहल र प्रयासबाट बञ्चित भएका छन् । (दलित महिला संघ, २०६६ : १) ।

पहाडिया दलित समुदाय मध्य कामी एक प्रमुख जाती हो । यी कामी नेपाल भरी पाइन्छन् यि कामीहरू पहाडिया अरु दलित भन्दा माथिल्ला जातका मानिन्छन् । यिनीहरू नेपालका पूर्व देखि पश्चिम सम्म छरिएर रहेको पाइन्छन् ।

हाल तराइमा पनि बसाई-सराई क्रम बढ्दो छ । यि जातिहरूलाई हिन्दु धर्म अनुसार परम्परागत रूपमा 'अछुत' अथवा पानी नचल्ने जात पनि भनिन्छ । यि जातहरू आफ्नै किसिमको परम्परागत पेशामा संलग्न भएका हुन्छन् । (Cox,1994;116) यो परम्परागत पेशा गर्ने आधारमा कामीलाई चार भागमा बाड्न सकिन्छ । (१) फलामको काम गर्ने कामी-

कामी (२) सुन चाँदीको काम गर्ने कामी- सुनार (३) भाडा बनाउने कामी- चुदरा (४) तावाँ ढलवटको काम गर्ने कामी- टवटा ।

नेपालमा किराँतकाल (इ.पू १५५५ वाट १००) मा किराँत आदि शास्त्र मन्धूम अनुसार चलेको समता मूलक समाज थियो । वर्ण जातपात जस्ता कुराहरू थिएनन् । भारतबाट नेपाल पसेका लिच्छवी मल्लहरू सँगै सो वर्ण व्यवस्था पनि पस्यो । सर्वप्रथम लिच्छवी काल (इ.स २००-८७९) मा वर्ण व्यवस्था आरम्भ भयो । भारतमा इ.स ४०० तिर जन्मिएको जातिय छुवाछूत प्रथा मध्यकाल (इ.स ८७९-१७६८) मा नेपाली भू-भागमा खुब विकसीत भयो । काठमाण्डौंका राजा जयस्थिति मल्ल (इ.स १३६०-१३९५) ले ४ वर्ण ३६ जात र ७२५ उपजात र गोरखाका राजा राम शाहले (इ.स १६०५-१६३६) ले ४ वर्ण २६ जातको सामाजिक रितीरिवाज चलाएर जातपात छुवाछूतलाई बलियो बनाए (विश्वकर्मा, २०५४) ।

सुरुमा धर्म र धार्मिक ग्रन्थका आधारमा सुरुवात र विकास भएको जातिय व्यवस्थालाई नेपालमा विक्रम संवत १९१० को मुलुकी ऐन द्धारा कानूनी आधार दिएर अझ बलियो पारेका थिए । बि.सं. २०२० को मुलुकी ऐन, २०४७ सालको संविधान , २०४९ सालमा मुलुकी ऐनको अदलको १०(क) को व्यवस्था, २०५८ सालको तत्कालीन प्रधानमन्त्री शेर बहादुर देउवा ८ बुंदे घोषणा, २०६० सालको छुवाछूतको मुद्धालाई सरकारवादी बनाउने कदम, २०६३ को प्रतिनिधि सभाको “छुवाछूत मुक्त” घोषणा आदि भएको सरकारी प्रयासको रुपमा लिन सकिन्छ (बि. के.,२०६३)

वि. सं. २०६३ मा (सातौं संशोधन) निर्मित अन्तरिम संविधान भित्र जातिय विभेद विरोधी बुदाँहरु समानताको हक - धारा १३ मा निम्नानुसार उल्लेख गरिएको छ :

(१) सबै नागरीक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको संरक्षणबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरीक माथी धर्म, वर्ण,लिंग, जात, जाति, उत्पति, भाष वा वैचारीक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरीकका बिच धर्म,वर्ण, जात, जाती वैचारीक आस्था वा ती मध्ये कुराको आधारमा भेदभाव गर्ने छैन तर महिला, दलित, आदिबासी, जनजाती, मधेशी वा किसान मजदुर वा आर्थिक सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडीएको वर्ग वा बालक, बृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसीक रुपले असक्त व्यक्तिको संरक्षण शसक्तिकरण वा विकासको लागि कानुन द्धारा विशेष व्यवस्था गर्न रोक लगाएको छैन ।

(४) समान कामका लागि महिला पुरुषका बिच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन ।

त्यसैगरी धारा १४: छुवाछूत तथा जातिय भेदभाव बिरुद्धको हकमा निम्न अनुसारको व्यवस्था गरिएको छ ।

(१) कुनै व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमका छुवाछूत तथा जातिय भेदभाव गरिने छैन यस्तो भेदभाव पूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुन द्धारा निर्धारण भएबमोजीमको क्षतिपूर्ति पाउनेछ ।

(२) कुनै पनि व्यक्तिलाई जातजातीको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरु प्रयोग गर्नबाट सार्वजनिक स्थलमा प्रवेश गर्न वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट बञ्चित गरिने छैन ।

(३) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा वा वस्तु कुनै खास जातजातीको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधाको कुनै खास जात, जातीको व्यक्तिलाई मात्र बिकी वितरण गरिनेछैन ।

(४) कुनै जात जाती वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरुको समूहहरुको उचनिच दर्साउने जात जातीको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातिय विभेदलाई कूनै पनि किसिमले प्रोत्साहन गर्न पाइनेछैन ।

(५) उपधारा (२),(३) र (४) विपरीतको कार्य कानुन बमोजिम दण्डनीय हुनेछ ।

नेपालको वि.सं. २०५८ को राष्ट्रिय जनगणनाका अनुसार नेपालको कुल जनसंख्या २,३१,५१,४२३ करोड मध्ये कामीहरूको जनसंख्या ८९५९३७ रहेको छ । त्यस मध्ये कामी महिलाहरूको जनसंख्या ४३२९३७ र पुरूषको जनसंख्या ४६३०१७ रहेको छ (केन्द्रिय तथ्यांक विभाग, २०५८)

पाल्पा मदनपोखरा गा.वि.स. मा कामी जातिका बसोबास भएकोले यसमा कामी महिला जातिमा सामाजिक, आर्थीक अवस्थामा छुवाछूतले पारेको प्रभाव र सहरीकरण औद्योगिकरणले यहाँका कामी महिलाहरूको जीवनमा के कस्ता प्रभाव र परिवर्तनहरू ल्याएको छ भन्ने विषयमा केन्द्रित रहेको छ ।

## १.२ समस्याको कथन :

२०४७ को संविधानमा कसैले पनि सार्वजनिक स्थलहरुमा छुवाछूतको व्यवहार गर्न नपाईने र गरेमा दण्डनीय हुने प्रावधान राखीएको छ । संविधानको धारा ११ (४) मा कानुनले कसैलाई पनि विभेद गर्ने छैन तर सामाजिक आर्थिक र शैक्षिक रुपले पछाडी परेका समुहको उन्नति को लागि कानुन द्धारा विशेष व्यवस्था गर्न सकिने छ भन्ने प्रावधान छ तर यो लागु हुन सकेको छैन (दलित गैरसरकारी संस्था महासंघ २०६५ : ९) ।

हिन्दु धर्मको वर्ण विभाजन अनुसार मानिसहरूलाई वाडिएको चार वर्ण मध्ये तल पारिएको एक वर्ण हो शुद्र जसलाई हाल दलित पनि भन्न थालिएको छ (झा, २०५७) । हिन्दु धर्म अनुसार कामी जाती अछूत; पानी नचल्ने जात मध्ये एक जातको रूपमा चिनिन्छ । नेपालको पहाडी भागमा छरिएर रहेका यस जातको आफ्नै किसिमको परम्परागत पेशा हुन्छ । फलामको काम, कृषि औजार बनाउने, मर्मत गर्ने, धातुका काम गर्ने, काठको ठेका

ठेकी बनाउने, सुन चाँदी गरगहना बनाउने, बिक्री तथा वितरण गर्ने यिनीहरूको परम्परागत पेशा हो (Cox,1994) ।

मध्यकालमा (१२८०-९५) काठमाण्डौंका राजा जयस्थिति मल्लको पालामा राज्यले सामाजिक स्थिति बाध्ने क्रममा नेपाली समाजलाई गर्ने गरेको कामको आधारमा चोखो जात र अछुत जात भनेर वर्गिकरण गरेको थियो । तत्पश्चात चोखो जातलाई ('ठूलो जात' र अछुत जातलाई 'सानो जात' भन्न थालियो । यस्तो जातिगत सिद्धान्त र तदनुरूप व्यवहार मनुस्मृतिको सिद्धान्तमा आधारीत थियो ( विष्ट, १९९१) ।

नेपाल राज्यको हरेक भाग हिमाल देखि मधेश, महाकाली देखि मेची सम्म जहाँ गए पनि पाइने जात बाहुन क्षेत्री पछि थोरै संख्यामा रहे पनि झण्डै बाहुन क्षेत्री झै छरिएर बसेको जात दमाई कामी पनि हो (बिष्ट, २०३३:१७)

नेपाली समाजको ज्यादै मर्मस्पर्शी र अमानवीय पक्ष परापूर्वकाल देखि विद्यमान छुवाछूत प्रथा हो । विकासको क्रममा विभिन्न सभ्यता र संस्कृतिमा मानव-मानव बीच भेदका अनेक आधार खडा भई एक वर्ग वा समुदायको अर्कालाई छालाको रङ्ग पेशा, सम्पत्ति वा खास धर्मप्रति आस्था जस्ता आधारमा ठूलो-सानो, सभ्य-असभ्य मान्ने प्रचलन चलेको पाइन्छ । प्राचीन कालदेखि नै पेशागत आधारमा विभक्त नेपाली समाजमा जातिय संस्कारगत कट्टरस्वादिता बलियो हुँदै गई जात-जाति बीचका सम्बन्धहरूलाई पेशा, खानपान, रहनसहन र जन्मले निर्धारीत क्रियाकलाप जातिहरू बीच सिमित गरी सामाजिक अन्तरक्रियालाई सीमाबद्ध गरीयो । केही जातिहरू शुद्ध र विशिष्ट मानियो भने अरू जाति अशुद्ध मानिए ।

नेपालमा जातिगत विभाजन राजा जयस्थिति मल्लको पाला देखि भएको पाइन्छ । उनले काम तथा श्रमको आधारमा तत्कालीन समयमा सामाजिक व्यवस्थाको रुपमा कायम गरेको थिए । यसरी यो व्यवस्था बलियो रुपमा कायम भएपछि अझ प्रवल रुपमा जातिय विभेद हुनथाल्यो । वि.सं. १९१० को मुलुकी ऐनले यसलाई कानुनी वैधता प्रदान गर्ने प्रयास गरी अझ कसिलो बनाइदिएको छ । यस्तो जातिगत विभाजनको सन्दर्भमा उत्पत्ति भएता पनि वर्तमान समयमा यो सामाजिक विभेदको रुपमा देखापरेको छ ।(राष्ट्रिय दलित आयोग, २०६४:११)

फलस्वरूप दलित जातिहरू समग्र रूपमा पछाडी रहेको अवस्थामा महिला वर्गहरू विकास प्रक्रियामा पछाडि रहिरहेको यर्थातता एकातिर छदैछ भने अर्कोतिर दलित महिलाहरूको सामाजिक, आर्थिक अवस्था र यसमा छुवाछूतले कस्तो प्रभाव पारेको छ र परिवर्तन कस्तो देखा परेका छन् भन्ने विषयलाई समस्याको रूपमा राखी अध्ययन एंव विश्लेषण गरिएको छ । यस मदनपोखरा गा.वि.स का कामी जातिका महिलाहरूको सामाजिक, आर्थिक अवस्था र परिवर्तन विषयमा विशेष गरि निम्न शोध समस्याहरूसँग सम्बद्ध भएर यो शोध तयार गरिएको छ ।

- कामी जातिका महिलाहरूको सामाजिक, आर्थिक अवस्था शिक्षा, स्वास्थ्य, परम्परागत, परिवारको आकार, राजनीतिक, पारीवारिक निर्णय प्रक्रियामा कस्तो किसिमको सहभागिता रहन्छ ?

➢ कामी महिलाहरूको सामाजिक आर्थिक अवस्थामा छुवाछूतले पारेको प्रभाव र परिवर्तनको लागि कस्तो कार्यक्रमहरू उपयुक्त हुन सक्दछन् ।

➢ कामी महिलाहरूको सम्पत्तिमा अधिकार, पेशा, पेवा, पशुधन तथा दैनिक कार्य प्रणाली कस्तो छ ?

## १.३ अनुसन्धानको उद्देश्य :

यस अध्ययनको उद्देश्य दलित महिलाहरूको सामाजिक, आर्थिक अवस्थामा छुवाछूतले पारेको प्रभाव र परिवर्तनको पक्षको अध्ययन गर्नु रहेको छ । यसर्थ यो उद्देश्य पूरा गर्नका लागि विशिष्ट उद्देश्य राखिएको छ ।

१. समुदायका अन्य जातजाति तथा जनजातिहरूले कामी महिलाहरूमा गरिएको छुवाछूतले पारेको प्रभाव विश्लेषण गर्नु ।

२. छुवाछूतको अवस्थामा आएको परिवर्तन अध्ययन गर्नु ।

## १.४ अनुसन्धानको महत्व र सान्दर्भिकता :

बहुजातिय नेपाली समाजमा अझै प्रशस्त समाजशास्त्रिय मानवशास्त्रिय अध्ययन र व्याख्याको खाँचो ज्वलन्त रूपमा छन् । विभिन्न खालका पछाडि परेका, समुह, समुदाय, जातजातिहरूको प्रसस्त अध्ययन अनुसन्धान भईरहेता पनि कामी जातिको अझै पर्याप्त मात्रामा अध्ययन अनुसन्धान गर्नुपर्ने देखिन्छ । कामीहरूलाई लक्षित गरि अध्ययन, अनुसन्धान गर्नुपर्ने विषयहरू अझै धेरै छन् । कामी जातिको विभिन्न खालका चुनौति र समस्याहरूको समाधानका लागि अझै प्रशस्त समाजशास्त्रिय मानवशास्त्रिय अध्ययनको खाँचो देखिन्छ ।

नेपालका महिला सम्बन्धी प्रकाशित पुस्तक, लेख, रचनाहरूमा दलित महिलाहरूको बारेमा कमै मात्रामा उल्लेख गरेको पाइन्छ । यस अध्ययनबाट पनि सम्पूर्ण दलित महिलाहरूको अवस्थालाई प्रतिनिधित्व गर्न त सक्दैन तर दलित भित्र पनि पछाडि दलित जाति अर्न्तगत रहेका कामी जातिका महिलाहरूको जनजीवन बारे जानकारी लिन भने मद्दत पुऱ्याउन सक्ने छ । यस शोधकार्य विशेष गरी मदनपोखरा गा.वि.स का कामी जातिका महिलाहरूको बास्ताविक सामाजिक, आर्थिक परिचय गराउनु प्रमुख महत्व रहनेछ यस शोधबाट भविष्यमा कामी जातिका महिलाहरूको अवस्थासँग सम्बन्धित सहयोग पुग्न सक्नेछ भन्ने आशा राखिएको छ ।

समाजशास्त्रिय वा मानवशास्त्रिय दृष्टिकोणमा समाजमा रहने दलितहरूको अध्ययन एउटा महत्वपूर्ण अध्ययन हो । यस्ता अध्ययनहरूले स्थानिय समाजको स्वरूप, दलित कामी महिलाहरूको भूमिका सामाजिक तथा आर्थिक स्थिति छुवाछूतले पारेको प्रभावको स्थितिको जानकारी गराउनको साथै अल्पसंख्यक दलित कामी महिलाहरूको संरक्षण विकासका लागि पथप्रर्दशकको रुपमा काम गर्दछ । यस अध्ययन गर्नुको महत्वहरू :

क. अध्ययन क्षेत्रका कामी महिलाहरूमा छुवाछूतले पारेको प्रभाव थाहा पाउनु ।

ख. यो अध्ययनबाट दलित कामी महिलाहरूको अध्ययन अनुसन्धानमा चासो राख्ने स्वदेशी विदेशी अनुसन्धानकर्तालाई सहयोग हुनेछ ।

ग. कामी जातिहरूको स्वास्थ्य, शिक्षा, पेशा आदि वारेमा जानकारी प्राप्त गर्न सकिनेछ ।

घ. नीतिगत व्यवस्था र शैक्षिक महत्व वारे जानकारी प्राप्त गर्न सकिने छ ।

# अध्याय दुई
# सम्बन्धित साहित्यको अध्ययन

## २.१ कामी :

"कामी" नेपालको पहाडिया दलित समुदाय मध्येको एक प्रमुख दलित जाति हो । यी कामी जाति नेपालको पहाडि मुलूकमा पूर्व देखि पश्चिम सम्म रहेका छन् । सुरू-सुरूमा ग्रामीण क्षेत्रहरूको पेशागत आवश्यकता पूरा गर्ने हिसाबले प्राय सबै गाउँहरूमा सीमित संख्यामा कामीहरूलाई पनि राखिने गरिन्थ्यो (शर्मा, २०५७:११९) । हाल बढ्दो औद्योगिकरण, शहरीकरण, अत्याधीक जनसंख्याको वृद्धि, अत्याधिक श्रम शोषण, कम परिश्रमिक, छुवाछूत तथा सामाजिक भेदभाव र उनीहरूको परम्परागत पेशाको बालिघरे प्रथाबाट मात्र उनीहरूलाई आफ्नो दैनिक आवश्यकता पूरा गर्न पनि मुस्किल पर्दै गएका कारणले कामीहरूको सहर तथा तराईतिर वसाई सर्ने क्रम पनि बढ्दो छ ।

नेपाली वृहत शब्दकोष अनुसार 'कामी' भनेको मनमा कुनै कामना भएको कुनै काम कुराको चाहना गर्ने, वा फलामको काम गर्ने एक जाति 'लोहार' लोहकार भनिएको छ । त्यसैगरि सुरक्षाको लागि आवश्यक पर्ने हात हतियार मानिसहरूलाई बाच्न अति आवश्यक पर्ने अन्न उत्पादन गर्ने, चाहिने औजार आदि तयार गर्ने समुहलाई विश्वकर्म तथा कामी भन्ने गरिएको छ । विश्वकर्मालाई सिर्जनशिल, विकास निर्माणका प्रमुख देवताका रूपमा हिन्दु सांस्कृतिले मान्यता प्रदान गरेको छ । (सापकोटा, २०५७:७८) ।

यी कामी जातिले हिन्दु समुदायका अन्य जात जातिहरूले जस्तै धार्मिक संस्कार, कर्म, चालचलन तथा चाडपर्व मान्दछन् । यिनीहरूले प्रदान गर्ने सिपमूलक सेवाको हिसावले अरू जातिलाई नभै पनि हुदैन । तैपनि यी कामी जातिलाई सामाजिक रूपले निकै अपहेलित हेयको दृष्टिले छुवाछूत गरिने सार्वजनिक स्थल जस्तैः मठ मन्दिरमा प्रवेश गर्न नदिने जस्ता कठोर सामाजिक भेदभाव गरेको पाइन्छ । कामी जातिलाई शुद्र जातिको रूपमा हेरि मनुस्मृतिबाट शोशित हिन्दु धर्मका वर्णाक्रम व्यवस्थाको कारण यि दलित कामी जातिलाई विभिन्न आर्थिक, धार्मिक तथा शैक्षिक तथा राजनैतिक अवसरहरूबाट बञ्चित गराइएका कारणले यिनीहरू विकासको मूल प्रवाहबाट हरेक पक्षमा पछि परेका छन् । (नेपाली, २०५७:४१) ।

## २.२ साहित्यको पूनरावलोकन :

हिन्दु नेपाली अनुसार अछुत, पानी नचल्ने जातको रूपमा लिइने यी दलित समुदायलाई पेशागत जातको रूपमा पनि लिइन्छ यिनीहरूले कथित माथिल्लो जातका मानिसहरुलाई छोएमा पानीले छिटो लिइ चोखिने चलन छ । दलितहरूलाई अरू जात सहर छन् भित्र पस्न नदिने, छोएको, पकाएको नखाने, सार्वजनिक स्थल मन्दिर भित्र पस्न नदिने जस्ता चलन नेपाली हिन्दु समाजमा अझै विद्यमान छन् (Cox, 1994:94) ।

शुद्र अछुत जातिहरू कामी, दमै, सार्की, गाइने चमार, पोडे जस्ता विभिन्न शब्दहरूबाट चिनिन्छन् । यसरी हिन्दु वर्णाश्रम व्यवश्था अनुसार सबैभन्दा तल्लो दर्जा

दिएको शुद्रलाई हाल विश्वव्यापी रूपमा स्वीकारीएको संयुक्त नाम हो 'दलित' । यसलाई नेपाल र भारतमा लिने गरिन्छ । दलितको मूल शब्द 'हिब्रु' भाषाको 'दल' बाट लिएको हो । जसको अर्थ हुन्छ 'दर्वाइएको' फुटाईएको ( विश्वकर्माको, २०५४ : ११) ।

वर्णभेदको आधार रंग, जात र श्रमलाई बनाइएको पाइन्छ । समय निश्चित गरेर भन्न नसकिए पनि सभ्यताका विभिन्न कालखण्डहरूमा छुवाछूत र जाति विभेद प्रथा घृणित रूपमा जटिल बन्दै आएकोमा वर्तमान समयमा जोडदार आवाज उठाउँदै आएको छ । ( वि.के., तथा अन्य, २०६३: १) ।

वेद, पुराण, गीता, रामायण, चाणक्य नीति र मनुस्मृतिलाई आफ्नो धार्मिक ग्रन्थ मान्ने नेपालका कट्टर हिन्दु पण्डितहरूले राज्य संचालनको क्रममा कानुनको अभावमा राजालाई सल्लाह दिने हुनाले दलितको जीवन पशु सरह कष्टकर बनाइदिए । धार्मिक ग्रन्थको आधारमा नेपाली समाजमा शिर उठाइरहेको जाति प्रथालाई ब्यूँताएर अझ बलियो विकसित हुन सहयोग गर्ने राजा जयस्थिति मल्ल हुन् । उनले ब्राम्हणहरूलाई राज्य संचालनको घोषणा पत्र तयार गर्न लगाई त्यसलाई लालमोहर लगाएर मान्यता प्रदान गरेपछि दलितको जीवन झन कष्टकर बन्न पुग्यो (विश्वकर्मा, अन्य, २०६३ : २) ।

नेपालमा जातिय भेदभावको सुरूवात राजा जयस्थिति मल्लले चौधौ शताब्दीमा काठमाण्डौं उपत्यकाको नेवार समाजको पूनसंरचना गरेपछि सुरू भएको हो । निम्त्याइएको पाँच जना ब्राम्हण विशेषज्ञहरूको राय सल्लाह अनुसार नेवार समाजलाई पेशा अर्थात श्रमको विभाजनका आधारमा ६४ जातमा बाँड्ने काम भएको थियो । पछि भारतको जातिय भेदभावको बढ्दो प्रभावले गर्दा जातिय भेदभाव बढेर पोडे, च्यामे, कुसुले, कसाई जस्ताहरूलाई कथित तल्लो जातको व्यवहार गर्न थालियो । १०४ वर्ष लामो जहाँनिया राणा शाषकका प्रवर्तक जंग बहादुर राणाले वि.सं. १९१० मा जारी गरेको मुलुकी ऐन द्वारा नेपालका आदिवासी जनजाति र मुसलमान लगायतका सबै जात जातिलाई चार वर्णको ढाँचामा निम्न बमोजिमको चार श्रेणीको जात व्यवस्थामा विभाजन गर्ने काम भयो ।

१. तागाधारी वा द्विजवर्णः उपाध्याय बाहुन, पूर्विया, कुमाई, राजपुत, जैसी, क्षेत्री ।

२. मतवालीः नमासिने, मासिने ।

३. पानी नचल्ने, छोइछिटो नहाल्नुपर्ने : मुसलमान, मधेशका तली, कसाई, कुसुले, धोवी, कुलु, म्लेच्छ र चुडारा ।

४. पानी नचल्ने, छोइछिटो हाल्नुपर्ने : सार्की, कामी, सुनार, चुनारा, हुड्के, दमाई, गाइने, बडिभाड, पोडे र च्यामखलक ।

चार वर्ण, जन्मको आधारमा जातको हैसियतको निर्धारण, उचनिच, चार वर्ण, जन्मको आधारमा जातको आधारमा श्रमको विभाजन जात व्यवस्थाका मूख्य विशेषताहरू हुन् ( भट्टचन, २०६५ : १४) ।

समाजशास्त्री म्याक्स वेबरका अनुसार सम्मान र सुविधामा तथा वर्ग आर्थिक व्यवस्थामा आधारीत हुन्छ । वर्ण चार किसिमको छ : ब्राह्मण, क्षेत्रिय, वैश्य र शुद्र । दलित अध्ययता याम बहादुर किसानले भारतीय उपमहाद्वीपमा वर्ण व्यवस्था जन्मनुका नौ वटा सिद्धान्तहरू उल्लेख गरेका छन् ।

२००७ साल भन्दा अगाडि नेपालमा दलित समुदायको बारेमा खासै अध्ययन, अनुसन्धान तथा प्रकाशन भएको देखिदैन । २००७ सालपछि २०४६ साल सम्म नगण्य मात्रामा भएको देखिन्छ । २०४६ सालको प्रजातन्त्रको प्रकाशनमा तिब्रता हुदै आएको छ । स्वयं दलित समुदायको सक्रियतामा र विभिन्न गैर सरकारी संघ संस्थाको तर्फबाट दलितहरूको विभिन्न सवालहरूमा अध्ययन, अनुसन्धान भै लेख, रचना, प्रतिवेदन, पत्र पत्रिका प्रकाशन भएको पाइन्छ (ओझा २०५८:८) ।

महाभारत/शान्तिपर्व (१०६/३०) मा उल्लेख भए अनुसार मानिस मानिस बिच भेदभाव र असमानताको व्यवहार थिएन ।  लिग पूराणका अनुसार त्रेता युगमा वर्णाश्रम व्यवस्था दक्षिण भारतबाट सुरू हुन गयो । उत्तर वैदिक कालमा पूषा नामका ऋषि शुद्र भएपनि अन्य ऋषि सरह समान सम्मान र कदर थियो । द्वापर युगमा कृष्णले पनि गीतामा विद्या मै छ महाशक्ति कर्ममै छ सुपूजन भनेर कर्म वादमा बढी विश्वास दिलाएका छन् । पुराण कालमा आएर जातको आधार आचरणलाई देखाइएको छ । यदि खराब आचरण छ भने ब्राम्हण पनि शुद्रको दर्जामा पर्दछ । र मनुस्मृतिले शुद्र त जातिलाई अपमानित गर्न पुगेको छ (जनउत्थान प्रतिष्ठान, २०६३ : १)

हिन्दु वंशानुक्रममा सबै भन्दा तल्लो दर्जा पाएको शुद्र जसलाई हाल दलित भन्न थालिएको छ । तिनिहरूलाई कयौं पिढीदेखि अछूत मानि सामाजिक फाइदाबाट बञ्चित राखिएको थियो । तसर्थ अहिलेको सन्दर्भलाई हेर्दा दलित भन्नाले वि.सं. २०२० भन्दा पहिले कानुन त पानी नचल्ने जातमा दरिएका शैक्षिक एंव राजनैतिक आर्थिक, सांस्कृतिक, सामाजिक, वैचारिक रूपले पछाडि परेका, समाजको सवभन्दा तल्लो स्तरमा बस्ने सबैबाट हेला गरिएका, आफ्नो अमान्य र उत्पीडनलाई चुपचाप सहेर बसेका, विश्वभर चलिरहेको स्वतन्त्रता र समानताको जागरण र चेतनाबाट पर रहेका कुनै प्रकारका सहयोग नपाएका, सामाजिक आन्दोलन प्रति वेखबर रहेका वर्गलाई जनाउँछ (झा, २०५७:५३) ।

सामाजिक, आर्थिक तथा धार्मिक रूपबाट शोषित तथा उत्पीडित दलित समुदायको कुनै महिला वा पुरूषले कुनै गैर दलित महिला वा पुरूषसँग विवाह गरी र उनीहरूबाट जन्मेको सन्तानलाई अछूत तथा दलित नै बनाउने सामाजिक परिवारले पनि यस अवस्था सृजना भएको हो । यसरी सृजना भएको जातलाई शासक तथा भद्र भलादमी र ठूला वडाहरूको आफ्नो मन परेमा उक्त जातिलाई माथी लाने र मन नपरेमा जात घटाई राखिदिने चलन पनि हाम्रो नेपाली समाजमा विद्यमान रहेको छ । (वि.क. २०५४ : २६) ।

हिन्दु धर्म अनुसारको सांस्कृतिक नियममा चल्दै, पालना गर्दै आफ्नो संस्कार चलाउँदै आएका दलित समुदायहरू विच पनि ठूलो सानो जात भन्ने छोई छिटोको भेदभाव जस्ता कुप्रथा निकै बढि विद्यमान रहेको छ । जसले गर्दा दलित/अछुत समुदायहरूलाई अगाडि बढ्न अझै थप समस्या परेको छ (शर्मा, २०५७ : ११७) जन्म, मृत्यु, विवाह हिन्दु धर्मको संस्कार अनुसार गर्ने यी दलितहरूको थर, गोत्र कथित ठूला जात ब्राह्मण, क्षेत्रिका थर,

गोत्रसँग मिल्ने गरेको पाइन्छ । कुनै समुदायमा बस्याल थर भएको ब्राहमण हुन्छन् भने कतै कुनै समुदायमा बस्याल थरको सार्की पनि पाइन्छ । त्यसै गरी खाती भएको क्षेत्री पनि हुन्छन् भने, कामी पनि हुन्छन् । यसबाट स्पष्ट हुन्छ कि दलितहरू विभिन्न कारणले गर्दा कथित माथिल्लो जातबाट कथित अछुत । दलित जातमा झारिएका हुन् (दलित सेवा संघ, दलित महिला संघ, १९९४ : ४) ।

दलितको प्रति व्यक्ति आय ३९.६ डलर मात्र छ । जबकी राष्ट्रिय स्तरमा प्रतिव्यक्ति आय २१० डलर छ । सम्पूर्ण खेति योग्य जमिनमा १ प्रतिशत मात्र दलितको स्वामित्वमा छ । कूल दलितमा १०.७ प्रतिशत मात्र साक्षर छन् । राजनैतिक पँहुच अति नगन्य मात्रामा छ । नीति निर्माण कर्ताहरूमा दलित प्रतिनिधि प्राय सुन्य नै छ । ५८ वर्ष नेपालीको सरदर आयुमा दलितको ४२ वर्ष मात्र छ (नेपाली, २०५७ : ३७) ।

कुनै पनि मानिस जन्मै देखि यो जात ऊ जात भनेर जन्मिएको हुँदैन । वास्तवमा जात उसको कर्मको आधारमा निर्धारण हुन्छ । त्यसैले भन्दछन् कि “जन्मना जायते शुद्र कर्मणा द्विज उजयते” अर्थात मानिस जन्मदा शुद्रको रूपमा जन्मन्छन् उसको कर्मको आधारले नै जात कहलाउँछ । जन्मसिद्ध कोही पनि ब्राह्मण हुँदैनन् । उसको साधना र संस्कारले मानिसहरू ब्राम्हण कहलाउँछन् । ब्राम्हण भएर पनि उसले निच, घृणित कार्य गर्दछ भने उसलाई ब्राम्हण भन्न मिल्दैन (भट्टराई, २०५७ : ६) ।

शुद्रहरूलाई गरिने सामाजिक भेदभाव पनि ठाउँ र समुदाय अनुसार फरक-फरक पाइएको छ । कँही त्यही समुदायलाई छुत मानि व्यवहार गरिएको छ भने कँही त्यही समुदायलाई अछूत पनि मानिएको छ । जस्तो कि वैतडी जिल्लामा कुमाललाई पनि अछूतको रूपमा व्यवहार गरिन्छ । अन्यत्र छुतको रूपमा हेरेको पाइन्छ । त्यसै गरि कपाली र कसाइलाई काठमाण्डौं उपत्यका भित्र अछूतको रूपमा लिइएको छ भने उपत्यका बाहिर यिनीहरूलाई छुतको रूपमा लिइन्छ । यी कुरा समाज अनुसार रहेको छ (विश्वकर्मा, २०५४ : २७) ।

राष्ट्रिय दलित आयोगले पहाडका पाँच र मधेशका सत्र दलित जातहरुको पहिचान गरेको छ । दलितका जातहरुमा सबैभन्दा कम थरहरु कोरी जातीय समुदायको र सबैभन्दा धेरै थरहरु दमाई जाती समुदायमा छन् । दलित र गैरदलित तथा दलित दलित बिच हुने जातिय भेदभाव मध्ये दलित बीच हुने भेदभाव बढी जटिल छ । दलित आन्दोलनकर्मीहरु दलितहरुको जनसंख्या नेपालको कूल जनसंख्याको एक चौथाई रहेको दाबी गर्दछन् तर वि.सं. २०५८ को जनगणना अनुसार दलितहरुको जनसंख्या १४.९ प्रतिशत मात्र छ । एक लाख भन्दा बढी जनसंख्या भएको पाँच दलित जातिय समुदायहरु पहाडका कामी र दमाई तथा तराईका चमार/हरिजन/राम, मुसहर, दुसाध/पासवान/पासी हुन । जनगणना अनुसार कामी नेपालका पचहत्तरै जिल्लामा बसोबास गर्ने एक मात्र दलित जातिय समुदाय हो ( भट्टचन,२०६५:२) ।

नेपालमा यी पानी नचल्ने, अछुत भनि विभिन्न सामाजिक भेदभाव गरिने, अवसरबाट बञ्चित भएका, हेयको दृष्टिकोणले हेरिने दलित जातिहरू ५० वटा भन्दा बढि छन् । यी दलित जातिहरू ठाउँ अनुसार अलग-अलग समुदायमा रहेको पाइन्छ । यि दलित समुदायलाई तराई दलित पहाडि दलित समुदाय, हिमाली दलित समुदाय र नेवार दलित समुदाय गरि ४ दलित समुदायमा विभाजन गरेको पाइन्छ (ईन्सेक: १९९२) ।

तराई दलित समुदाय अर्न्तगत निम्न जातिहरू पर्दछन् : अधोरी, करोरी, किच्चक, किसान, कोचे, खातै, चमार, चिडीमार, जूडिहार, झौंगड, झांगर, खरुवा, बकला, बुजिरा, वेखे, डोम, तत्मा, ताती, तुरी, दुसाध, धूनिया, धोवी, नट, यमरिया, पासवान, वातर, भिल्ल, भूइया, भिरशिकार मुण्डा, मुसहर, रचवार, शरभेण, शाइ, सतार, हलखोर आदि ।

नेवारी दलित समुदायमा :- कसाइ, कुसुले, च्चामे, पोडे, धोवी पर्दछन् ।

पहाडि तथा हिमालीमा :– कामी, दमै, हुडके, गाइने, वादी, डोले, कुमाल आदि रहेका छन् (इन्सेक, १९९२) ।

सामान्य रूपमा पहाडि क्षेत्रका दलित भन्नाले दमै, कामी, सार्कीलाई लिइन्छ । यिनीहरू नेपालको पहाडी भागमा पूर्व देखि पश्चिम सम्म रहेका छन् ।

यिनीहरूको आर्थिक स्थिति बिग्रदो छ । आफ्नो परम्परागत पेशाबाट गुजरा चलाउन धौ-धौ परिरहेको कारणले अरू पेशाहरूमा लाग्न बाध्य भएका छन् (शर्मा, २०५७ : ११९) । तैपनि यि समुदायहरू आफूले गर्दै आएको पेशाबाट ग्रामिण समुदायलाई सेवा प्रदान गरिरहेका छन् ।

## २.३ सैद्धान्तिक दृष्टिकोण :

विश्वव्यापी रूपमा लैङ्गिक असमानता भएको पाइन्छ । जेन्डर भन्नासाथ सामाजिक सांस्कृतिक रूपले निर्माण भएको अवधारणा हो र हरेक समाजमा महिला पुरूषले निर्वाह गर्नुपर्ने भूमिका फरक-फरक निर्धारण गरिएको हुन्छ । समाजद्वारा निर्मित सामाजिक लिङ्ग जन्मजात विभेद भएर आएको होइन महिलालाई अधिनस्थ गराउने पितृसत्तात्मक सामाजिक संरचनाको सोच हो (भासिन, २००२) ।

महिलावादी आन्दोलनको इतिहास धेरै लामो नभए पनि सन् १९७० देखि मात्र यो एउटा सामाजिक मुद्दाको रूपमा देखा पर्‍यो । सन् १९७० पछि यस विषयमा प्रशस्त आवधिक खोज अनुशन्धान भएको पाइन्छ । Gender भनेको कुनै जैवकिय अवधारणा नभै केवल नारीवादी सोच र एकै तहबाट बढि प्रभावित आदर्श हो । यो सोच र धारणा आमूल परिवर्तनकारी सोचबाट सन् १९६० मा विकसित भएको हो (Keller : 1996) ।

दलित महिलाका विषयमा कुरा गर्दा सिङ्गो महिला आन्दोलन र सिङ्गो दलित आन्दोलनले यसलाई सम्बोधन गर्न सकेको देखिदैन । पितृसत्तात्मक सामाजिक संरचनामा दलित महिला अन्य महिला भन्दा अत्यन्त तल्लो स्तरमा छन् भने जातिय छुवाछूत जस्तो कुसंस्कारको मारमा सबैभन्दा बढी दलित महिला नै परेको पाइन्छ । यसरी जातिय छुवाछूत र लैंगिक विभेदको दोहोरो शोषणमा परेका दलित महिलाहरु माथि समाजमा तेस्रो दर्जाका नागरिकको रुपमा व्यवहार गरिन्छ (दलित महिला संघः २०६७ः ६) ।

१९८० सम्मका नारीवादी सिद्धान्तमा महिला र पुरूष बीचमा विभेद सामाजिक संरचनामा भएको असमानता, परिवारको संरचना र वर्गिय रूपमा गरिएको दमनको उपज

मानिएको थियो । १९८० पछि लैङ्गिक अध्ययन सामाजिक र सांस्कृतिक विविधता अनुसार फरक हुने गर्दछ । समाजमा ब्याप्त रहेको जाति जनजाति समाजमा सिर्जित वस्तुहरू र सेवाको फरकपन हुने गर्दछ । यस्तो तत्वहरूले लैङ्गिक स्तरीकरण सँग अन्तरक्रिया गर्ने गर्दछन् । त्यसैले संसारको सबै भाग र सबै संस्कृतिका महिलाहरू माथि हुने दमनको यथार्थ चित्रण एकै स्वरूपमा गर्न संभव छैन भन्ने सिद्धान्त तेस्रो धारको रूपमा जन्म भयो जून अहिलेको लैङ्गिक विश्लेषणको सार्न्दभिक सिद्धान्तको रूपमा रहेको छ (Keller : 1996) ।

पुरूष प्रधान सामाजिक संरचनाबाट सबै समुदाय समाजका महिला पीडित छन् तर नेपालको सन्दर्भमा महिला बीच पनि सामाजिक रूपमा स्तरीकरण रहेको छ सबै महिलाको स्तर एकरूपता छैन । यसलाई पनि अध्ययन गर्न जरूरी छ । जस्तै : ग्रामिण र शहरी महिला, शिक्षित र अशिक्षित महिला धनी र गरिब महिला, जाति, जनजाति वीचको महिलाको छुट्टाछुट्टै स्तर रहेको छ । उपल्लो जात र धनाढ्य परिवारका महिलाहरूको पहुँच राजनैतिक शक्ति, अर्थतन्त्र तथा अन्य सामाजिक सुविधाका क्षेत्रमा ग्रामिण र गरिब महिलाका तुलनामा उच्च रहेको छ । वर्गिय विभाजन अनुसार धनि महिलाहरू भन्दा ग्रामीण गरिब महिला, बढि अधिनस्थ र दबिएका छन् । शहरी क्षेत्रका धनि र पहुँच भएका महिलाहरूले राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थामा राम्रो पदमा काम गरेका छन् । आम जनताको भन्दा यिनीहरूको सम्पूर्ण अवस्था माथी छ (पोखेल : २००१ : ६९) ।

यस अध्ययनबाट पनि थाहा हुन आउँछ कि दलित महिलाहरू दलित भएर नै सामाजिक आर्थिक स्तर बृद्धि हुन सकिरहेको छैन र उच्च जातका महिलासँग प्रतिस्पर्धा गर्ने हैसियत छैन । दलित महिला परिवार भित्र रहन बाध्य छन् । आर्थिक पहुँच छैन निर्णय प्रक्रियामा समान सहभागीता छैन र हरेक क्षेत्रमा पितृसत्ताले हस्तक्षेप गरेको छ भनि सामाजिक संरचनालाई एकात्मक रूपले अध्ययन गरिएको छ भन्दै उनले अगाडी भनेकी छिन्, नेपाली समाजमा विविधता छ यहाँ विभिन्न जात-जाति वर्ग, धर्म, अनुसार महिलाको भूमिका फरक छ । यसमा हाम्रो जातिय विविधता अनुसार अन्धविश्वासले पनि प्रभाव पारेको हुन्छ । त्यसैले सवैलाई एकरूपतामा राखी सामान्यीकरण गर्नु हुँदैन । जस्तै : उदाहरणको लागि हिमाली क्षेत्रका उद्यमशील शेर्पा महिला मध्यम वर्गीय पहाडी ब्राहम्मण महिला वीचको लैङ्गिक सम्बन्ध फरक छ किनकी हिन्दु मान्यता अनुसार बाहुन महिलालाई प्रजनन् शुद्धता र घर बाहिर घुमफिर गर्ने स्वतन्त्रता वन्देज लगाइएको हुन्छ भने शेर्पा महिला बजारमुखी अर्थतन्त्रमा सक्रिय भएर लागेका हुन्छन् (Tamang,1999:39) ।

कमला भासिनले लैङ्गिक सम्बन्धलाई धर्म, जाति र वर्गले असर पारेको हुन्छ भन्छिन् । उनका अनुसार उच्च जात निम्न जातका महिलाहरूको बीचमा तिनीहरूको सामाजिक गतिशिलता एवं स्वतन्त्रतामा फरक रहेको हुन्छ । उच्च जातका महिलालाई रक्त शुद्धि वा जातिय शुद्धिका निम्ति पुरूष वर्गहरूबाट बढि शोषित वा नियन्त्रित गरिएको हुन्छ भने तल्लो जातमा यस प्रकारको बन्देज कम भएको हुन्छ । सबै समाजमा महिला पुरूषको अधिनस्थ हुँदैनन् । लैङ्गिक अन्तर सम्बन्धलाई प्रभावित पार्ने तत्वमा सामाजिक तथा आर्थिक तत्व पनि पर्दछ (भासिन, २००१ : ३१) ।

यसप्रकारको, निष्कर्ष अनुसन्धानकर्ताले यस शोध अध्ययनको क्रममा मदनपोखरा गा.वि.स का कामी महिलाको अध्ययनबाट पनि प्राप्त गरेको छ ।

## २.४ नेपालमा महिलाको अवस्था सम्बन्धी पूर्व अध्ययनको समिक्षा :–

कुनै पनि समाजको प्रगतिको मापदण्ड नारीलाई मानिन्छ । समाजमा महिलाले भन्दा अलिकति पनि बढि सुख सुविधाको अधिकार पुरूषले उपभोग गर्दछ भने त्यस समाजलाई प्रगतिशिल र विकसित भन्न मिल्दैन । महिलाहरू परिवारका प्रमूख आधार स्तम्भ हुन् र परिवार समुदायको आधारशिला हो भने समुदाय एउटा राष्ट्र कै आधार हो । त्यसैले महिलालाई समान र राष्ट्रका वास्तविक, कर्णधार हुन् भन्न सकिन्छ । महिलाको सन्दर्भमा एंगेल्स : २०५६, को भनाइ छ "सर्वप्रथम सभ्यताको बिऊ रोप्ने आइमाईहरू नै हुन् । तिनीहरूले पुरूषहरूलाई घुमन्ते जीवनबाट स्थिर जीवनमा ल्याई प्रतिष्थापित गरे" ।

हिन्दु नारीहरूको अवस्था पतन हुनुमा ब्राम्हणबाद नै मूख्य कारण मानिएको छ । मनुद्वारा पतिलाई गुरू र देवतातूल्य भनी नामाकरण गरिएपछि पतिको सेवा गर्नु नै धर्म हो, स्वर्ग जान पतिको पूजा गर्नुपर्छ भन्दै हिन्दु धर्मलाई व्याख्या गरियो ब्राम्हणवादलाई प्रशय दिदै जाँदा महिलाहरू आफ्नो भरणपोषणको लागि पुरूष प्रति उत्तरदायी हुनुपर्ने बाध्यताको शुरूवात भयो साथै पारीवारिक परिवेश, धार्मिक, सामाजिक, सामुदायिक यावत कार्यहरूमा पुरूषले प्रतिनिधित्व गर्न थाले र घरमूली पनि पुरूष नै हुने गर्दथे । यसबाट पनि नारीको अवस्थाको यथार्थता स्पष्ट हुन्छ फेरि आय मुलुकका पूर्खाहरूको संस्कृति पितृसत्तात्मक थियो । तिनै आर्यहरूको भारत वर्षमा प्रवेशपछि नारीहरूको सामाजिक स्थितिमा आँच आउन प्रारम्भ भयो र पितृसत्तात्मक परिवारको शुरूवातलाई निरन्तरता र बलियो बनाइयो (वराल, २०५० : १५४) ।

महिला र पुरूषबीच भेदभाव परिवारभित्रबाट शुरू हुन्छ । महिलालाई निर्णय प्रक्रियामा सामेल गराइदैन र समाजमा प्राप्त हुने मौकाहरू र उपलब्धीहरू माथि पुरूषहरूद्वारा एकाधिकार जनाइएको छ । कुनै पनि महिलाको सामाजिक, सांस्कृतिक एंव राजनीतिक क्रियकलापहरूमा हुने सहभागिता उनका श्रीमान् । बाबु आमा । पुरूष नातेदारको प्रकृतिमा भर पर्छ (राष्ट्रिय मानव अधिकार आयोग, २०६० : ७०) ।

नेपालमा सन् १९९० पछि महिला र पुरूष बीचको लैङ्गिक सम्बन्ध एक प्रमुख मुद्दाको रूपमा देखा पऱ्यो । यस किसिमको लैङ्गिक सम्बन्धका विषयमा विभिन्न समुदाय जस्तै : यस विषयका विद्वान राजनीतिक, आम जनता र नीति निर्माण समेतको ध्यानाकर्षण भएको छ । सामाजिक र सांस्कृतिक रूपमा स्वीकार गरिएको व्यवहार र सम्बन्धलाई सामाजिक लिङ्ग (Gender) को रूपमा परिभाषित गरिएको पाईन्छ । यस किसिमका सामाजिक व्यवहार र सम्बन्धहरू त्यहाँको सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक तथा धार्मिक धरातल तथा परिधिमा आधारीत रहेको हुन्छ र कतिपय परम्परागत समाजमा शहरी तथा औद्योगिक समाजमा भन्दा लैङ्गिक भूमिका बढि कठोर हुन्छ । लैङ्गिक भूमिका वर्ग, जाति र जनजाति समुहबीच फरक-फरक पाइन्छ (पोखरेल, २००१ : ७०) ।

नेपालका दलित महिला तिन प्रकारबाट विभेदीत छन । पहिलो दलित भएका कारणले, त्यसपछि महिला भएका कारणले अनि महिला भएका कारणले । जसरी आम दलितहरु छुवाछूतको व्यवहारबाट पीडित छन् त्यसरी नै दलित महिलाहरु पनि स्वतः पिडित हुने नै भए । दलित भित्र पनि महिला भएका र नेपाली समाज पितृसत्तमत्मक भएका कारणले उनीहरु पीडित छन । जसरी मुलधारका महिला अन्य आर्थिक,सामाजिक र

राजनैतिक हिसाबले पीडित छन् । त्यसै गरी दलित महिलाहरु झन हुनेनै भए । यसरी नेपालका दलित महिला ले तिन तिरबाट उत्पीडन खानु पर्दा उनीहरुको स्थिति के होला जो कोहीले अनुमान लगाउन सक्छ । दलित पुरुष दलित भएकै कारणले पीडित हुनुपरेको छ भने दलित महिला लैङ्गिक कारणले झन पीडित हुन परेको छ । यी तिन प्रकारका वृहत उत्पीडन बाटै उब्जीएका धेरै समस्याहरु नेपाली दलित महिलाले भोग्नु परेको छ त्यसलाई सामाजिक, आर्थिक र राजनीतिक समस्याहरुको सेरोफेरो मै हेर्नु पर्ने हुन्छ (विश्वकर्मा :२०६३) ।

पिउने पानीको स्रोत (धारा,कुवा,ईनार) विद्यालय हाताभित्रको पिउने पानी प्रयोग गर्न, गोरेटो बाटोघाटोमा हिड्न, विद्यालयमा भर्ना हुन, कक्षाकोठा भित्र बस्ने सीट, सामुदायिक भवन प्रयोग गर्न जस्ता साझा स्रोतहरुमा दलितहरुलाई पहुच अस्वीकार वा निषेध गरिएको हुन्छ । लैङ्गिक विभेदका दृष्टिले पानी भर्न जाने, लुगा धुन जाने जस्ता घरायसी कामहरु दलित महिलाको जिम्मा पर्ने भएकोले र गाँउघरमा एकाविहानै देखी पानी पधेरा, धारा, कुवा, ट्युबेल आदी जस्ता पानीका स्रोतहरुमा पानी लिन जानुपर्दा जातीय छुवाछूतका कारण गैरदलित महिलाहरुले दलित महिलाहरु संगै र दलित महिलाहरु मध्येमा माथिल्ला जातकाले तल्ला जातका महिलाहरु बीच दैनिक जसो झैझगडा गर्ने गर्दछन् (दलित महिला संघ, २०६२: २६) ।

गैरदलित महिलाभन्दा दलित महिलाहरु बढी शोषण, दमन र उत्पीडनमा परेका छन् । नेपालको औद्योगिक विकासमा मूलतः बाहुन,क्षेत्री र नेवार महिलाहरुको अत्याधिक सहभागिता छ । दलित र आदिवासी जनजातिका सवालहरुमा दातृसंस्थाहरुको संवेदनशीलता शुरुवात भएको छ र अहिले ढिलै भए पनि गैर दलित महिलाहरुले दलित महिलाहरुलाई समेट्नै पर्ने महसुस गर्न थालेको पाईन्छ । तर यथार्थको धरातलमा आउन भने अझै प्रतिबद्धता नभएको देखिन्छ । माओवादी जनयुद्धका क्रममा जनसेवामा एक तिहाई महिलाहरु भएको र त्यसमा अत्याधिक संख्या आदिवासी जनजाति र दलित महिलाहरु रहेको छ । दलित नेताहरुको भनाई अनुसार माओवादीका आधार क्षेत्रहरुमा ७५ प्रतिशत जति जातिय छुवाछूतको व्यवहारको अन्त्य भइसकेको छ (दलित सेवा संघ, २०६२ : ३६) ।

दलित माथि हुने छुवाछूत भेदभाव र अपमानको प्रकोप सबैभन्दा बढी दलित महिलाले भोग्नु परेको छ । दलित पुरुषले गैर दलितसंग विवाह हुदा दलित महिलाले गैर दलितसंग विवाह गर्दा सयौ गुणा बढी हिंसा र अत्याचारको सिकार हुनपर्दछ (दलित महिला संघ, २०६४ :७०) ।

छुवाछूतका कारण दलित महिलाहरु झनै बढी सिमान्तकृत बनाईएका छन् जसले गर्दा विभिन्न प्रकारका हिंसा शोषण र जोखीमहरु खप्न बाध्य छन् (दलित महिला संघ, २०६४ : ९२)।

# अध्याय - तीन
# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्रको छनौटको औचित्य

कामी जातिहरू नेपाल अधिराज्य भरी छरिएर बसेका छन् । यस अध्ययनको क्षेत्र पाल्पा जिल्लाको मदनपोखरा गा.वि.स लाई छानिएको छ । यस गा.वि.स को वार्ड नं. ४ मा कामी जातिको वस्ती भएकोले यस वडा मा अध्ययन सिमित गरिएको छ । यस गा.वि.स लाई नै अध्ययन क्षेत्र छनौट गर्नका कारण निम्नानुसार छन् ।

क) यस पाल्पा जिल्लाको मदनपोखरा गा.वि.स कामी जातिको वसोवास धेरै भएकोले ।
ख) यस अध्ययन क्षेत्र शोधकर्ताको जानकारीको क्षेत्र भएकोले ।
ग) हाल सम्म पनि यस क्षेत्रमा छुवाछूत भए नभएको जानकारी थाहा पाउन ।

## ३.२ अध्ययनको ढाँचा

यस शोध पत्रका लागि वर्णानात्मक र अन्वेषणात्मक दुवै अध्ययन विधिको प्रयोग गरिएको छ । अन्वेषणात्मक विधिद्वारा यी जातिको विभिन्न परिवर्तन र त्यसको प्रभावको वारेमा अन्वेषण गरिएको छ । वर्णानात्मक अध्ययन विधिबाट कामी महिलाहरूको सामाजिक आर्थिक अवश्थाको वारेमा वर्णन गरिएको छ ।

## ३.३ तथ्याङ्कको श्रोत

यस अध्ययनमा प्राथमिक र द्वितिय श्रोतको प्रयोग गरिएको छ । प्राथमिक श्रोत अर्न्तगत अन्तर्वार्ताबाट अध्ययनको लागि चाहिने आवश्यक तथ्याङ्क संकलन गरिएको छ । द्वितिय श्रोत अर्न्तगत केन्द्रिय तथ्याङ्क विभागबाट प्राप्त तथ्यांक गा.वि.स बाट प्राप्त तथ्याङ्क अभिलेखलाई लिइएको छ । लेखकहरूले लेखेका पूर्व प्रकाशित पुस्तकको आधारमा तथ्याङ्क संकलन गरिएको छ ।

## ३.४ समग्रता र नमूना छनौट

वि.स. २०६६ सालमा मदनपोखरा गा.वि.स ले लिएको घर परिवार सर्वेक्षणको रिर्पोट अनुसार यस गा.वि.स मा कामी जातीका घरधूरी संख्या ७५ रहेको छ । मदनपोखरा गा.वि.स मा जनसंख्या ६५४ रहेको छ । यस गा.वि.स.मा ९ वटा वाडहरू मध्ये वाड नं ४ मा कामीहरूको जनसंख्या वा समूह धेरै भएकोले जनगणना विधिद्वारा सबै ४१ घरधूरी छनोट गरी हो ।

## ३.५ तथ्यांक संकलन विधि

यस शोधको क्रममा प्राथमिक श्रोतबाट प्राप्त तथ्याङ्कहरू संकलन गर्न निम्न प्रविधिहरू प्रयोग गरिएका छन् जसलाई क्रमबद्ध रूपमा तल वर्णन गरिएको छ ।

### ३.५.१ अवलोकन

मदनपोखरा गा.वि.स का कामी महिलाको सामाजिक, आर्थिक गतिविधिहरूको बारेमा अनुभव गरी प्रत्यक्ष रूपमा उनीहरूले जीवन पद्धति बुझ्नका लागि यो पद्धति अपनाइएको थियो । यस क्रममा कामी जातिको घरको संख्या, संरचना, बसोबासको स्थिति (Social setting) सामाजिक क्षेत्रमा उनीहरूको भूमिका, भूमिको विवरण, घरको प्रकृति कस्तो छ ? त्यसमा छुवाछूतले पारेको प्रभावको बारेमा ठोस तथ्य कुरा पत्ता लगाउने प्रयत्न गरिएको छ । यस क्रममा उत्तरदाताहरूसँग अध्ययनमा समेटिएका कामी परिवारमा महिलाहरूको स्थान कस्तो छ । कामी समुदाय भित्र लैङ्गिक सहभागिताको अवस्था कति छ ? उनीहरूलाई अन्य जातिले हेर्ने दृष्टिकोण र माथिल्ला जातिलाई कामी महिलाले हेर्ने दृष्टिकोण विश्लेषण गर्ने र उनीहरू बीचको सामाजिक, आर्थिक र सांस्कृतिक अन्तरक्रियाको अवलोकन गरिएको थियो ।

### ३.५.२ अन्तर्वार्ता सुची

अन्तर्वार्ता सूचीको सहायताद्वारा नमुना छनौटमा परेका परिवारका प्रमूख ३५ जना विवाहित महिलाहरूसँग र परिवारका प्रमुख महिला नभेटिएकाले ६ जना विवाहित महिलाहरूसँग उत्तर संकलन गरिएको थियो । कामी महिलाहरूको समग्र सामाजिक पक्ष, आर्थिक अवस्था तथा घरभित्र र बाहिरको कार्यलाई विभाजन गरी त्यस माथि हुने निर्णय प्रक्रियामा महिलाको सहभागिता, छुवाछूत हुने स्थान छुवाछूतबाट हुने असरका बारेमा विस्तृत अनुभावनात्मक विवरण संकलन गर्न खुल्ला र बन्द प्रकृत्तिको प्रश्न समावेश गरी तयार पारिएको अनुसूची मार्फत अन्तर्वार्ता लिइएको छ । सरोकार व्यक्तिहरूको सामाजिक, आर्थिक पक्ष र त्यसमा छुवाछूतले पारेको प्रभावहरूको बारेमा पहिचान गर्न सघाउ पुऱ्याउन निर्माण गरिएको उक्त अनुसूचीमा पारिवारिक अन्तरक्रियात्मक अवस्था, विवाहको अवस्था, शिक्षा तथा आर्थिक क्रियाकलाप, घरेलु कामको विभाजन, दलित र गैह्र दलित बीचको सम्बन्ध आदि बारेमा अनुभूतिजन्य अभिमत संकलन गरिएको छ ।

अन्तवार्ताको क्रममा उत्तरदाताहरूको बनावटी जवाफ र असत्य कुरा बोलेमा छड्के परिक्षणमा पत्ता लागोस भन्ने उद्देश्यले प्रश्नहरूको श्रृखलाबद्ध सुची उनीहरूलाई नदेखाइकन प्रसङ्ग अनुसारको बयानमा छनौट जवाफका आधारमा तथ्यहरू टिपोट गर्ने र प्रसङ्ग भन्दा बाहिरका कुरालाई उनीहरू सँगै प्रसङ्गमा जोडेर त्यसमा कसले निर्णय गर्दछ किन ? भन्दै विषयवस्तुलाई कोट्याउँदै तथ्याङ्क संकलन गरिएको छ । जिज्ञासाहरू राख्ने क्रममा छड्के प्रश्न तथा प्रमाण पुष्टि गराउन पुरक प्रश्न पनि सामेल गरिएको छ भने उनीहरूले व्यक्त गरेको उत्तर प्रति उत्तरदाताहरूको सही जवाफ हो वा होइन भन्ने कुरा जाच्न प्रत्येक कुराकानीको क्रममा उनीहरूको शारीरिक हाउभाउको मनोवैज्ञानिक अवलोकन गर्दै अनुसूचीमा सांकेतिक चिनो राखेर उनीहरूको प्रस्तुतिलाई निर्वाध प्रवाह हुने अवसर दिएर तथ्य खोजिएको छ ।

### ३.५.३ केन्द्रित समूहसँगको छलफल

समुह केन्द्रित छलफल खास गरी कामी जातिहरूका महिलाहरू नै भएकोले उनीहरूका समस्याहरूलाई उनीहरूले कसरी बुझेका छन् । सामाजिक घटनाहरूका बारेमा अध्ययन गर्दा अन्तर्वार्ता, अनुसूची अवलोकन तरिकाबाट सूचना तथा तथ्याङ्कहरू लिए पनि उत्तरदाताहरू सम्मिलित गराएर उनीहरूको आपसी अन्तरक्रिया अध्ययनबाट निचोडको रूपमा आएको तथ्य बढी भरपर्दो तथा विश्वासनीय र गुणस्तरीय हुने भएकोले समुहमा बहस गर्न सकिने प्रश्नहरूमा केन्द्रित रहेर एक सामुहिक छलफल गरी तथ्याङ्क संकलन गरिएको थियो । सरोकार पक्षको वैयक्तिक अध्ययनसँग अन्तरक्रिया गरीसकेपछि सामाजिक क्षेत्रका अनुभवि व्यक्तिहरूलाई भेला गरी मदनपोखरा गा.वि.स को वाड नं ४ को भगवति नि.मा.वि मा १ केन्द्रित समुहसँगको छलफल गरिएको थियो । छलफलमा माओवादी द्वन्दकाल देखि दवावका कारण पनि छुवाछूत हटेको कुरा स्पष्ट पारेका थिए । चेतनाका कारण पनि वर्तमान समयमा छुवाछूत सम्बन्धि परिवर्तन भएको र मानिस - मानिस विच समान व्यवहार हुनुपर्छ भने कामको आधारमा जाति विभाजन भएको कुरा सवैलाई जानकारी भएकोले अहिले छुवाछूत यस ठाउँमा पहिले भन्दा कम भएको छ भनि समुहमा सहभागीहरुले भनेका थिए ।

### ३.५.४ प्रत्यक्ष सहभागि-मूलक अवलोकन

अध्ययनमा वास्तविक सूचना आओस, भनाई एकातिर र गराई एकातिर हुन सक्ने खालका सुचनाहरू पनि नछुट्नु, भन्न हिचकिचाउने वा लुकाउने र प्रक्रियागत कुराहरूका सुचना पनि नछुटोस् भनि यस अध्ययन विधि प्रयोग गरिएको थियो । यस विधिबाट कामी जातिको महिलाहरूलाई त्यस समुदायका अरू माथिल्लो जाति ठकुरी, मगरहरूले गरेको व्यवहार, चालचलन थाहा पाउने, सहभागी अवलोकन वास्तविक सुचना ल्याउन प्रयोग गरिएको थियो । साथै कामी महिला, केटाकेटी, पुरुषको सामाजिक, आर्थिक, छुवाछूत पक्षमा कस्तो भूमिका छ भनि यसबाट पनि सूचना लिइएको थियो । साथै यस विधिबाट अन्य विधिहरूबाट छुटेका, अपूरो भएका, अस्पष्ट भएका सूचनालाई स्पष्ट, पूरा गर्न सहयोग पुऱ्याएको छ । सार्वजनिक धारामा पनि मगर, ठकुरी, कामी सबै जाती आपसमा मिलि पानी भरेको देखिन्थ्यो । मगर र ठकुरी जातिका मानिसहरु दतिलतको घरमा आएर संगै बसि खाएका थिए र दलितहरु माथिल्लो जातिको घरमा गएर खाईसकेपछि भाँडा माझेको देखिन । दुध, दहि, घ्यू जस्ता चिजहरु माथिल्लो जाति र दलितहरु एकआपसमा किनबेच गरेको पनि देखिन्थ्यो । भोज भतेरमा पनि निमन्त्रण गरेको देखिन्थ्यो ।

### ३.५.५ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

अध्ययन अनुसन्धानको सफलता नै तथ्याङ्कहरूको समूचित विश्लेषण तथा प्रस्तुतीकरणमा भर पर्ने हुदा यस शोधमा कामी जातिका महिलाहरूको सामाजिक आर्थिक अध्ययनका लागि संकलित तथ्याङ्कको प्रवृत्तिको गुणात्मक र संख्यात्मक आधारमा विश्लेषण तथा वर्गीकरण गर्दा संख्यात्मक तथ्यांकलाई योगहरू निकाली गल्ती, हटाउनका लागि आवश्यक उपर्युक्त तालिकाहरू बनाई तथ्यांक विश्लेषण गरिएको छ । त्यस्तै गुणात्मक तथ्यहरूको प्रस्तुति विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ ।

### ३.५.६ अध्ययनको सीमा

यस शोधको कार्यक्षेत्र मदनपोखरा गा.वि.सको वडा ४ लाई मात्र सिमित क्षेत्रमा खोज गरी कामी महिलाहरूको सामाजिक आर्थिक अवश्थाको अध्ययन गरिने भएकोले समग्र देश भरि कै दलित महिलाहरूको प्रतिनिधित्व नगर्न सक्छ । फरक भौगोलिक एवं वाह्य सामाजिक आर्थिक परिवेशका कारण यस अध्ययनबाट निस्कने निष्कर्षहरूले देशभरिका कामी महिलाहरूसँग ठ्याक्कै मेल नखाए पनि पहाडी क्षेत्रमा बसोबास् गरेका कामी महिलाहरूसँग भने यस अध्ययनबाट प्राप्त तथ्यहरूले सिमित रूपमा भए पनि सहयोग पुऱ्याउन सक्छ ।

### ३.५.७ तथ्याङ्क संकलन गर्दा आइपरेका समस्याहरू

यस शोध पत्रको तथ्याङ्क संकलन गर्दा निम्न समस्याहरू देखिएका थिए ।

– शिक्षाको कमि भएको कामी समुदायका महिला उत्तर दाताहरूले सजिलै प्रश्नावलीमा सोधिएका प्रश्नहरू बुझ्न नसक्नु ।
– कामीहरूलाई परम्परा देखि नै 'अछुत' र 'तल' पारिएको कारणले अरू जातले यिनीहरूको राम्रो पक्ष भन्दा नराम्रो पक्षलाई बढि भन्न खोज्नु ।
– अधिकांश कामी समुदायका महिलाहरू घरेलु वुन्न जाने, बारीमा काम गर्न र टाढा पानी लिन जानु पर्ने भएकोले उनीहरू भएको ठाउँमा गई तथ्यांङ्क संकलन गर्नु पऱ्यो ।
– कामी महिलाहरूको वारेमा धेरै प्रश्न सोध्दा उक्त समुदायको अपेक्षा पनि बढेको पाइएको र बढी हाम्रो लागि कस्तो खालको सेवा सुविधा पाइन्छ भन्ने सिफारीस गर्नेहरूको संख्या पनि धेरै भेटिए ।
– यस अध्ययनको लागि जादा र आफ्नो यस अध्ययनको ध्यय बताउँदा बताउदै पनि संस्थाबाट केही सहयोग उपलब्ध गराउनका लागि आएको र सोधिएको होला भनि आफूहरूलाई बास्तविक अवश्था भन्दा केही खस्काएर कुरा गर्नेको संख्या पनि धेरै देखिएको थियो ।

# अध्याय चार
# अध्ययन क्षेत्रको परिचय

## ४.१.१ परिचय

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने भगवान गौतम बुद्धको जन्मस्थलको रूपमा परिचित लुम्बिनी अञ्चलका ६ जिल्लाहरू मध्ये पाल्पा पहाडी जिल्ला हो । विश्व मानचित्रमा यस जिल्ला २७ डि. ३४ मिनेट, देखि २७ डि. २७ मि. सम्म उत्तरी अक्षांस र ८३ डि. १५ देखि ८४ डि. २२ मी. सम्म पूर्वी देशान्तरमा अवस्थित छ । १३७३ वर्ग कि.मी. क्षेत्रफल भएको जिल्लाको पूर्व पश्चिम ७० कि.मी. क्षेत्रफल भएको जिल्लाको पूर्व पश्चिम ७० कि.मी र उत्तर दक्षिण सरदर २० कि.मी. भएकोले सानै रूपमा भए पनि झण्डै नेपाल जस्तै देखिन्छ । क्षेत्रफलको हिसावले यस जिल्लाले नेपालको कुल भू-भागको ०.९३ प्रतिशत भू-भाग ओगटेको छ । जिल्लाको पूर्वमा तनहुँ, नवलपरासी र स्याङ्गजा पश्चिममा गुल्मी अर्घाखाँची उत्तरमा स्याङ्गजा गुल्मी र दक्षिणमा रुपन्देही रहेको छ ।

२०५८ सालको जनगणना अनुसार जिल्लाको परिवार संख्या ४९९४२ र जनसंख्या २६८५५८ मध्ये पुरुष १२५०६८ र महिला १४३४९० रहेको छ । जनसंख्या वृद्धि दर जम्मा १.२७ प्रतिशत मात्र देखिनाले देशको जनसंख्या वृद्धिदर सँग तुलना गर्दा त्यति चिन्ताजनक स्थिति देखिदैन । जनघनत्व १९६ प्रति वर्ग कि.मी छ । राजनीतिक रूपमा ६५ गाविस, १ नगरपालिका, १३ इलाका र ३ संसदीय निर्वाचन क्षेत्रमा विभाजित यस जिल्लामा ६१.४४% नेपाली, ३३.९४% मगर, २.५७% नेवारी, ०.६३% कुमाल र बाँकी १.४२% अन्य भाषाभाषी छन् । धार्मिक हिसाबले ८८% हिन्दु, ११.४% बौद्ध, ०.३५% मुश्लिम, ०.१५% क्रिश्चियन र बाँकी ०.१ अन्य धर्मावलाम्बीहरू रहेका छन् । जिल्लाको साक्षरता दर ६५.९% रहेको छ । जसमध्ये पुरुष ७५.९% र महिला ५७.५% पर्दछ, (जिल्ला विकास योजना २०६६/६७ आर्थिक वर्ष जिल्ला विकास समिति) ।

मदनपोखरा गाविस निर्वाचन क्षेत्र नं. २ मा पर्दछ । यस गा.वि.सको क्षेत्रफल १८.१६ स्क्वायर कि.मि रहेको छ । मदनपोखरा गा.वि.स नमूना गा.वि.स मध्ये एक हो । यस गा.वि.समा तरकारी खेती र कफी खेति प्रशस्त मात्रामा हुने गर्दछ । यहाँ दालचिनी अदुवा, अम्रिसो आदिको खेति गर्ने गर्दछन् । यस गा.वि.सको वाड नं. ४, ५ लाई सिद्धार्थ राजमार्गले छोएर गएको छ । मदनपोखरा गा.वि.स पर्यटकीय क्षेत्र पनि हो जहाँ आन्तरीक र वाह्य पर्यटकहरू आउने गर्दछन् ।

## ४.१.२ सिमाना

मदनपोखरा गा.वि.सको प्राकृतिक सिमानामा खोला बाटो, पहाडलाई लिन सकिन्छ । यस गाविसको उत्तर पूर्वमा तानसेन नगरपालिका, पूर्वमा रुप्से गा.वि.स, दक्षिणमा कोलडाँडा गाविस र पश्चिममा तेल्घा गाविस पर्दछ । तेल्घा र मनदपोखरा गाविसको सिमाना नयाँपाटी खोलाले छुट्टयाएको छ, मनदपोखरा र कोलडाँडा गाविसको विचमा तिनाउ खोला पर्दछ । ९ वटा वाडहरू मध्ये वाड नं. १,२,४,५ मा बढि दलित बस्ती रहेको छ ।

### ४.१.३ सामाजिक, आर्थिक स्थिति

**क) जनसंख्या**

मदनपोखरा गा.वि.स. को जम्मा जनसंख्या ६२२२ जना रहेको छ । पुरुष २८६५ जना र महिलाहरूको संख्या ३३५७ जना रहेको छ । (C.B.S. २०५८, काठमाण्डौं) यस गा.वि.स को वार्ड नं. ४ मा ४१ घरसंख्या कामी जातिहरूको छन् । यस गा.वि.स को वार्ड नं. १,२,४ वार्डहरूमा कामी जातिहरूको जनसंख्या बढि रहेको छ ।

तालिका नं. १, मदनपोखरा गा.वि.स भित्र पर्ने जनसंख्या विवरण

| वार्ड नं. | जनसंख्या महिला | पुरूष | जम्मा |
|---|---|---|---|
| १ | ६४१ | ६३२ | १२७३ |
| २ | २९० | २५९ | ५४९ |
| ३ | ४३५ | ३३८ | ७७३ |
| ४ | ६६४ | ६०६ | १२७० |
| ५ | २९९ | २९८ | ५९७ |
| ६ | १०८९ | १०९३ | २१८२ |
| ७ | ३७२ | ३४२ | ७१४ |
| ८ | २५३ | २६३ | ५१९ |
| ९ | २२२ | २१७ | ४३९ |
| जम्मा | ४२८५ | ४०४८ | ८३१३ |

स्रोत : गा.वि.स प्रतिवेदन, पाल्पा २०६६ ।

**ख) जातजाति**

मदनपोखरा गा.वि.स जातिय विविधता भएको गाउँ मानिन्छ । यस गा.वि.समा बाहुन क्षेत्री, दमाइ, ठकुरी, कामी, मगर, सार्की धेरैथोरै मात्रामा वसोवास गर्दछन् । गाउँको अधिकांश सुगम समथर र उत्पादनशील क्षेत्रमा अन्य जाति छन् भने साँगुरो पाखा र उत्पादन कम हुने स्थानमा दलित बस्ती रहेको छ । जातिय विविधता भएको यस गा.वि.स मा जातिगत जनसंख्या निम्न बमोजिम छ ।

**तालिका नं. २,** मदनपोखरा गा.वि.स को जातिजनजातिको जनसंख्याको विवरण

| बाहुन | क्षेत्री | मगर | नेवार | कामी | दमाई | सार्की | मुस्लिम | ठकुरी | कुमाल | थारू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २२११ | ३८९ | २०५२ | १८७ | ३७५ | १७६ | ४९६ | १९ | १०८ | ११७ | ५ |

स्रोत : केन्द्रिय तथ्यांक विभाग, २०५८ काठमाडौं ।

**ग) शिक्षा**

प्राथमिक शिक्षा सम्म पढ्नेको ५६.४% भए पनि उच्च मा.वि पढ्ने समय सम्म १.२% मात्र रहेका छन् । पढ्नु पढाउनु पर्दछ भन्ने थाहा भएर पनि उनीहरूले प्रा.वि तहमा नै बालबालिकालाई स्कूल पढाउन छोडेका छन् शिक्षाबाट फल लामो समय पर्खनुपर्दछ । त्यसैले छाक टार्ने काम गर्नुपर्ने भएकोले शिक्षालाई भन्दा कामलाई वढि महत्व दिने गर्दछ ।

## घ) यातायात र संचार

भैरहवा देखि पोखरा जाने सिद्धार्थ राजमार्गमा मदनपोखराको दुई वाड मात्र छोइएको छ । वार्ड नं. ४ र ५ मात्र छोइएको छ । यस गा.वि.स तानसेन नगरपालिकासँग जोडिएको छ । सबै वार्डमा मोटरको बाटो पुगिसकेको छ बाटो भने कच्ची रोड रहेको छ । मदनपोखरा गा.वि.स को वार्ड नं. ९ मा मदनपोखरा सामुदायिक रेडियो रहेको छ । जून एशिया कै पहिलो सामुदायिक रेडियो को रूपमा रहेको छ । यस अध्ययन क्षेत्रमा मोटर बाटो पुगिसकेको छ जसको फलस्वरूप यहाँका मानिसहरूको लवाई, खवाई तथा महिलाहरूको क्रियाकलापहरूमा केहि आधुनिकता आएको देखिन्छ भने यस्ता ठाउँहरूमा भएको शहरीकरणका प्रभावले कामी महिलाहरूको सामाजिक जीवन परिवर्तनको दिशातर्फ उन्मूख भैइरहेका छन् । यी समुदायका महिला पुरूष बजार क्षेत्रसँग प्राय दैनिक सम्पर्कमा रहन्छन् । यहाँका कृषकहरूमा बढि भएको दूध बेच्न यहाँ डेरी पनि रहेको छ । त्यस डेरीमा विहान, बेलुका खपत भएको दुध बेच्ने गर्दछन् । यसले गर्दा उनीहरूको आर्थिक पक्ष अलि बलियो हुन मद्दत गरेको छ । संचार सुविधा मध्ये मदनपोखरा गा.वि.स मा रहेको संचार, साधन हुलाक, रेडियो, टेलिफोन नै हो । मदनपोखरा गा.वि.स को वार्ड नं. ९ स्थित श्री शारदा उच्च मा.वि नजिकै रहेको हुलाक घरले यहाँका अधिकांश मानिसहरूलाई फाइदा पुऱ्याइएको छ । तर कामी जातिका मानिसहरूले यस हुलाकबाट अत्यन्त न्यून उपयोग गर्न सकेका छन् । यसको कारण उनीहरूको समाज अशिक्षित हुनु हो । तर अहिलेका पिंढीको कामी जातिका पुरूषमा रोजगार, सुन पसल, कर्मी काम आदिमा जागिर खानेको संख्या पनि वृद्धि हुँदै गएको हुनाले पढे लेखेकाले उपयोग गर्न थालेका छन् ।

## ङ) विद्यूत

यस गा.वि.स भरि नै विद्यूत सेवा पुगेको छ । यस अध्ययन क्षेत्रका कामी जातिहरूले पनि विद्यूतको उपयोग गरेका छन् । उनीहरू विद्यूत सेवा उपलब्ध नहुँदा सम्म मट्टितेलबाट बल्ने टुकीको प्रयोग गर्ने बताउँछन् । विद्यूतको प्रयोग पछि धेरै सजिलो भएको कुरा उनीहरू बताउँछन् । पाल्पा जिल्लामा सरदर ५१.८% घरधुरीले मात्र विद्यूत सेवा उपलब्ध गरेका छन् । (जिल्ला विकास योजना, २०६६/०६७) ।

## च) कृषि र बन

पाल्पा जिल्लाको मूख्य वनस्पतिमा साल, सिसौ, सिमल, जामून, टुनी, चाप, हर्रो, बर्रो आदि बेसी तथा चूरे क्षेत्रमा पाइन्छ भने काफल, चिलाउने, कटुस, सल्लो, लालीगुराँस जन्तुहरूमा बाघ, भालु, स्याल, चितुवा, बदेल, घोरेल, बाँदर, खरायो, मृग, फ्याउरो, दुम्सी आदि पाइन्छन् भने वन्यपक्षहरूमा डाँफे, लुइचे, कालिज, चुरेलो, काठखोलुवा, फिस्टो, तित्रो, बट्टाई, मैना, सारस, काडेभ्याकुर, कोइली, सुगा, चिल, बाज, भगेरी आदि पाइन्छ (केन्द्रिय तथ्यांक विभाग, २०५८) यस गा.वि.स मा पनि साल, हर्रो वर्रो, सिसौ जस्ता रूखहरू

पाइन्छ । वन जंगलमा जथाभावी काट्न पाइदैन कामी जातिका मानिसहरू जंगल केही अवधिको लागि खुलाउदा मात्र घाँस, दाउरा, स्रोतरको लागि जंगल जाने गर्दछन् ।

**झ) वित्तिय संस्थाहरू**

दलित समाजलाई प्रत्यक्ष असर गर्ने उत्पीडित उत्थान विकास केन्द्र, दलित वर्ग उत्थान जिल्ला समन्वय समिति, यि संस्थाहरूले दलित जातिहरूलाई आत्मजागरण तालिम, जेण्डर सम्बन्धी तालिम महिला अधिकार तालीम, कानुनी साक्षरता तालीम नमूना तरकारी खेति तालिम आदि दिने गर्दछ । यसले पनि यहाँका कामी जातिका महिलाहरूलाई प्रत्यक्ष रूपमा सहयोग भएको छ । आमा समुह पनि गठन गरीएको छ । यस समुहमा मासिक प्रत्येक जनाले रूपया १० जम्मा गर्दछन् । जम्मा भएको पैसा आवश्यक पर्ने व्यक्तिहरूले आफ्नो घर खर्चको लागी लाने गर्दछन् । जसबाट उनीहरूले थोरै भएपनि आर्थिक लाभ लिन सकिरहेका छन् ।

### ४.१.४ सेवामूलक संस्थाहरू र कामी समुदाय/समाज

क) शैक्षिक संस्थाहरू : शिक्षा एक आधारभूत सामाजिक आवश्यकता हो । शिक्षा विनाको समाज सभ्य र समुन्नत हुन सक्दैन अतः मदनपोखरा गा.वि.समा रहेका शैक्षिक संस्थाहरू र कामी जातिका वालवालिकाहरूले पाउन सक्ने सेवाको विषयमा चर्चा गरिन्छ । मदनपोखरा गा.वि.स मा ५ वटा प्रा.वि १ नि.मा.वि २ वटा उच्च मा.वि २ वटा वोडिङ्ग र एउटा बहुमुखी क्याम्पस रहेका छन् । दलित प्रौढ महिलाहरू अधिकांश सबै निरक्षर छन् भने आर्थिक कमजोरीका कारण नयाँ पिंढीका वालवालिकाहरू पनि माध्यमिक तह सम्मको शिक्षा लिनेहरुपनि कम रहेका छन् । यहाँका दलित महिला पुरूषको शैक्षिक अवस्था अति नै दयनीय रहेको छ ।

# अध्याय पाँच

## कामीहरुको सामाजिक तथा आर्थिक अवस्था

### ५.१ परिवार

परिवार प्रमुख आधारभूत सामाजिक संस्था हो । परिवारबाट नै जैविक प्राणीको रुपमा रहेको मानिस सामाजिक प्राणीको रुपमा रुपान्तरित हुने कार्यको थालनी हुन्छ । नेपालको पारिवारीक बनावटका आधारमा एकल र संयुक्त परिवार प्रशस्त मात्रामा भेटिन्छन भने कतै बृहत परिवार पनि पाइन्छन्, एकल परिवारमा श्रीमान, श्रीमती, तिनीहरुका अविवाहित छोरा छोरीलाई बुझाउँछ भने संयुक्त परिवारमा एक दम्पत्ती तीन भन्दा बढी वा तीन पिढीका सदस्यहरु एकै साथ बस्ने गर्दछन् यस्तो परिवारलाई संयुक्त परिवारको रुपमा लिन सकिन्छ । यस्तो परिवारमा कार्यभार कम पर्ने भएकोले कृषि उन्मुख हाम्रो देशमा बढी पाइन्छ । वर्तमान समयमा एकल परिवारको संख्या पनि बढी रहेको छ । बृहत परिवारमा यति नै पुस्ता र संख्या भनेर किटान गरी भन्न नसकिए पनि लोग्ने र स्वास्नी दुबै पक्षका परिवारका सदस्यहरु संगोलमा रहेको परिवार नै बृहत परिवार हो ।

कामी जातिको पारिवारिक बनोट पितृसत्तात्मक नै रहेको छ । घरमा जून जेठो पुरूष हुन्छ त्यस पुरुष व्यक्ति घरमूलि हुने व्यवस्था रहेको छ । बुबा, बुवा नभए जेठो छोरा यसरी क्रमश जेष्ठताको आधारमा घरमूली हुने चलन रहेको छ । परिवारको महिला र पुरुष सदस्यबीच भेदभाव राखिदैन । सम्पतिहरू पुरुष सदस्यहरूमा सर्दै जाने भएता पनि महिलाहरू पनि त्यसको संरक्षण, सम्भार तथा व्यवस्थापनमा उतिकै जुटेका हुन्छन् ।

यहाँको कामी समाजमा एकात्मक परिवार प्रतिको रुचि बढी रहेको देखिन्छ । यस्तो परिवारमा पनि ४ जना देखि ७ जना सदस्य भएको परिवार संख्या बढी रहेको छ । एकात्मक परिवार अध्ययन गरीएको ४१ घर मध्ये ३० घर अर्थात ७३.२% एकात्मक परिवार रहेको छ भने बांकी ११ घर अर्थात २६.८% संयुक्त परिवार रहेको छ ।

परिवारमा आफ्ना छोरा वा छोरीहरूको विवाह गर्नुपर्‍यो भने दुवै जनाले सल्लाह गर्नेहरूको संख्या १७ जना पाइयो । महिलाहरू मात्रले निर्णय गर्नेको संख्या ५ र पुरुषले मात्र निर्णय गर्नेको संख्या ७ जना मात्र पाइयो यस तथ्यांकबाट के बुझ्न सकिन्छ भने महिला र पुरुष दुवैले सल्लाह गरी निर्णय गर्दछन् भन्ने कुरालाई प्रष्याउने देखिन्छ । नव जात शिशुको जन्म हुदा बाबुआमाहरूद्वारा छोराको चाहाना राखिन्छ कि छोरीको अर्थात दुवैको बरावरी ? भन्ने प्रश्नमा अध्ययन गर्दा निम्न तथ्यांक प्राप्त भएको छ ।

तालिका नं. ३ छोरा र छोरीलाई गरीने महत्वको विवरण

| विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| छोरीको चाहाना राख्ने | ५ | १२.२ |
| दुवैलाई वरावर महत्व दिने | ३६ | ८७.८ |
| छोरालाई महत्व दिने | - | - |
| जम्मा | ४१ | १००.० |

स्रोत : स्थलगत सर्भेक्षण २०६६ ।

माथिको तालिकाले अत्यधिक उत्तरदाताहरूले दुवैलाई वरावर महत्व दिएको छ । यसबाट पुरुष र महिला बराबर हुन् भन्ने तथ्यलाई बुझ्न सकिन्छ । छोरालाई मात्र महत्व दिने १ जना पनि पाइएन । छोरीलाई महत्व दिनेको संख्या ५ जना रहेको छ । यस तथ्यांकबाट छोरालाई भन्दा छोरीलाई बढी महत्व दिएको पाइन्छ ।

## ५.२ शिक्षा

शिक्षा जीवन भर चलिरहने प्रक्रिया हो । आजसम्म संसारमा जति पनि विकास, निर्माण तथा वैज्ञानिक चमत्कार भैइरहेका छन् त्यो सबै शिक्षाले गर्दा नै भएको हो । शिक्षा बिना समुन्नत समाजको कल्पना समेत गर्न सकिदैन । त्यसैले कुनै पनि समाजको वा त्यस समाजको कुनै वर्ग विशेषको सामाजिक अवस्थाले गर्दा शिक्षाको अध्ययनलाई पनि प्रमूख स्थान दिनुपर्दछ । मदनपोखरा गा.वि.स वार्ड नं. ४ का ४१ उत्तरदाताहरूको शैक्षिक स्तर निम्न, प्रकार रहेको छ ।

तालिका नं. ४

कामी जातिको शैक्षिक स्तरको विवरण

| साक्षरता अवश्था | संख्या | प्रतिशत |
|---|---|---|
| साक्षर | २० | ४८.८ |
| निरक्षर | २१ | ५१.२ |
| जम्मा | ४१ | १००.० |

स्रोत : स्थलगत सर्भेक्षण २०६६ ।

यस तथ्यांक अनुसार ४१ जना उत्तरदाता कामी महिलाहरू मध्ये साक्षर २० ४८.८% जना र निरक्षर २१ ५१.२% रहेको छ । यस तथ्यांकबाट आदा जसो साक्षर र आदा जसो निरक्षर रहेको देखिन्छ । आजसम्म पनि कामी महिलाहरूको शैक्षिक स्तर खष्किदो नै रहेको देखिन्छ ।

यस अध्ययन क्षेत्रमा ४१ घरधुरीमा जम्मा २१० जनसंख्या रहेको छ । यि कामी जातिका जनसंख्याहरूको शैक्षिक स्तरको विवरण यसप्रकार देखाउन सकिन्छ ।

**तालिका नं. ५**

कामी जातिको शैक्षिक स्तरको विवरण (५ वर्ष माथि)

| शैक्षिक स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| साक्षर तर स्कूल नगएका | २५ | १५.२ |
| प्राथमिक | ९३ | ५६.४ |
| नि.मा.वि | ३२ | १९.४ |
| मा.वि | १३ | ७.९ |
| उच्च मा.वि | २ | १.२ |
| जम्मा | १६५ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण २०६६ ।

यस अध्ययन क्षेत्रमा जम्मा कामीहरूको जनसंख्या २१० रहेको छ । त्यस मध्ये ५ वर्ष भन्दा मुनिका ११ जना रहेको छ । २५ जना स्कूल नै नगएका छन् । प्राथमिक शिक्षा सम्म पढ्नेको संख्या ९३ जना, नि.मा.वि पढ्ने ३२ जना, मा.वि सम्म पढ्ने १३ जना र उच्च मा.वि सम्म पढ्नेमा जम्मा २ जना मात्र रहेको छ । शुरूमा भर्ना संख्या धेरै रहेको छ विस्तारै कक्षा बढ्दै जाँदा स्कुल जान छोड्ने हुनाले उच्च शिक्षा पढ्ने समय सम्म पुग्दा जम्मा २ जना रहेको छ र बाँकी ३४ जना महिलाहरु निरक्षर रहेका छन् । आर्थिक कमजोर, घरयासी कारणले र जनचेतनाको अभावले गर्दा पढाई विच मै छोड्ने चलन रहेको देखिन्छ ।

## ५.३ स्वास्थ्य, सरसफाई र खानेपानी

यस अध्ययन क्षेत्रका कामी जातिको घर प्रायः नजिक-नजिक एकै ठाउँमा जोडिएर रहेको छ । दुई चार घर मात्र अलि टाढा एक/एक गरी रहेको छ । घरमा कुखुरा, सुगुर पाल्ने भएतापनि वरिपरिको वातावरण भने सफा नै देखिन्छ । यहाँका कामी जातिहरूको घर नजिकै सबैले शौचालय बनाएको पाइन्छ । बढ्दो उपचार केन्द्र तथा शिक्षाको प्रभावले गर्दा विरामी पर्दा धामीझाँक्री कहाँ नगएर सोझै स्वास्थ्य चौकी वा अस्पताल लैजाने क्रम पनि बढीरहेको पाइन्छ । खानेपानीको लागि धाराको पानी प्रयोग गर्दछन् ।

## ५.४ महिलाको स्थिति

यस अध्ययन क्षेत्रको कामी समाज पुरुष प्रधान भए पनि घरायसी कामकाजमा पुरुष भन्दा महिलाको योगदान नै बढी देखिन्छ । शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीति आदि क्षेत्रमा महिला वर्ग निकै पछाडि परेका देखिन्छन् । उत्तरदाता ४१ जना मध्ये साक्षर २० जना र २१ जना निरक्षर महिलाहरू रहेका छन् ।

तालिका नं.६ साक्षर महिलाहरूको शैक्षिक स्तरको वितरण

| शैक्षिक स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| साक्षर तर स्कूल नगएको | १० | ५०.० |
| प्राथमिक | ९ | ४५.० |
| नि.मा.वि | १ | ५.० |
| जम्मा | २० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।

यस तालिकाको तथ्यांकबाट के बुझिन्छ भने स्कूल नगएता पनि प्रौढ शिक्षा/साक्षरता कक्षा द्वारा महिलाहरू साधारण लेखपढ गर्न सकेको कुरालाई बुझ्न सकिन्छ । प्रा.वि ९ (४५.०%) ले पढेको भएता पनि नि.मा.वि सम्म पुग्दा जम्मा १ (५%) मात्र रहेको छ । आर्थिक कारण घरायासी कारण र विवादको कारणले गर्दा उनीहरू पढाई बिच मै छोड्नु पर्ने वाध्यता भएको देखिन्छ ।

भान्छाको काम, बालबच्चा स्याहार सुसार गर्ने, सरसफाईको काम पशुपंक्षीको रेखदेख गर्ने काम देखि लिएर पुरुष सरह नै खेतीपातीको काममा सहभागी हुने कार्यमा महिलाहरू लागेका देखिन्छन् । यहाँका महिलाहरू पुरुष सरह नै निकै मिहिनेती देखिन्छन् । घर व्यवहारका काममा निर्णयकर्ता र सल्लाहकारको भूमिका निभाउने कार्यमा महिलाको पनि प्रमूख भूमिका रहेको छ ।

महिलाहरूले जतिसुकै मिहिनेतका साथ योगदान गरेपनि उनीहरू हरेक क्षेत्रमा पछाडि परेको महसुस गर्दछन् । यस क्षेत्रका महिलाहरूलाई पुरुष वर्गबाट राम्रै व्यवहार गरिने भएतापनि समाजमा महिला उन्नतिका लागि खुलेर लाग्ने आँट भने निकाल्न सक्दैनन् । आज भोली केही जागरुक महिलाहरू मिलेर महिला उत्थानका लागि महिला समुह गठन गर्ने तथा चेतनाको विकास गर्ने काममा सक्रिय हुदैँ आएका छन् ।

## ५.५ जन्मदर

महिलाले कति वटा बच्चालाई जन्म दिइन वा दिएकी छन् भन्ने कुराले उनको स्वास्थ्य स्थितिको केही झलक देख्न सकिन्छ किनकि जतिवटा बढी वच्चालाई जन्म दियो महिलाको स्वास्थ्यमा स्थिति नै प्रतिकूल प्रभाव पर्न जान्छ । कामी समाज अशिक्षित र पिछाडिएको छ त्यसैगरी वालमृत्यु दर र शिशु मृत्युदर पनि केहि मात्रामा छ । जन्मदरको विवरण यसरी विभाजन गरिएको छ ।

तालिका नं. ७
जन्मदरको संख्याको विवरण

| बच्चा संख्या | महिला संख्या | प्रतिशत |
|---|---|---|
| १-३ | १० | ३३.३ |
| ३-५ | १५ | ५०.० |
| ६ भन्दा माथि | ५ | १६.७ |
| जम्मा | ३० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण २०६६ ।

प्राप्त तथ्यांकलाई हेर्दा १-३ सम्म बच्चा जन्माउने संख्या १० र ३-५ वटा बच्चा जन्माउनेको संख्या १५ र ५ भन्दा माथी जन्माउनेको संख्या ५ जना रहेका छन् । यस तथ्यांकबाट ३-५ बटा बच्चा जन्माउनेको संख्या बढि देखिन्छ । अन्तर्वार्ताको निम्ति लिइएको ४१ मध्ये ३० जना महिलाहरुको बालबच्चा भएको छ भने बाँकी ११ जना उत्तरदाताहरुको बालबच्चा नभएको पाइएको छ ।

## ५.६ स्वास्थ्य उपचार

यस अध्ययन क्षेत्रका कामी जातिमा उपचार गर्ने पद्धति वारे प्रश्न गर्दा उनीहरू कोही अस्पताल कोही हेल्थपोष्ट कोही धामीझाँक्रीकोमा गएको पाइयो । यसलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ८
स्वास्थ्य उपचार गर्ने विधि सम्बन्धी विवरण

| विधि | संख्या | प्रतिशत |
|---|---|---|
| धामी झाँक्री | ५ | १२.२ |
| वैध औषधी | ५ | १२.२ |
| अस्पताल | २५ | ६१.० |
| हेल्थपोष्ट | ६ | १४.६ |
| जम्मा ४१ | ४१ | १००.० |

स्रोत : स्थगत सर्वेक्षण २०६६ ।

माथीको तालिकामा ४१ जना उत्तरदाताहरू मध्ये धामीझाँक्रीलाई प्राथमिकता दिने ५ जना (१२.२%) वैध औषधी गर्ने ५ (१२.२%) अस्पताल गएर औषधी गराउने २५(६१%) मानिसहरू यो सवैभन्दा धेरै संख्या हो । हेल्थपोष्ट मा ६ जना (१४.६%) मानिसहरू औषधी गराएको पाइयो ।

यसरी हेर्दा केही समय अगाडीसम्म बिरामी हुदा झारफूक र धामी झाक्रीसँग उपचार गराउने कामी जातिहरू हाल आएर सामाजिक परिवर्तन सँगै जनचेतनाको कारणले गर्दा अस्पताल र हेल्थपोष्ट गएर उपचार गराउन थालेको देखिन्छ ।

मदनपोखरा गा.वि.स.का कामी महिलाहरू आफू गर्भिणी भएपछि बरावर स्वास्थ्य परिक्षण गराउनुपर्दछ भन्ने कुरामा अनभिज्ञ नै छन् । त्यसैले कसैले घरमा बच्चा जन्माउन

सकेन भने मात्र अस्पताल लैजाने गरिन्छ । जन्मदरलाई प्रभाव पार्ने अर्को तत्व परिवार नियोजनको ज्ञान पनि हो । मदनपोखरा गा.वि.सको हेल्थपोष्टले परिवार नियोजनको जानकारी र सुविधाहरू उपलब्ध गराए पनि यस समुदायका व्यक्तिहरूमा परिवार नियोजन सम्बन्धी नकारात्मक धारणा नै रहेको छ । उनीहरूको भनाइमा पुरुषले परिवार नियोजन गर्दा शारीरिक रुपमा कमजोर हुन्छ भन्ने मान्यता रहेको छ । जसले गर्दा काम गरेर खान गाह्रो हुनाले परिवार नियोजन गर्न भन्दा नगर्न सल्लाह दिएको पनि पाइयो । तर वर्तमानमा आएर रेडियो, टि.भि जस्ता संचारका साधन लगायत यस समुदायमा विभिन्न संस्थाहरू मार्फत पनि परिवार नियोजन सम्बन्धी परम्परागत नकारात्मक दृष्टिकोण अब आएर लगभग पूर्ण रूपमा सकारात्मक झै देखिन्छ । तर सबैले अपनाएका भने छैनन् ।

### ५.७ खानेपानी र महिला

गाउँघरमा खानेपानीको स्रोत भनेको कुवा, पँधेरो : धारा र खोलाहरू नै हुन् । राम्रो र शुद्ध खानेपानी प्रयोग गर्न सकेमा रोगव्याधि किटाणुहरूको आक्रमण कम हुन्छ मदनपोखरा गा.वि.सको वार्ड नं. ४ छाँप यहाँका कामी महिलाहरू खासगरी सार्वजनिक धारालाई नै खानेपानीको श्रोतको रूपमा प्रयोग गर्दछन् । अधिकांश व्यक्तिहरू धाराको पानी नै पिउँदछन् । पानी घर देखी टाढा रहेको छ । पानी लिन जान करिब एक घण्टा समय लाग्दछ । त्यसैले यस ठाउँमा आकाशबाट परेको पानी जम्मा गर्ने घैटो (ट्याङकी) प्रत्येकको घर घरमा रहेको छ । खाने पानीको लागि घर-घरमा पाइप जडान गरिएको छ तर पानी वितरण गर्न बाँकी नै छ । यहाँ महिलाहरू पानी लिन जाँदा समय धेरै लाग्ने भएकाले उनीहरू पिउनको लागि मात्र धाराको पानी प्रयोग गर्दछन् । भाडा माझ्न, कपडा धुन, सरसफाई गर्नको लागि र गाई बस्तुलाई खुवाउन यसै आकाशबाट जम्मा भएको पानी प्रयोग गर्दछन् । तरकारी खेति गर्न पनि यहि पानी प्रयोग गर्दछन् । यस ठाउँमा अरु जातिहरू मगर, ठकुरीहरू पनि रहेका छन् । यि दलित जाति र मगर, ठकुरीहरू सबै जातिले एउटा धारा प्रयोग गर्दछन् । छुवाछूत हुने स्थान मध्ये सबै भन्दा बढी हुने स्थान धारा पँधेरा हुनाले यिनीहरू मानसिक रूपमा खुला भएर पानी भर्न पाउँदैनथे तर माओवादीको युद्ध वा आन्दोलन शुरु भएदेखि वा राजनीतिक परिवर्तन अनुसार वर्तमान समयमा भने खास छुवाछूत नभएको कुरा उनीहरू बताउँछन् । ठूलै किसिमको खानेपानी योजना मार्फत नभएर गाउँ नजिकैको पानीको मूललाई जम्मा गरी सदउपयोग गरेर बनाइएको धारा सबै जना मिलीजुली निर्माण गरेकाले थिए त्यस क्षेत्रका सबै जात, जातिका मानिसहरूले स्वतन्त्र रूपमा प्रयोग गर्न पाउँदछन् ।

### ५.८ धर्म तथा भाषा

कामी जाति हिन्दु धर्मावलम्बी हुन् । परापूर्व काल देखि नै हिन्दु धर्मका पक्षधर कामी जाति हिन्दु धर्म अर्न्तगत सबै चाड पर्व मनाउने गर्दछन् । हिन्दुको महान् पर्व दशैंमा यी जातिको प्रमूख भूमिका रहेको हुन्छ दशैं फूलपाती अगाडी नै सबैका हातहतियारमा धार लगाउने कार्य गर्दछन् । यस अध्ययन क्षेत्रमा ४१ घरसंख्यामा ४० घरले हिन्दु धर्म र १ घरले क्रिष्चियन धर्म मान्ने पाइएको छ । मदनपोखरा गा.वि.स को कामी समाजमा बोलिने मूख्य भाषा नेपाली नै हो ।

## ५.९ निर्णय प्रक्रियामा भूमिका

दैनिक कार्य संचालन र महत्वपूर्ण कार्यहरू गर्दा महिलाहरूलाई कत्तिको सहभागी गराइन्छ वा महिलाहरूको राय वा तर्कहरूलाई कत्तिको स्थान दिइन्छ भन्ने कुराहरूको पनि त्यस समाजका महिलाहरूको सामाजिक अवश्था ज्ञान हुन सक्ने भएकाले यस अध्ययनका क्रममा विभिन्न दैनिक कार्य र केही महत्वपूर्ण कार्यहरू गर्दा अथवा त्यस्तो कार्यहरू गर्ने निर्णय गर्दा महिलाहरूको के कस्तो भूमिका रहन्छ ? महिलाहरू एकल निर्णय गर्दछन् वा पुरुषहरू एकल निर्णय गर्दछन् वा संयुक्त रूपमा निर्णय गरीन्छ ? भन्ने जिज्ञासाहरूका साथ सर्भेक्षण गरिएको थियो ।

यस तालिकामा खाना पकाउने कार्य महिला उत्तरदाताहरू मध्ये ३१ जना (७५.६%) ले गरेको पाइयो । संयुक्त रूपमा ५ (१२.२%) जना, बुहारी २ (४.९%) जनाले छोरी २ ( ४.९%) जनाले पकाउने कार्य गर्ने र पुरुष मात्रले १ जना ले पनि पकाउने गरेको पाइएन खेति गर्ने कार्यमा महिला मात्र ७ (१७.१%) पुरुष (श्रीमान) मात्र ४ (९.८%) जना, संयुक्त रुपमा २४ (५८.९%) पाइयो । पैसा राख्ने कार्य महिलाहरूमा १६(३९.०%) र पुरुष मात्रमा १५ (३६.६%) संयुक्त रुपमा राख्ने २ (४.९%) जना पाइयो । यस तथ्यांक अनुसार पुरुष कमाउने र महिलाले घर खर्च चलाउने हुँदा पैसा राख्ने महिलाहरूको संख्या पुरुषको भन्दा बढि पाइयो ।

उपरोक्त तालिका अनुसारको तथ्यांकलाई हेर्दा महिलाहरूले पनि धेरैथोरै निर्णय गर्ने विषयमा आफूहरूले जाने बुझे सम्मको राय, सुझाव, सल्लाह दिने गरेको पाइयो । यस मदनपोखरा गा.वि.स को कामी समाजमा हुने गरेको कामको प्रकृतिलाई खास गरी तीन श्रेणीमा वर्गीकरण गरेर विश्लेषण गर्नु उचित भएकाले निम्न अनुसार वर्गिकरण गरिएको छ।

तालिका नं. ९
कामको क्षेत्र र निर्णयमा लैङ्गिक स्थिती

| विवरण | कामको प्रकृति | निर्णय गर्ने व्यक्ति |
|---|---|---|
| घर भित्रको काम | खाना पकाउने, पशुस्याहार, चाडपर्वको व्यवश्थापन, घरको सरसफाई, दाउरा संकलन । | महिला सदस्य |
| घर बाहिरको काम | बजार किनमेल, खेति लगाउने, औषधी उपचार । | पुरुष सदस्य |
| महत्वपूर्ण काम | छोराछोरीको विवाह, जग्गा किनवेच, पशु किनबेच, पैसा कसले राख्ने | घर सल्लाह संयुक्त |

स्रोत : स्थलगत सर्वेक्षण २०६६ ।

प्राप्त तथ्यांकहरूलाई हेर्दा घरभित्रको कार्यहरूमा महिलाहरू र घर बाहिरको कार्यहरूमा पुरुषहरूको निर्णय हुने गरेको पाइयो तर छोराछोरीहरूको विवाह, जग्गाको किनवेच र पशुको किनवेच गर्दा महिलाहरूसँग पनि राय परामर्श गर्ने गरेको पाइएकोले यस

अर्थमा महिलाहरूको राम्रो सहभागिता भएको पाइन्छ । महिला प्रमूख भएको परिवार अर्थात प्रमूख विदेश गएको परिवारमा महिलाको निर्णय गर्ने पूर्ण अधिकार भएको पाइयो ।

### ५.१० महिलाहरूको सामाजिक स्थितिको मूल्यांकन

नेपालमा विद्यमान सर्वे ऐन, कानुनहरूले महिला र पुरुषहरूलाई समान अधिकार प्रदान गरेका छन् । तर नेपालका अधिकांश महिलाहरूलाई आफ्नो हक र अधिकारका विषयमा ज्ञान छैन । दलित तथा पिछडिएका जातिहरूमा त यो अज्ञानता अझ बढी छ । आफ्नो समुदाय भित्र उनीहरूको सामाजिक स्तर राम्रो देखिन्छ । तर समुदाय वा समाजहरूसँग तूलना गर्दा यस समुदायका महिलाहरू अझ बढी दलित र पिछडिएका देखिन्छन् । यस अध्ययनको क्रममा प्राप्त विभिन्न संख्यात्मक र गुणात्मक तथ्यांकहरूलाई विश्लेषण गर्ने प्रयास गरिएको छ । कामी समाजमा एकात्मक परिवारको बढी बाहुल्यता भएको पाइन्छ । संयुक्त परिवार भन्दा एकात्मक परिवारका महिलाहरू स्वतन्त्र रहन्छन् ।

मदनपोखरा गा.वि.स. को दलितहरूको शैक्षिक अवस्था कमजोर नै रहेको पाइन्छ । २०५८ को जनगणनाको तथ्यांक अनुसार यस गा.वि.स मा पुरुषहरू ७५.९% र महिला ६२.४% साक्षर रहेका छन् । वर्तमान समयमा यस क्षेत्रका कामी जातिहरूको आफ्ना सन्तानहरूलाई विद्यालय पठाउने क्रम बढ्दै गएको छ । यस अध्ययनको सर्वेक्षणमा ४८.८% (२० जना) महिलाहरू साक्षर देखिन्छन् । यस भित्र साक्षरता कक्षा पढेर पनि साक्षरता हासिल गर्नेहरू पनि छन् ।

यस क्षेत्रका कामी महिलाहरूले १-६ वटा सम्म वच्चा जन्माउने गरेका छन् । नेपाल कै सन्दर्भमा यो संख्या धेरै भने होइन । तर संख्यात्मक रूपमा भन्दा पनि वच्चा जन्माउने समयमा आमाहरूले कतिको उपचार, सुविधा पाउँछन् भन्ने कुरालाई ध्यान दिनुपर्दछ । गर्भवती समयमा स्वास्थ्य परीक्षण नगराउनु आँशिक रुपमा त्यो पनि वाध्यात्मक परिस्थितिमा मात्र अस्पताल पुग्नुलाई सन्तोसजनक मान्न सकिन्न । यस अध्ययन क्षेत्रका १२.२% (५ जना) विरामी परेपछि धामी झाक्रीकोमा पुग्दछन् । अस्पतालमा ६१% महिलाहरू जाने गर्दछन् । हेल्थपोष्टमा १४.६% (६ जना) जाने गर्दछन् । यसवाट धेरै मानिसहरू अस्पताल गएको पाइएको छ । यस तथ्यांकबाट जनचेतनाको कारण धेरै अस्पताल गएको हो भन्न सकिन्छ ।

यस क्षेत्रका महिलाहरू एक घण्टा लगाएर पानी लिन जाने गर्दछन् । उनीहरू दिनमा दुई तिन पटक सम्म खानेपानी लिनको लागि जाने गर्दछन् यसबाट खानेपानी लाई समस्याको रुपमा बुझ्न सकिन्छ । यहाँका कामी समुदायका मानिसहरूले गर्ने कामलाई मूख्यतय ३ भागमा वर्गिकरण गरेर विश्लेषण गरिएको छ । घरभित्रको काम, घर बाहिरको काम र महत्वपूर्ण कामहरू, घर भित्रको कामहरू खाना पकाउने, पशु किनवेच आदि । महिलाहरूले यस्ता कार्यहरूमा एकल निर्णय पनि गर्ने गरेको पाइयो । यस्तो कार्यहरूमा एकल निर्णय गरे भन्दैमा उनीहरूको स्तर राम्रो भन्न मिल्दैन । महत्वपूर्ण कार्यहरू पैसा राख्ने, छोराछोरीको विवाह, जग्गा किनवेच आदिमा उनीहरू एक्लै निर्णय गर्दैन् दुवै जनाले संयुक्त रूपमा निर्णय गर्दछन् । महिलाहरुको पनि राय लिने हुदा महिलाहरूको निर्णय प्रक्रियामा सहभागिता राम्रो भएको पाइन्छ । तर समग्र समाजमा महिलाहरूको सामाजिक स्थिति दयनिय नै देखिन्छ ।

अरु जातिका मानिसहरू झै यिनीहरू विद्यालयमा, शिक्षिका, वजारमा पसल, सरकारी कार्यालयमा जागिर, तथा अन्य किसिमका कार्यकर्ताहरूको हैसियत सम्म पनि कामी महिलाहरू पुग्न सकेका छैनन् । यसरी सवै विकास र सुविधाहरूका आधार चेतना र हैसियत भए झै देखिए पनि सामाजिक छुवाछूत, अन्य जातिप्रति परनिर्भर आदि कारणले समग्र रूपमा मुल्यांकन गर्ने हो भने मानसिक रूपले स्वाभिमानी बन्न नसक्नाले मदनपोखरा गा.वि.स का कामी महिलाहरूको सामाजिक अवश्था निम्न स्तरको रहेको छ ।

# अध्याय छ

# कामी जातिहरुको आर्थिक अवस्था

## आर्थिक अवस्था

कुनै पनि देशको आर्थिक वृद्धिदर नै त्यस देशको विकासको सूचक हो । आर्थिक क्रियाकलाप बाट नै मानिसले आफ्नो जीवनस्तर सुधार्न र भविष्यलाई उन्नतितिर उन्मूख गर्न सक्दछ । गाँस, बास र कपास जस्ता मानिसका आधारभूत आवश्यकताहरू बाहेक जीवनमा आवश्यक पर्ने स्वास्थ्य, शिक्षा सुरक्षा, मनोरञ्जन, यातायात सवै कुरालाई परिपूर्ति गर्ने मूख्य श्रोत भनेको नै अर्थ हो । जीवनमा हरेक क्षणमा अर्थतन्त्रले महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ ।

कुनै पनि समाज कति सुखी छ र कति सम्पन्न छ भनेर हेर्नुपर्दा सवैभन्दा पहिले त्यस समाजसँग सम्बद्ध आर्थिक अवस्थालाई मूल्याङ्कन गर्नुपर्दछ । चाहे सामाजिक होस वा सांस्कृतिक, शैक्षिक औद्योगिक एंव वैज्ञानिक क्षेत्रमा होस अर्थतन्त्रको ठूलो महत्व रहेको हुन्छ । कुनै पनि समाज वा समुदायको आर्थिक अवस्थालाई त्यहाँको भूमिको बनोट, भौगोलिक वातावरण एवम् हावा पानीले मुख्य प्रभाव पारेको हुन्छ । समुदायमा रहेका परिवारको आर्थिक स्थिति भन्नु नै उसको स्वामित्वमा रहेको चल-अचल सम्पत्ति हो । चल-अचल सम्पत्तिको स्थितिलाई परिवारका सदस्यको ज्ञान, सीप, स्वास्थ्य र उसले अपनाएको पेसाले प्रत्यक्ष प्रभाव पार्ने भएकोले हुनाले र आय आर्जनको आधारमा आवासको स्थिति हुने भएकोले यस अध्यायमा आर्थिक स्थितिलाई देखाउने प्राप्त तथ्याङ्कको आधारमा व्याख्या र विश्लेषण गरिएको छ ।

यस अध्यायमा पाल्पा जिल्लाको मदनपोखरा गा.वि.स को वार्ड नं. ४ छापमा बसोवास गर्ने कामी जातिको आर्थिक अवस्थाको अध्ययन गर्ने क्रममा उनीहरूले अपनाएको पेशा, घरकोवनावट, वर्ष दिन सम्म खान पुग्ने, नपुग्ने विवरण, जग्गा जमिन र ऋणको अवश्था आम्दानी आदि र अन्य आर्थिक क्रियाकलाप सहितको अध्ययन गरिएको छ ।

### ६.१ घरको वनावट

प्रायजसो कामि जातिको घरहरू एउटै टोलमा रहेको छ । त्यस ठाउँलाई कामी टोल भनेर बुझ्ने गरिन्छ । यहाँ कच्ची, अर्ध पक्की र पक्की घरहरू रहेको छ । माटोको भित्ता, खरको छाना, टिन लगाएको घरहरू रहेको छ । घरको भित्तामा रातो माटोले पोतेका हुन्छन् कसैले सिमेन्ट लगाई रङ लगाएको छ । प्रायजसो घरहरूमा टिनको छाना रहेको छ । कामी जातिको घरहरूको प्रकार वारेको विवरण तथा तालिकामा देखाइएको छ ।

तालिका : १० कामी जातिको घरको प्रकारको विवरण

| प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| कच्ची | १९ | ४६.३ |
| अर्ध पक्की | २१ | ५१.२ |
| पक्की | १ | २.४ |
| जम्मा | ४१ | १००.० |

स्रोतः स्थलगत सर्वेक्षणः २०६६ ।

यस अध्ययन क्षेत्रमा कच्ची घर १९ (४६.३) वटा रहेको छ । जून घरको छाना खर र भित्ता माटोको रहेको छ । अर्धपक्की घर २१ (५१.२%) रहेको छ जून घरमा छाना टिनको रहेको छ भित्तामा सिमेन्ट लगाइएको छ । पक्की घर १ (२.४%) मात्र रहेको छ । यस अध्ययन क्षेत्रमा प्रायजसो अर्धपक्की घर रहेको छ । माटोको घर भएपनि घरमा रङ लगाई माटोले पोती सफा वनाइ राख्ने गर्दछन् । कच्ची घर माटोको भित्ता र खरको छानो भएको र अर्धपक्की भित्तामा सिमेन्ट र टिनको छाना भएको हुन्छ भने पक्की घर चाँही ढलान गरेको हुन्छ ।

## ६.२ पेशा

नेपाल कृषि प्रधान देश भएकोले यहाँका मानिसहरू पनि प्रायजसोले कृषि पेशा नै अंगाली जिविकोपार्जन गरिरहेका छन् । यस अध्ययन क्षेत्रका मानिसहरू पढाई लेखाइको अभावमा जागिर खान नसक्ने, आर्थिक अवस्था राम्रो नभएपछि उद्योग तथा व्यापारमा लाग्न नसक्ने भएकाले पनि यहाँका कामी जातिहरू कृषिलाई नै आफ्नो पेशा बनाउन बाध्य छन् । उनीहरूको आफ्नो स्वामित्वमा रहेको जमिन कमि हुनाको कारण वर्षभरि खान पुग्दैन । तैपनि उनीहरू वर्षभरी नै खेति पातीमा लागिरहेका हुन्छन् । कसैले तान बुन्ने कार्य, पनि गर्दछन् । यस अध्ययन क्षेत्रमा कामी महिलाहरू (उत्तरदाता) हरूले अपनाएका पेशागत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका : ११ उत्तरदाता कामि महिलाहरूको पेशागत विवरण

| पेशा | संख्या | संख्या |
|---|---|---|
| कृषि | १८ | ४३.९ |
| वैदेशिक रोजगार | १ | २.४ |
| गृहणी | १७ | ४१.५ |
| तान बुन्ने | १ | २.४ |
| अन्य | ४ | ९.८ |
| जम्मा | ४१ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण २०६६ ।

माथीको तालिकामा ४१ जना उत्तरदातामध्ये अधिकांश कामी महिलाहरू कृषि पेशामा संलग्न रहेका छन् । अर्थात १८(४३.९%) जनाले कृषि पेशा अँगालेका छन् भने वैदेशिक रोजगार गर्ने मा १ जना (२.४%) गृहणी संख्या १७ (४१.५%) जना तान वुन्ने १ जना ( २.४%) र अन्यमा ४ जना (९.८%) रहेका छन् ।

यस अध्ययन क्षेत्रका ४१ घर परिवारमा विदेश गएको वा नगएको भनी प्रश्न गर्दा २७ (६५.९%) ले गएको भनि बताउँछन् । १४ (३४.१%) घरमा नगएको पाइएको छ । घरमा आम्दानीको स्रोत नभएकोले वैदेशिक रोजगारमा घर खर्च जुटाउनको लागि गएको हो भनि उनीहरू बताउँछन् । यसरी परम्परागत पेशा वा घरको मुख्य पेशाको रुपमा ४० घरको कृषि र १ घरको आरनको काम गर्ने रहेको छ ।

### ६.२.१ पशुपालन

यहाँका कामी जातिले पशुपालनलाई मुख्य पेशाको रुपमा अपनाए ता पनि प्रायजसो घरमा गाई, भैंसी, ब्राखा, कुखुरा आदि पालेको पाइन्छ । गाई, भैंसी दुधका लागि र बाखा, कुखुरा सुगुर मासुको लागि प्रयोग गर्दछन् । अध्ययन क्षेत्रका कामी जातिको आफ्नो घरमा पालेका पशुपक्षीको विवरणलाई तल तालिकामा देखाइएको छ ।

तालिका नं. १२ पशुपंक्षीको विवरण

| पशुपंक्षीको नाम | संख्या | प्रतिशत | नपालेको | प्रतिशत | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| गाई | ४ | ९.८ | ३७ | ९०.२ | ४१ | १००.० |
| भैंसी | २७ | ६५.९ | १४ | ३४.१ | ४१ | १००.० |
| बाखा | ३५ | ८५.४ | ६ | १४.० | ४१ | १००.० |
| कुखुरा | १५ | ३६.६ | २६ | ३४.४.० | ४१ | १००.० |
| सुगुर | ९ | २२.० | ३२ | ७८.० | ४१ | १००.० |
| अन्य | १ | २.४ | ४० | ९७.६ | ४१ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।

माथिको तालिका अनुसार सवैभन्दा बढी बाखा पालेका छन् । जून ३५ (८५.४%) वटा रहेको छ । गाई ४ (९.८%) भैंसी २७ (६५.९%), कुखुरा १५ (३६.७%) सुगुर ९ (२२%) अन्य १ (२.४%) रहेको छ । तथ्यांक अनुसार बाखा, भैसी, कुखुरा, गाई पालेका छन् । गाई र भैंसी त्यहाँका मानिसहरूको दुधको लागि पालेको बताउँछन् । बाखा, कुखुराहरू मासुको लागि पालेका छन् ।

### ६.३ जग्गा जमिन

भूमि पनि मानिसहरूको महत्वपूर्ण अचल सम्पत्ति हो । यसको परिमाणबाट पनि त्यस परिवारको आर्थिक अवस्थाको अड्कल गर्न सकिन्छ । यस अध्ययन क्षेत्रका कामि जातिहरूको खेत हुने १ जना मात्र छन् । बारी ३९ (९५.१%) घरको रहेको छ । २ (४.९%) जनाको बारी पनि छैन । यस अध्ययन क्षेत्रका कामी जातिहरूको जग्गा जमिनको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १३ सर्वेक्षित परिवारमा भूमिको विवरण

| बारी जग्गाको आकार रोपनिमा | संख्या | प्रतिशत |
|---|---|---|
| १ रोपनी हुने | ८ | २०.५ |
| २ रोपनी हुने | ७ | १७.९ |
| ३ रोपनी हुने | ७ | १७.९ |
| ४ रोपनी हुने | ५ | १२.८ |
| ५ रोपनी हुने | ३ | ७.७ |
| ६ रोपनी हुने | ४ | १०.३ |
| ७ रोपनी हुने | ३ | ७.७ |
| १२ रोपनी हुने | २ | ५.१ |
| | ३९ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण २०६६ ।

माथिको तालिका अनुसार ४१ घर परिवार मध्ये २ (४.९%) जनाको घर मात्र अरु जग्गा छैन । थोरै जग्गा भनेको १ रोपनी देखि १२ रोपानी सम्म जग्गा रहेको छ । १ रोपनी हुनेको संख्या ८ (२०.५%) रहेको छ । २ रोपनी हुनेमा ७ घर (१७.९%), ३ रोपनी हुनेमा ७ ( १७.९%), ४ रोपनी हुनेमा ५ (१२.८%), ५ रोपनी हुनेमा ३ (७.७%), ६ रोपनी हुनेमा ४ ( १०.३%), ७ रोपनी हुनेमा ३ (७.७%) १२ रोपनी हुनेमा २ घर (५.१%) जना रहेको छ । ४१ घरपरिवार मध्ये २ घरको जग्गा छैन ति दुई मध्ये १ जनाले अरुको जग्गा अधिया गरी खाने गर्दछ । १ जनाले पाल्पाली ढाका तान बुनी आफ्नो जीविकोपार्जन गर्दछ ।

## ६.४ खेतिपातीबाट हुने आम्दानी

यस क्षेत्रका अधिकांश कामी जातिहरू कृषक भएकोले यहाँको आम्दानीको मुख्य श्रोत कृषि नै हो । तर उनीहरूको भूमि कमि अर्थात बारी मात्र भएकोले आफ्नो खेतिको आयवाट मात्र खान पुग्दैन । यस अध्ययनका क्रममा उनीहरूको खेतीपातीले कति सम्म गुजारा चल्छ ? पुग्छ कि पुग्दैन भनेर सर्वेक्षण गरिएको थियो जुन तल तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.१४

खेतिपातिबाट हुने आम्दानीको विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| ६ महिना सम्म खान पुग्ने | १४ | ३५ |
| २ महिना सम्म खान पुग्ने | २१ | ५२.५ |
| १ महिना सम्म खान पुग्ने | ५ | १२.५ |
| जम्मा | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६६ ।

माथि उल्लेखित तालिका अनुसार ६ महिना मात्र खान पुग्ने १४ (३५%), दुई महिना मात्र खान पुग्ने २१ (५२.५%) र १ महिना मात्र खान पुग्ने ५ (१२.५%) रहेको छ । यहाँका मानिसहरूले वर्षभरि आफ्नो बारीमा परिश्रम गरे पनि १-६ महिना सम्म मात्र खान पुग्दछ ।

उनीहरूले आफ्नो जीविकोपार्जन गर्ने खेतिबाट मात्र नपुग्ने हुनाले तान वुन्ने, विदेश जाने, पसलमा काम गर्ने आदि कार्य गर्दछन् । यसरी माथिको तथ्यांकबाट के थाहा हुन आउँछ भने यस गा.वि.स वार्ड नं. ४ का कामी परिवारमा आफ्नो खेतीको आम्दानीले कसैलाई पनि वर्ष दिन सम्म खान नपुग्ने देखिन्छ । बढिमा जम्मा ६ महिना सम्म खान पुग्ने देखिन्छ । उनीहरू कहिले काँही मगर/ठकुरीको कामग गर्न पनि जाने गर्दछन् । पुरुषहरू वैदेशिक रोजगारमा गएको पाइन्छ । यसरी वर्ष दिन सम्म खान नपुग्ने कामी जातिहरूले कहिलेकाही ज्यालादारी काम, तान वुन्ने जस्ता कार्यबाट प्राप्त आयले घरखर्च गर्नुका साथै पारिवारिक खर्च चलाएको देखिन्छ ।

## ६.५ खेतिपाती र महिला

यस अध्ययन क्षेत्रमा पहाडी क्षेत्र भएकोले खेति कम हुने गर्दछ । यि कामी जातिले आफ्नो थोरै जग्गा भएपनि जमिनको सदुउपयोग गरेका छन् । उनीहरूले भएसम्म परिश्रम गर्दछन् । यहाँ कामी जातिले अन्नखेती, तरकारी खेती फलफूल खेती गरेका छन् । अन्न खेतीमा मकै, कोदो, तोरी, भट्टमास, सरसिऊ आदि हुन् भने यीनिहरूले गर्ने तरकारी खेतीमा आलु, खुर्सानी, गोलभेडा, फर्सी, काउली, वन्दा आदि हुन् । तरकारी र अन्न खेतीले आफूलाई खान पुग्न पनि धौधौ पर्दछ भने फलफूल खेतीमा थोरै उत्पादन भएपनि बिक्री वितरण गरी आधारभूत आवश्यकता पूर्ति गर्दछन्, फलफूलहरूमा अम्बा, नासपाती, केरा, कटहर, काका, कागती, मेवा, लगाएका छन् । काका, फर्सी खास गरी वर्षाको समयमा बढि उत्पादन हुने गर्दछ उनीहरूले बुटवल डुम्रेमा लगेर बिक्रि गर्ने गर्दछन् । हलो जोत्ने काम बाहेक खेतिपातीको बिऊ बेर्ना राख्नेदेखि लिएर वाली लगाउने, गोलमेल गर्ने तथा काट्ने थन्काउने कार्यहरूमा महिलाहरूले पनि पुरुषहरूले झै काम गर्न सक्दछन् । पुरुषहरू विदेश जाने वा बाहिरको काममा बढी व्यस्त हुने हुँदा आफ्नो घरको खेतिपातीको काममा महिलाहरूको सहभागिता रहेको पाइन्छ ।

## ६.६ ऋणको अवस्था

यस अध्ययन क्षेत्रका ४१ जना उत्तरुदाताहरू कामी परिवारहरू मध्ये ३५ (८५.४%) ले ऋण लिएको र ६ जना (१४.६%) ले ऋण नलिएको बताइएका छन् । यहाँका कामी जातिहरूले ऋण खास गरी खाना, शिक्षा, उपचार, कपडा केही व्यवसाय गर्नको लागि साना किसान परियोजना, कृषि विकास बैंक, जमिन्दार, छिमेकी नातेदारबाट ऋण लिएर घरयासी व्यवहार चलाएको पाइन्छ । यस अध्ययन क्षेत्रमा कामी जातिहरूले लिएको ऋणको विवरणलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १५
ऋण लिएको विवरण

| ऋण लिने ठाउँ | संख्या | प्रतिशत |
|---|---|---|
| साना किसान परियोजनाबाट | ३ | ८.६ |
| कृषि विकास बैंकबाट | २ | ५.७ |
| जमिन्दार वा साँहुबाट | २ | ५.७ |
| छिमेकी वा नातेदारबाट | २४ | ८०.० |
| जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।

माथिको तालिका अनुसार सम्पूर्ण उत्तरदाता कामी जातिहरूमध्ये ३५ जना (८५.४%) ले ऋण लिएको त्यसमा साना किसान परियोजनाबाट ३ जना (८.६%) ले, कृषि विकास बैंकबाट २ जना (५.७%), जमिन्दार वा साँहुबाट २ जना (५.७%)ले र छिमेकी वा नातेदारबाट २४ जना (८०%) ले ऋण लिएका छन् । उनीहरूले बैंकमा गएर ऋण लिनको लागि टाढा जाने पर्ने र झन्झटिलो लाग्ने हुनाले थोरैले मात्र बैंकबाट ऋण लिन सजिलो लाग्ने भएकोले २८ जनाले छिमेकी वा नातेदार सँग बाट ऋण लिने गर्दछर्न । यसरी नजिकैको छिमेकी वा नातेदारबाट ऋण लिदाँ जहिले दिए पनि हुने अर्थात भएको समयमा तुरुन्त दिन र आफूसँग नभएको समयमा आफूले ऋण लिन सजिलो हुने भएकाले छिमेकीबाट ऋण लिने उनीहरू बताउँछन् यस अध्ययन क्षेत्रमा कामी जातिहरूले निम्न प्रकारका शिर्षक खर्च गर्नका लागि ऋण लिने गर्दछन् जसलाई तालिकाबाट देखाउन सकिन्छ ।

तालिका नं. १६
ऋण खर्च गर्ने शिर्षकको विवरण

| खर्चको शिर्षक | खर्च गर्ने संख्या | खर्च गर्ने प्रतिशत | खर्च नगर्ने संख्या | खर्च नगर्ने प्रतिशत | जम्मा संख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| खाना | ३० | ७३.२ | ११ | २६.८ | ४१ | १०० |
| शिक्षा | १० | २४.४ | ३१ | ७५.६ | ४१ | १०० |
| कपडा | ९ | २२ | ३२ | ७८ | ४१ | १०० |
| विदेन जान | २८ | ६८.३ | १३ | ३१.७ | ४१ | १०० |
| उपचार | २ | ४.९ | ३९ | ९५.१ | ४१ | १०० |
| अन्य | १ | २.४ | ४० | ९७.६ | ४१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।

माथिको तालिका अनुसार यस अध्ययन क्षेत्रका कामी जातिले खानाको लागि ३० (७३.२%) ले ऋण लिएको छ खानाको लागि खर्च नगर्ने ११( २६.८) जना छन् । शिक्षाको लागि लिने १० (२४.४%) जना, कपडाको लागि लिने ९ (२२%), उपचारको लागि ऋण लिने २ (४.९%) अन्यमा १ (२.४%) जना रहेको छ । यस तथ्यांक अनुसार विदेश जानको लागि धैरैले ऋण लिने गरेको पाइयो । यस क्षेत्रका मानिसहरू जो देशमा रोजगारी नभएर विदेशमा जानेको संख्या वढि देखिन्छ । त्यसैले उनीहरु विदेश जानको लागि बढि ऋण लिने गरेको पाइयो ।

### ६.७ खाना पकाउने स्रोत

यस अध्ययन क्षेत्रका ४१ घरपरिवारका कामीहरू सबैले दाउरा प्रयोग गरी खाना बनाउने गरेको पाइएको छ । कुनै-कुनै घरमा स्टोभ कहिले काही मात्र प्रयोग गर्ने बताउँछन् उनीहरूले पनि दाउराको नै प्रयोग गर्दछन् । दाउरा जंगल जान नपाइने हुँदा आफ्नो-आफ्नो बारीबाट संकलन गर्दछन् र जंगलको दाउरा निश्चित समयको लागी खुला हुदा मात्र ल्याउने गर्दछन् । आर्थिक कमजोर भएको कारण ग्यास प्रयोग नगरेको उनीहरू बताउँछन् ।

### ६.८ सम्पत्तिमा अधिकार

यस जातिका महिलाहरूको प्रत्यक्ष नियन्त्रणमा सम्पत्ति भएको देखिदैन । अरु जात जातिमा जस्तै कामी समाजमा पनि जग्गा जमिनहरू लोग्ने मानिसको नाममा नै रहन्छ । लोग्ने मान्छेको शेषपछि मात्र महिलाहरूका नाममा रहन सक्छ । तर जून परिवारमा महिलाहरू सक्रिय घर व्यवहारमा लागेका हुन्छन् । नगद रुपैयाँ पैसाको कारोवार पनि उनीहरू नै गर्दछन् । विशेष गरी अरु परिवारमा पनि संचयका लागि जम्मा भएको नगदर रुपैया पैसाहरू महिला नै राख्दछन् । खर्च गर्नुपर्ने समय आएपछि आवश्यकता अनुसार झिक्दछन् । यस जातिका पुरुषहरू संचय गर्नु भन्दा अनावश्यक रूपमा बढी खर्च गर्ने हुनाले काम गर्ने ठाउँमा पनि पुरुषलाई दिनुपर्ने नगद रुपैयाँ पनि महिलालाई दिने गर्दछन् । यस गा.वि.स को कामी जातिका महिलाहरूलाई पैत्तिक सम्पत्ति, छोरा छोरीलाई समान हक हुनुपर्दछ भन्ने सुन्नु भएको छ भन्ने प्रश्न गर्दा ३६ जनाले सुनेको जनाए । यस अध्ययनको क्रममा पैत्रिक सम्पत्तिमा छोरीलाई अधिकार हुन आवश्यक छ कि छैन भन्ने जिज्ञासा राखी तथ्याङ्क संकलन गरिएको थियो । सो को विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. १७
पैत्रिक सम्पत्तिमा छोरा छोरीको अधिकार माथिको विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पैत्रिक सम्पत्तिमा छोरा सरह छोरीको अधिकार हुनपर्दछ | २५ | ६१ |
| पैत्रिक सम्पत्तिमा छोराको मात्र अधिकार हुनपर्दछ | १६ | ३९ |
| जम्मा | ४१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।

माथिको तथ्यांक अनुसार ६१% ले महिलाहरू पैत्तिक सम्पत्तिमा छोरा सरह छोरीलाई पनि अधिकार हुनपर्दछ र उनीहरूलाई भए सम्म अंश दिनुपर्दछ । हामीसँग त सम्पत्ति नै छैन कसरी दिने भन्ने बिचार राखे । उनीहरूका अनुसार छोरा सरह छोरीहरूले पनि अंश लिदा महिलाहरूको पनि इज्जत हुने, पुरुषहरूले हेप्न नसक्ने र छोरीहरूलाई पनि पैत्रिक सम्पत्तिको अधिकार प्राप्त हुने धारणा राखे । त्यसै गरी ३९% महिलाहरू पैत्रिक सम्पत्तिमा सहभागी गराउनु हुन्न भन्ने विचार राखे । उनीहरूका अनुसार यसरी छोरीलाई अंश दिदा परम्परागत रूपमा चल्दै आएको सामाजिक संरचना भत्कने, महिलाहरूको झन बढी शोषण हुन सक्ने संभावना रहन्छ भन्ने अवधारणा रहेको पाइयो ।

गर गहना पनि समाजको आर्थिक अवस्था झल्काउने महत्वपूर्ण सुचक हो । सामान्यतया गरगहनाहरूमा महिलाहरूको आर्थिक नियन्त्रण रहन्छ । यस समुदायमा कुनै परिवारको आर्थिक अवस्था राम्रो भएमा महिलाहरूले गहनाहरू बनाउने चलन छ । कुनै समयमा आफूहरूलाई आर्थिक संकट परेमा यसलाई धितो राखेर काम चलाउन सकिने जिन्सीको रूपमा लिइन्छन् । गरगहनाहरू प्राय सुनबाट बनेका हुन्छन् । अन्य जातिको झैं सामान्यतया विवाहित महिलाको लागि आधारभूत गहनाहरूमध्ये तिलहरी, फूली, औंठी, झुम्का जस्ता गहनाहरू बनाइएका हुन्छन् ।

## ६.९ महिलाहरूको सम्पत्तिको श्रोत तथा पेवापात

कामी समाजमा महिलाहरूको सम्पत्ति भनेको आफ्नो लोग्ने, ससुराको नाममा रहेको जग्गा जमिन, घरवारी आदि नै हुन् । त्यसैले कामी महिलाहरूको सम्पत्तिको मूख्य श्रोत भनेको आफ्नो घर परिवार र यसबाट हुने आम्दानी हो । माइतीलाई पनि दोस्रो दर्जाको श्रोत मान्न सकिन्छ । किनकि माइतीबाट जग्गा जमिन लगायतका अन्य सरसामानहरू दाइजोको रूपमा प्राप्त गर्न सक्दछन् । दाइजो पेवापातलाई पनि महिलाको निजी सम्पत्तिको रुपमा हेर्न सकिन्छ । तर एकल परिवारका महिलाहरू आफै परिवारको सर्वेसर्वा हुने भएकोले पेवाको कुनै अर्थ रहदैन संयुक्त परिवारका सासुहरू पनि महिला प्रमुख हुने भएकोले उनीहरूमा पनि खास पेवाको महत्व देखिदैन तापनि १२.२ (५ जना) महिलाहरूसँग थोरैथोरै पेवापात वा दाइजो भएको पाइयो । जस मध्ये नगद रुपैंया, कुखुरा, वाखा, भैंसी आदि यसको स्रोत माइती नै भएको पाइयो ।

## ६.१० विविध

माथि उल्लेखित गरिए अनुसार कामी जातिहरूको आर्थिक अवस्था कमजोर नै रहेको छ । कमजोर आर्थिक अवस्था भएकोमा कसरी उनीहरू आर्थिक अवस्थाको सन्तुलन कायम गर्दछन् भन्ने जिज्ञासा लाग्नु स्वभाविकै हो । आफ्नो खेतीको उब्जनीले वर्ष दिन सम्म पनि खान नपुग्ने हुनाले प्राय सबै परिवार वाट विदेश गएका छन् । ४१ घरधुरी मध्ये ३५ जना विदेश गएका छन् । विदेशबाट कमाइएको पैसाबाट आफ्नो गुजरा चलाउने गर्दछन् । कोहीले तान बुन्ने, ज्यालादारी गरेर पनि पैसा कमाई आफ्नो घरखर्च जुटाउने गर्दछन् । खाद्यन्न, शिक्षा, उपचार, कपडा आदिको लागि पैसाको खाँचो पर्दछ । त्यस्तो अवस्थामा ऋण लिनु नै एक उपाय हो । उनीहरू ऋण वैंक, छिमेकी, नातेदारहरूबाट ऋण लिने गर्दछन् । आफ्नो घरयासी आवश्यकता पूरा गर्दछन् त्यस ऋण विदेशबाट आफ्ना श्रीमान, छोराहरूले पठाएपछि तिर्ने गर्दछन् । उनीहरू अशिक्षित वा उच्च शिक्षा हासिल नगरेकाले राम्रो जागिर वा व्यवसाय गर्न सकेका छैनन् । आफ्नो गुजारा टार्न विदेशबाट कमाइ ल्याएको पैसाले मात्र पुग्दैन घरमा ऋण तिर्न बाँकी त्यही ऋण तिर्दा कमाएको पैसा सकिन्छ । यसरी उनीहरू आर्थिक स्तर बढ्न सकेको छैन । आर्थिक सुधार भएको देखिदैन । यस्तो परिस्थितिलाई मध्यनजर राखेर वर्तमान समयमा विभिन्न दलित कोटा विपन्न ५ वर्ष भन्दा मुनिका विपन्न दलित बच्चालाई सरकारले भत्ता दिने व्यवस्था छ । दलित उत्थानको लागि दलित वर्ग उत्थान जिल्ला समन्वय समिति जस्ता संस्था पनि रहेका छन् । जि.वि.सबाट पनि दलितहरूको लागी कार्यक्रम संचालन भइरहेका छन् । सरकारी निकायबाट पाइने आर्थिक सहयोग तथा अनुदान लिन सक्ने वातावरण मिलार्य दिनुका साथै आर्थिक क्षमतामा

अभिबृद्धिका साथै सामाजिक भेदभावको रूपमा रहेको छुवाछूतको प्रथालाई हटाउने खालका कार्यक्रमहरू संचालन गरिरहेका छन् । त्यस्तै गाउँ विकास समितिले पनि दलित वर्गको समुह बनाई गरिवी निवारण शिर्षकमा आर्थिक सहयोग गर्ने गरेको छ । वर्तमानमा आएर उनीहरूले आफ्नो स्वामित्व मा रहेको जग्गा जमिन धितो राखी साना किसान बैंकबाट आफ्नो घर व्यवहार चलाउन, विभिन्न उद्देश्य बनाइ बाख्रा, भैंसी पालन गर्नको लागि ऋण लिने गरेका छन् ।

## ६.११ महिलाहरूको आर्थिक अवस्थाको मुल्यांकन

कामी जातिका महिलाहरूको आर्थिक अवस्था भनेको छुट्टै रूपमा गर्नु गाह्रो हुन्छ । किनकि समग्र पारीवारिक आर्थिक अवस्था नै उनीहरूको पनि आर्थिक अवस्था हो । यसर्थ उनीहरूको छुट्टै आर्थिक अवस्था कस्तो छ भन्दा पनि समग्र पारीवारिक आर्थिक अवस्थालाई सन्तुलनमा राख्न एउटी महिलाले पुऱ्याएको योगदानलाई अध्ययन गर्दा उनीहरूको आर्थिक अवस्था झल्कन्छ । पेशागत रुपमा विश्लेषण गर्ने हो भने अधिकांश कामी जातिको पेशा कृषि नै देखिन्छ । ज्याला मजदुरीमा हलो जोत्ने काम बाहेक सबै काममा पुरुष सरह काम गर्ने गर्दछन् । खेतीपाती गर्दा वालीनाली लगाउने, गोडमेल गर्ने, जस्ता सबै जसो कार्यहरू महिलाहरूले गर्दछन् । खाली समयमा तान वुन्ने गर्दछन् । त्यसैले कामी जातिको समुदायमा हुने आर्थिक उत्पादनमा महिलाहरूको महत्वपूर्ण भूमिका रहन्छ । पशुपालत गर्ने कार्यहरूमा महिलाहरू उत्तिकै श्रमदान गर्दछन् । गोठ सफा गर्ने, वस्तुभाउको सफाई गर्ने, कुडोपानी, घाँसपात सबैजसो कार्यहरू महिलाद्वारा गरीन्छ । त्यसैले यस पेशामा पनि महिलाहरूको व्यापक योगदान पुगेको छ । कामी समुदायमा बारी भएता पनि पानी नलाग्ने हुनाले उब्जनी कम हुन्छ । महिलाहरू सकेसम्म राम्रो उत्पादन गर्न मिहिनेत गर्दछन् । त्यस्तै पुरुष विदेश गएको परिवारमा पुरुषको नियमित कमाई भएपनि महिलाले आफ्नो घरको काम सँगै मजदुरीको काम गर्न नछोड्नु पनि महिलाको परिवार प्रति गरीने लगानी र जिम्मेवारीपन महत्वपूर्ण पक्ष हो । आफ्नो खेतीपातीको आयस्तरले वर्षदिन सम्म खान नपुगे पनि आम्दानीको लागि बढी समय दिनु पर्ने परिवारको पालन पोषण गर्नुमा पुरुषको मात्र दायित्व हो भन्ने मान्यता उनीहरूमा नहुनु जस्तै लोग्ने ज्यामी वा मिस्त्री छ भने लोग्नेले गर्ने काममा सघाउने गर्दछन् । आफ्नो घरको गाह्रो काममा पनि लोग्ने स्वास्नी मिलेर गर्ने हुनाले परिवार पनि मिलेको देखिन्छ ।

परिवारको जग्गा, जमिन तथा अन्य सम्पत्तिहरू प्राय पुरुषहरू कै नियन्त्रणमा रहने चलनलाई महिलाहरू प्रतिको अन्याय देखिए पनि पुरुषहरूको शेषपछि महिलाहरूमा अधिकार सबै सामाजिक संरचना भएकाले यसलाई नकारात्मक रुपमा लिनु पर्ने छैन । त्यस्तै महिलाहरूले चाहेमा श्रीमान सँग जुनसुकै समयमा पनि दाभासाहीले अंश पाउन सक्ने कानुनी मान्यता यिनीहरूमा पनि लागू हुन्छ । त्यस्तै पैत्रिक सम्पत्तिमा छोरीहरूको अधिकार हुन्छ कि हुँदैन भन्ने प्रश्नमा ६१.०% महिलाहरूले सकारात्मक जवाफ दिनुले यस समुदायका महिलाहरू छोरा र छोरी वीचको लैङ्गिक विभेद गर्नु हुदैन भन्ने मान्यता बढी भएको पाइयो । महिलाहरू आफूसँग भएको पेवापात घरमा आवश्यक परेमा घरको लागि प्रयोग गर्दछन् । जसले गर्दा महिलाहरू पनि पूर्ण रूपमा परिवार प्रति उत्तरदायी भएको देखिन्छ । अरु जातिका मानिसहरूको तुलनामा यिनीहरूको आर्थिक अवस्थालाई हेर्ने हो भने अधिकांश रुपमा थोरै जमिन, थोरै आम्दानी, निश्चित व्यवसाय नहुनु, सम्पत्तिमा पुरुषको एकाधिकार,

धेरै श्रम गर्नुपर्ने बाध्यता आदिलाई हेर्दा कामी जातिका महिलाहरूको वर्तमान आर्थिक अवस्था कमजोर भएको देखिन्छ ।

# अध्याय सात

## छुवाछूतले कामी महिलाहरूको सामाजिक आर्थिक अवस्थामा पारेको प्रभावहरू र परिवर्तनको विश्लेषण

कुनै पनि समाजको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, सांस्कृतिक अवस्थामा परिवर्तन ल्याउने माध्यमहरूमा सहरीकरण, औद्योगिकरण, संस्कृतिकरण, आधुनिकीकरण, विज्ञान प्रविधिको विकास, सूचना तथा संचारको विकास, यातायातको विकास राजनीति परिवर्तन, आदि प्रमुख हुन् ।

परिवर्तन भनेको विस्तारै हुँदै जाने प्रक्रिया हो । रातारात परिवर्तन हुन सक्दैन । समयको अन्तराल सँगै हुने कुनै पनि क्षेत्रको परिवर्तन त्यहाँ भएका विविध विकासको परिणाम हो ।

जिल्ला विकासका सबै पूर्वाधारहरूको विकासले यो जिल्ला आर्कषणको केन्द्रविन्दु बनेको छ ।

विश्वमा परिचित पर्यटकीयस्थल पोखरा तथा धार्मिकस्थल लुम्बिनीको बिचमा अवस्थित पाल्पाको सदरमुकाम तानसेनको पर्यटकीय महत्वको कारणले गर्दा तानसेन नगरपालिका नमुना शहरको रुपमा मानिन्छ । सेनवंशी र मगराँती पृष्ठभूमि बोकेको पाल्पा जिल्लालाई इतिहास, कला, शिक्षा, संस्कृति, रहनसहन र सभ्यताको धनी मानिन्छ । जिल्लाले आधुनिक कृषि प्रणालीको माध्यमबाट आर्थिक विकासको निम्ति विभिन्न प्रयासहरू गर्दै आएको छ । पर्यटन, व्यावसायिक ढाका र करुवा तथा भाडावर्तन निर्माणका उद्योगहरूले यस जिल्लाको आर्थिक विकासमा केही हदसम्म टेवा पुऱ्याउने गरेका छन् । आधुनिक तथा व्यावसायिक कृषी प्रणाली, मानव संसाधानको विकास, व्यावसायिक तालीम तथा शिक्षा, उन्नत पशुपालन आदिलाई प्रवर्द्धन गरिएको कारणले पनि मानिसको चेतनामा परिवर्तन आएर दलितलाई छुवाछूत गर्न हुँदैन भन्ने मानसिकतामा पनि परिवर्तन हुँदै आएको छ ।

नेपालमा सवै भन्दा अमानविय सामाजिक व्यवहार भनेको छुवाछूतको व्यवहार हो । २०२० सालको मुलुकी ऐनले कानुनी रुपमा छुवाछूतको व्यवहार अन्त्य गरेको भएपनि व्यवहारमा अझ पनि हटिसकेको अवश्था छैन । छुवाछूतको समस्याले महिला र पुरुष दलित दुवै उत्पिडित छन् । दलित महिला होस वा दलित पुरुष होस छुवाछूतको दुर्व्यवहार पानी पँधेरा र सार्वजनिक धारामा पानी भर्न जादा होटेलमा माथिल्लो जातिको घरमा खाएर भाडा माझ्न, मन्दिर भित्र प्रवेश गर्न, भोजभत्तेरमा सँगै बसेर खान आदि कुरामा छुवाछूतका घटनाहरू पहिले भन्दा अहिले धेरै सुधार हुँदै आएको बताउने गरेको पाइयो । यस क्षेत्रका कामी जातिहरूले पहिला माथिल्लो जातिको घरमा गएर खादा आफूले खाएको भाडा आफै माझेर घाममा सुकाउने र आगो पानी राखेर मात्र माथिल्लो जातका मानिसहरूले भित्र लैजाने गर्दथे । स्थानिय कामी बुढापाका व्यक्तिका अनुसार दमाई, कामीसँग नेवार, वाहुन, क्षेत्री, मगर, ठकुरीहरू छोइयो भने उनीहरू सुन पानी पाती खाइ भित्र पस्ने प्रचलन थियो । अहिले आएर यि कुराहरूमा परिवर्तन भएको छ । छोइछिटो बार्ने प्रचलन हराए पनि अझै कुनै-कुनै बुढाबुढीहरूले उनीहरूलाई छुन नदिने गर्दछन् भनी उनीहरू बताउँछन् ।

दलित भित्र पनि जातिय एकता रहेको पाइदैन । दलित समाजभित्र पनि जातपात र छुवाछूतको प्रथा हावी छ । कामीले छोएको सार्कीले नखाने, सार्कीले छोएको कामीले नखाने दमाइले छोएको कामी, सार्कीले दुवैले नखाने चलन छ । वर्तमान समयमा भने बुढाबुढीहरू बाहेक सबै युवा युवतीहरू यस्तो चलन हटाउनुपर्दछ भन्दछन् । छोएको खाएर केही हुँदैन सफा हुनपर्दछ भन्दछन् । छोएको खाएर केही हुँदैन सफा हुनपर्दछ भन्ने यिनिहरूको मान्यता रहेको छ तर पूर्ण रूपमा व्यवहारमा भने लागू गर्न सकिरहेका छैनन् ।

यो परापूर्वकाल देखि चलि आएको मान्यता हो । यसलाई हामीले निरन्तरता दिनुपर्दछ भन्ने सोचाइ कमको मात्र छ । यसरी दलितहरूमा छुवाछूतको कारणले पनि उनीहरू सामाजिक रुपमा पछाडी परिरहेका छन् । उनीहरू वर्तमान समय सम्म पनि स्वाभिमानी हुन सकिरहेका छैनन् । दलित र गैह्रदलितबीच सामाजिक रुपमा विभेदको खाडल रहेपनि कामको सिलसिलामा दलितलाई सहयोगीको रुपमा हेरेको पाइन्छ । दलितहरू पनि एउटै समाजमा बस्नुपर्ने हुनाले अन्य जातिप्रति परनिर्भर हुनपर्ने बाध्यताले गर्दा पनि समाजमा मिलेर बसेको पाइन्छ । दलित महिलाहरूलाई छुवाछूतबाट सृजित प्रभावहरूलाई विभिन्न ढाँचाहरूबाट हेर्ने प्रयास गरिएको छ जो निम्न छन् ।

## ७.१ विद्यालयमा दलित विद्यार्थीलाई गरिने व्यवहार

दलित समुदायमा पनि शिक्षाको महत्वको बारेमा जानकारी छ, आफ्ना छिमेकमा र अन्य जातिका व्यक्तिहरू पढेर ठूलो मान्छे भएको उनीहरूले देखेका छन् । फलस्वरुप आफ्ना केटाकेटीहरुलाई पनि विद्यालय पठाउने गर्दछन् । तर विद्यालयमा उनीहरूको साथी संगत को हुन्छन् ? अन्य जातिका विद्यार्थीहरूले कस्तो व्यवहार गर्दछन् भन्ने बारेमा तथ्यांक संकलन गरिएको थियो । यसबाट पनि छुवाछूतको असरलाई मुल्याङ्कन गर्न सकिने हुनाले सो तथ्यांकलाई तल निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. १८
विद्यालयमा कामी विद्यार्थी प्रतिको व्यवहारको विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| माथिल्लो जातिसँग संगत गर्ने | २ | ४.९ |
| सबै जातिसँग | ३४ | ८२.९ |
| आफ्नै जातिसँग मात्र | ० | ० |
| थाहा नभएमा | ५ | १२.२ |
| जम्मा | ४१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६६ ।

यस तालिका अनुसार माथिल्लो जातिसँग संगत गर्ने २ (४.९%) जना, सबै जातिसँग संगत गर्ने ३४ (८२.९%) जना आफ्नै जातिसँग गर्ने १ जना पनि छैन । आफ्नो छोराछोरी कुन जाति सँग संगत गर्दछन् भनि प्रश्न गर्दा थाहा छैन भन्नेको संख्या ५ (१२.२%) रहेको छ । यस तालिकामा सबै जातिसँग संगत गर्नेको संख्या बढि छ । यसबाट जातिगत रुपमा विभेद नगरिएको वा नभएको कुरा बुझ्न सकिन्छ ।

## ७.२ छुवाछूतले काममा पर्ने अप्ठेरो वा कठिनाइ

यस अध्ययन क्षेत्रमा छुवाछूतको कारणले काममा अप्ठेरो परेको भनि प्रश्न गर्दा उनीहरू ४१ घरधुरीका उत्तरदाताहरू सँग सोध्दा ११ (२६.८%) जनाले अप्ठेरो पर्दछ र ३० (७३.२%) जनाले काममा अप्ठेरो परेको छैन भनि बताउँछन् । यसलाई तालिकामा पनि देखाउन सकिन्छ ।

तालिका नं. १९

छुवाछुतले काममा अप्ठेरो पर्ने उत्तरदाताको विवरण

| छुवाछुतले काममा अप्ठेरो पर्ने विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पर्छ | ११ | २६.८ |
| पर्दैन | ३० | ७३.२ |
| जम्मा | ४१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।

यस अध्ययन क्षेत्रको तथ्यांक अनुसार छुवाछूतबाट अप्ठेरो पर्नेको संख्या कम देखिन्छ । उनीहरूको भनाई अनुसार पहिला वा माओवादी आउनु अगाडी धेरै नै अप्ठेरो पर्ने गर्दथ्यो धारा, मन्दिर, भोज, भतेरमा जादा तर्कैर हिड्न पर्ने बाध्यता थियो तर वर्तमान समयमा त्यस्तो अप्ठेरो परेको छैन भनि भन्दछन् । बुढापाका मानिसले मात्र यस्तो व्यवहार गर्दछन् । अहिले पहिलेको तुलनामा कम भएको छ भनि उनीहरूले बताउँछन् । छुवाछूतले काममा अप्ठेरो पर्दैन भनी ७३.२% ले भनेका छन् । यसबाट पनि छुवाछूत कम भएको बुभ्न सकिन्छ ।

## ७.३ उत्तरदाता कामी महिलाहरूको दलित कोटा सम्बन्धी विवरण

दलित जातिहरूलाई आरक्षण कोटा भयो भने उनीहरूलाई केही राहत हुने गर्दछ अर्थात थोरै प्रतिस्पर्धा गरेर उनीहरू अगाडी वढ्न सक्दछन् । त्यसैले अहिले सरकारले दलित कोटा छुट्टयाइदिएको छ । यस अध्ययन क्षेत्रमा दलित कोटा आवश्यक छ कि छैन भन्ने प्रश्नमा ३८ (९२.७%) जनाले आवश्यक छ र ३ (७.३%) जनाले थाहा छैन भनेका थिए । के को लागि महत्वपूर्ण छ भनि प्रश्न गर्दा सवैले आ-आफ्नै मत दिएका थिए जुन यसप्रकार छन् ।

तालिका नं. २०
दलित कोटा आवश्यक हुनुको कारणको विवरण

| दलित कोटा आवश्यक हुनुको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| दलितको लागी अगाडी बढ्न सहयोग गर्दछ | १४ | ३६.८ |
| व्यवहारमा परिवर्तन हुन्छ | ७ | १८.४ |
| प्रोत्साहन गर्दछ | १७ | ४४.७ |
| जम्मा | ३८ | १०० |

यस तथ्यांक अनुसार दलित कोटा आवश्यक हुनुको कारण १४ (३६.८%) जनाले दलित जातिहरू अगाडी वढ्न सहयोग हुन्छ भनेका छन् । ७ (१८.४%) जनाले व्यवहारमा परिवर्तन हुन्छ भनेका छन् । व्यवहारमा परिवर्तन भन्नाले दलित भित्र पनि जागिर खाने व्यक्ति भएपछि उनीहरूको व्यवहारमा परिवर्तन गर्दछ । प्रोत्साहन हुन्छ भन्ने १७ (४४.७%) जना रहेको छन् । यदि दलित जाति भित्र आरक्षण कोटा बाट जागिर खाए भने अरुलाई पनि जागिर पाउन सकिन्छ भन्ने प्रोत्साहन मिल्छ र सानै देखि बच्चाहरू पढ्नमा रुची बढ्छ । अभिभावकले पनि छोराछोरी पढाउनमा रुची बढाउने गर्दछन् ।

## ७.४ दलित आरक्षण कोटाले गर्ने समाज परिवर्तन

दलित कोटा सम्बन्धी थाहा नहुने यस अध्ययन क्षेत्रमा ३ जना थिए । समाज परिवर्तन गर्न सहयोग हुन्छ कि हुँदैन भनि उत्तरदाताहरूलाई प्रश्न गर्दा २७ (७१.१%) जनाले समाज परिवर्तन हुन्छ भनेका थिए भने ११ (२८.९%) जनाले थाहा छैन भनि भनेका थिए । समाज परिवर्तन गर्न विभिन्न कुरामा दलित कोटाले सहयोग गर्दछ भनि उनीहरूले बताएका थिए जुन यस प्रकार छन् ।

तालिका नं. २१

समाज परिर्वतको विवरण

| दलित कोटाले हुने समाज परिवर्तनको विवरण | हुन्छ संख्या | हुन्छ प्रतिशत | हुदैन संख्या | हुदैन प्रतिशत | जम्मा संख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| शिक्षा | २१ | ७७.९ | ६ | २२.२ | २७ | १०० |
| स्वास्थ्य | १२ | ४४.४ | १५ | ५५.६ | २७ | १०० |
| जनचेतना | २० | ७४.१ | ७ | २५.९ | २७ | १०० |
| पेशा | १३ | ४८.१ | १४ | ५१.९ | २७ | १०० |
| छुवाछूत सम्बन्धी | १३ | ४८.१ | १४ | ५१.९ | २७ | १०० |
| अन्य | ३ | ११.१ | २४ | ४४.९ | २७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।

यस तथ्यांक अनुसार दलित कोटाले परिवर्तन ल्याउछ भनि शिक्षामा २१ (७७.९%) जनाले, स्वास्थ्यमा १२ (४४.४%) जनाले, जनचेतनामा परिवर्तन ल्याउछ भन्ने २० ( ७४.१%) जना, पेशामा १३ (४८.१% जना छुवाछूत सम्बन्धी १३ (४८.१%) जनाले र अन्यमा ३ (११.१%) जनाले दलित कोटा भयो भने यसरी विविध कुरामा परिवर्तन हुन्छ भनि भनेका छन् ।

## ७.५ सार्वजनिक धारामा समायोजन

दलित जातिहरूलाई माथिल्लो जातका मानिसहरूले सार्वजनिक धारामा पानी छुन नदिने प्रचलन वर्तमान समय सम्म पनि कायमै रहेको छ । जसले गर्दा दलित जातिहरू मानसिक रूपमा नै अपाङ्ग बनिरहेका छन् । यस अध्ययन क्षेत्रमा सार्वजनिक धारामा पनि छुन दिन्छ कि दिदैन भनी उत्तरदातालाई प्रश्न गर्दा २४ वा (५८.५%) जनाले छुन दिन्छ भनेका छन् भने १७ (४१.५%) जनाले दिदैन भनि बताइएका छन् यस तथ्यांकले पनि छुवाछूत घटिरहेको संकेत गर्दछ । यि छुन दिदैनन् भन्नेहरूलाई किन छुन नदिएको भनि प्रश्न गर्दा निम्न कारणहरूले हो भनि विभिन्न कारणहरू बताएका छन् ।

तालिका नं. २२

सार्वजनिक धारा छुन नदिनाको कारणको विवरण

| सार्वजनिक धारामा छुन नदिनका विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| जातिगत अवधारणा | ६ | ३५.३ |
| परम्परा | ९ | ५२.९ |
| अशिक्षित | २ | ११.८ |
| जम्मा | १७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।

यस तालिका अनुसार सार्वजनिक धारामा पानी छुन नदिनको कारण जातिगत अवधारणा हो भन्ने ६ (३५.३%) जना, परम्परागत भन्ने ९ जना (५२.९%), अशिक्षित भन्ने २ (११.८%) जना रहेका छन् । यस तथ्यांक अनुसार जनचेतना र सवैलाई शिक्षित बनाएमा छुवाछूतको जून भावना छ त्यो हटाउन सकिन्छ भन्ने कुरालाई बुझ्न सकिन्छ ।

## ७.६ दलितहरू माथिल्लो जातिको घरमा गएर भाडा माझ्ने स्थिती

वर्तमान समयसम्म पनि दलितहरू माथिल्लो जाति जस्तै व्राह्मण, क्षेत्री, नेवार, ठकुरी मगरको घरमा गएर खाना खाएपछि उनीहरूले भाडा माझ्नुपर्ने वाध्यता अझसम्म पनि रहेको छ । यस अध्ययन क्षेत्रमा यहि प्रश्न गर्दा ४१ उत्तरहरू मध्ये यसप्रकार उत्तर प्राप्त भएको छ ।

तालिका नं. २३

माथिल्लो जातिको घरमा भाडा माझ्नेको विवरण

| खाना खाएपछि भाडा माझ्नेको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| भाडा माझ्ने | १२ | २९.३ |
| भाडा नमाझ्ने | २७ | ६५.९ |
| थाहा नभएको | २ | ४.९ |
| जम्मा | ४१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।

माथिको तालिका अनुसार माथिल्लो जातको घरमा गएको समयमा खानेकुरा खाएपछि भाडा माझ्नुहुन्छ माझ्नुहुदैंन भनि उत्तरदाताहरू समक्ष प्रश्न गर्दा उनीहरू मध्ये १२ (२९.३%) जनाले माझ्छु, २७ (६५.९%) जनाले माझ्दैनौ र २ (४.९%) जनाले हामीलाई थाहा छैन माथिल्लो जातिको घरमा गएका छैनो भन्ने उत्तर प्राप्त भयो । यसबाट के बुझ्न सकिन्छ भने यो भाडा माझ्नु पर्ने प्रचलन पहिलाको तुलनामा घटेको छ भन्ने कुरा स्पष्ट हुन्छ । माझ्नेको संख्या भन्दा नमाझ्नेको संख्या बढि भएको भेटियो । पहिला १०० १० ले माझ्दथे भने अहिले त्यसको संख्या घटेर गएको छ । उनीहरू माओवादी आएपछि यो चलन हटेको हो भनि  बताउँछन् । यो घट्दो संख्याबाट विस्तारै यो प्रचलन हटेर जान्छ भन्ने कुरा अनुमान गर्न सकिन्छ ।

## ७.७ दलितहरूको ठकुरी र मगरसँगको सम्बन्ध

यस अध्ययन क्षेत्रमा दलित बस्ती नजिकै वरपर मगर र ठकुरीहरूको बसोबास रहेको छ । त्यसैले उनीहरूसँगको सम्बन्ध कस्तो छ भनी थाहा पाउनलाई उत्तरदाताहरूसँग भोज भत्तेरमा ठकुरी र मगरहरूले निमन्त्रणा गर्दछ कि गर्दैन भन्ने प्रश्नमा सबै उत्तरदाताहरू (४१ जना) ले निमन्त्रण गर्दछ हामी पनि गर्दछौं भनि भन्ने उत्तर प्राप्त भयो । भान्सा एउटै हुन्छ कि हुँदैन भन्ने प्रश्नमा १५ (३६.६%) जनाले हुन्छ र २६ (६३.४%) ले हुँदैन भन्ने उत्तर दिएका थिए । यस तथ्यांक बाट अझ समाजमा उच्च जाति र दलित जाति घुलमेल हुन सकेको अवस्था छैन भन्ने कुरा बुझ्न सकिन्छ । किन एउटै भान्सा

नवनाएको भनि प्रश्न गर्दा निम्न कुरा प्राप्त भएको छ जसलाई तालिकाबाट देखाउन सकिन्छ ।

तालिका नं.२४

भान्सा एउटै नवनाउनुको कारणको विवरण

| मगर ठकुरीले एउटै भान्सा नवनाउनुको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| माथिल्लो जाति भएर | ६ | २३.१ |
| हामी सानो जाति भएर | २ | ७.७ |
| परम्परागत विश्वास | १८ | ७९.२ |
| जम्मा | २६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।

यस तथ्यांकमा मगर/ठकुरी जातिहरूले आफू ठूलो जाति भएर दलित जातिलाई भोज भतेरमा निमन्त्रणा गरेपनि एउटै भान्सा नवनाउने गरेको भन्ने उत्तरदाता ६ (२३.१%) जना, दलित वा सानो जाति भएर भन्ने उत्तरदाता २ (७.७%) र परम्परागत विश्वास भन्ने उत्तरदाताको संख्या १८ (७९.२%) जना रहेको छ । यस तथ्यांकबाट भान्सा एउटै नवनाउनुमा परम्परागत विश्वास भन्नेको संख्या धेरै भेटियो । वास्वतमा यो प्रचलन समाजमा रहिरहेको यहि परम्परागत विश्वासले हो । जवसम्म यस्ता विश्वास समाजबाट हटाउन सकिदैन तवसम्म छुवाछूत पनि हट्न सक्दैन ।

### ७.८ दलितहरू नै कमजोर भएको अवस्था

छुवाछूत हुनुमा दलितहरूकै पनि कमजोर रहेको अवस्था भेटिन्छ । उनीहरू आफै समाजमा माथिल्लो जातिहरूको नजिक हिचकिचाउने गर्दछन् । आफ्नो जात बताउन पनि नसक्ने हुन्छन् । यस अध्ययन क्षेत्रमा दलितहरू कै कमजोरी हो भन्ने संख्या १५ (३६.६%), होइन भन्ने १५ (३६.६%) र थाहा छैन भन्ने ११ (२६.८%) रहेका छन् । यि १५ जना कमजोरी भन्नेलाई कस्तो कारणले हो भनी प्रश्न गर्दा निम्न खालका कमजोरीहरू बताएका छन् ।

तालिका नं. २५

दलित जातिका कमजोरीको प्रकार

| कमजोरीका प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| असाक्षरता | ८ | ५३.३ |
| गरिबी | ५ | ३३.३ |
| आफ्नो अधिकारको बारेमा बोल्न नसक्नु | २ | १३.३ |
| जम्मा | १५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।

यस अध्ययनबाट दलितहरू कमजोर भएको कारण शिक्षित नहुनु भन्ने ८ (५३.३%) जना, गरिबीको कारण भन्ने ५ (३३.३%) र आफ्नो अधिकारको बारेमा बोल्न नसकेर

भन्नेहरू २ (१३.३%) जना रहेका छ । यसरी तथ्यांक अनुसार दलितहरू कमजोरी हुनुको कारण अशिक्षित, गरिबी र अधिकारको वारेमा बोल्न नसक्नु हो ।

## ७.९ छुवाछूतका कारण कामी महिलाको सामाजिक आर्थिक अवस्थामा पारेको प्रभाव र परिवर्तन

यो छुवाछूत प्रचलन कुनै व्यक्तिको व्यक्तिगत र परिवारगत समस्या मात्र नभएर सामाजिक रूपमा रहेको छ । यस समस्या वा परिस्थितिमा हाम्रो समाज पनि जिम्मेवारी हुनु महत्वपूर्ण छ यस अध्ययनको क्रममा उत्तरदाताहरूबाट प्राप्त र विभिन्न तरीकाबाट तथ्य संकलन गर्दा आएका सामाजिक प्रभावहरूलाई संक्षेपमा समेटिएको छ । हाम्रो समाजमा गरीने छुवाछूतको कारणले कामी जातिका महिलाको जनजीवनमा निम्न प्रकारको प्रभावहरू परेका छन् ।

– शैक्षिक अवस्था कमजोर भएको छ ।
– स्वास्थ्य स्थिती कमजोर भएको छ ।
– परम्परागत पेशाबाट विस्थापित भएका छन् ।
– आपसी असमझदारी बढ्दै गएको छ ।

परिवर्तनहरू : माओवादी आन्दोलन पछि छुवाछूत सम्बन्धी धेरै नै परिवर्तन भएको छ । धारा, मन्दिर जादा यो भन्दा पहिला छुवाछूत व्यापक रूपमा हुन्थ्यो तर वर्तमान समयमा धेरथोरै मात्रामा परिवर्तन भएको छ । उनीहरूको पेशामा पनि परिवर्तन भएको छ पहिला-पहिला उनीहरू भाडा बनाउने पेशालाई अंगाल्थे भने अहिले त्यस अध्ययन क्षेत्रमा परम्परागत पेशा गर्नेको संख्या न्यून छ । शिक्षातर्फ पनि वर्तमान समयमा विद्यालय जानेको संख्या बढिरहेको छ उनीहरू आर्थिक रूपमा सबल भए सम्म आफ्ना छोराछोरीलाई पढाउने गर्दछन् तर भर्ना संख्या धेरै देखिएता पनि विचमा छाड्दै गएको पाइन्छ । विभिन्न कारणले बाध्यताको कारणले मात्र छोड्ने गर्दछन् । उच्च मा.वि पढ्नेको संख्या २ जना मात्र भेटियो । पहिला यिनीहरूमा साक्षर दर पनि कम थियो भने वर्तमान समयमा उच्च शिक्षा पनि हासिल गरेका छन् । छुवाछूत गर्नेहरू पनि कम भेटिएको छ । यस क्षेत्रमा मगर ठकुरीहरू र कामी जातिहरू बसोबास गर्दछन् धारामा जादा सँगसँगै जाने पानी भर्ने सँगै आउने गर्दछन् । सार्वजनिक मन्दिरमा पस्न पनि रोकतोक गर्ने प्रचलन कम भएको छ । माथिल्लो जातिले पनि भोज भत्तेरमा निमन्त्रणा गर्दछन् । एउटै भान्सा बनाउने प्रचलनको शुरूवात भैइसकेको छ । माथिल्लो जातिको घरमा गएर खाना खाए पछि भाडा माझ्ने प्रचलनमा पनि कमि आएको देखिन्छ । वर्तमान समयमा, विभिन्न यातायात, संचार, औद्योगिकरणको कारणले पनि यि विविध पक्षमा परिवर्तन आएको छ ।

# अध्याय आठ

## सारांश, निष्कर्ष र सुझाव

### ९.१ अध्ययनको सारांश

स्थानिय विकास मन्त्रालय अर्न्तगत उपेक्षित, उत्पिडीत र दलित वर्ग उत्थान विकास समितीद्वारा दलित वर्गमा २२ जातिहरूलाई लिएको पाइन्छ । उनीहरू सामाजिक रूपले अशुद्ध र अछुत भनेर चिनिएको हुन्छ, त्यसमध्ये कामी जाति पनि एक दलित जाति हो । समाजको सर्वतोमूखी विकासका निम्ति समाजको आधा जनसंख्या ओगटेका महिला वर्गको समानुपातिक विकास र विकास अभियानहरूमा उनीहरूको सक्रिय सहभागिता आवश्यक हुन्छ । महिलाहरू जबसम्म पुरुषहरू सरह समाजको विकास अभियानमा र संलग्न हुन पाउँदैनन् । तब सम्म समाजको आर्थिक र सामाजिक स्थितिमा सुधार आउन सक्दैन तर नेपालका महिला वर्गहरूको विषयमा विस्तृत अध्ययन अनुसन्धानहरू कमै मात्र भएका छन् । नेपालका महिला सम्बन्धी प्रकाशित पुस्तक उल्लेख गरी व्याख्या र विश्लेषण गर्ने गरेको थोरै मात्रामा रहेका छन् ।

अधिराज्य भरि छरिएर रहेको यस जाति विशेष गरी शिक्षा, जनचेतना, वेरोजगार, आर्थिक तथा सामाजिक विषयमा अत्यन्तै पिछाडिएको छ । समग्र कामी जाति कै खोज अध्ययन भैनसकेको अवस्थामा कामी जातिका महिलाहरूको अध्ययन अनुसन्धान नहुनु स्वभाविकै पनि होला । प्रस्तुत अध्ययन मदनपोखरा गा.वि.स मा बसोबास गर्ने कामी जातिका महिलाहरूका विषयमा गरिएको हो । मदनपोखरा गा.वि.स को वार्ड १,२,४ मा कामी जातिको वासोवास रहेको छ । वार्ड नं. ४ मा धेरै संख्या बसोवास रहेकोले यस क्षेत्रमा कामी महिलाहरूको अध्ययन गरिएको हो । यस क्षेत्रका कामी महिलाहरूको अध्ययन गर्दा स्वभाविक रुपमा यससँग समुदाय र अरु जाति मगर र ठकुरीको पनि सामान्य चर्चा गरिएको छ । अध्ययनको क्रममा यस गा.वि.स को वार्ड नं. ४ मा census method द्वारा नमुना छनौट गरी तिनीहरूसँग प्रश्नावलीको माध्यमबाट तथ्यांक संकलन गरिएको थियो । यसका अलावा समुदायका अरु महिलाहरू कामी पुरुषहरू तथा यस विषयमा जानकार व्यक्तिहरूसँग अर्न्तवार्ता लिइएको थियो । तथ्यांकहरू र सामान्यीकरणको प्रवृत्तिलाई हेर्दा यस अध्ययनलाई विशुद्ध रुपमा विवरणात्मक वा अन्वेषणात्मक भन्न सकिन्छ । किनभने यसमा समाविष्ट तथ्यांकहरू मध्ये कतिपय विवरणात्मक प्रवृत्तिका छन् भने कतिपय अन्वेषणात्मक प्रवृत्तिका छन् ।

अध्ययनलाई ३ भागमा राखेर विश्लेषण गरिएको छ । सर्वप्रथम कामी जातिको महिलाहरूको सामाजिक अवस्थाका वारेमा चर्चा गरिएको छ । यस अर्न्तगत परिवार शिक्षा, स्वास्थ्य, खानेपानी, पारिवारिक निर्णयमा महिलाहरूको सहभागिता जस्ता कुराहरूलाई समावेश गरिएको छ । प्रश्नावली तथा अवलोकनबाट प्राप्त तथ्यांकहरूलाई विश्लेषण तथा सामान्यीकरण गरिएको छ । त्यस्तै अर्को भागमा कामी जातिका महिलाहरूको आर्थिक अवस्थालाई झल्काउने प्रयास गरिएको छ । यस अर्न्तगत उनीहरूको घरको वनावट, पेशाको विवरण, जग्गा जमिन, पशुपंक्षी, खेतीपाती, ऋणको अवश्था, सम्पत्तिको अधिकार र श्रोत आदि समावेश गरिएको छ । अर्को भागमा छुवाछुतले सामाजिक आर्थिक अवश्थामा पारेको प्रभाव र परिवर्तनलाई शमावेश गरिएको जस अर्न्तगत विद्यालयमा दलित

विद्यार्थीलाई गरिने व्यवहार, छुवाछूतद्वारा काममा पर्ने अप्ठेराहरू, दलित कोटा, धारा, मन्दिरमा गरिने व्यवहार आदि कुरालाई समेटिएको छ ।

सामाजिक अवस्थामा परिवारको आकार, शिक्षा तथा साक्षरताको अवस्था स्वास्थ्य र अस्पताल, खानेपानी, निर्णय प्रक्रियामा महिलाहरूको भूमिका मध्ये निर्णयमा हुने सहभागितालाई सन्तोषजनक रुपमा देखिए पनि बाँकी सबै क्षेत्रहरूमा कामी महिलाहरूको स्थिति साह्रै निम्न स्तरको रहेको पाइयो । त्यस माथी पनि जातिय छुवाछूत केही मात्रामा कम भएपनि यिनीहरू छुवाछूतको कारणले स्वाभिमानी वन्न सकिरहेका छैनन् । हुन त जातिय छुवाछूत दलित जातिले भोगिरहेका छन् तर यसको सबै भन्दा बढी पीडा चाहि दलित महिलाहरूले नै भोगीरहेको अवस्था छ । हाम्रो समाजमा पुरुष भन्दा बढी महिलाले नै घरेलु काम काज गर्नुपर्ने भएकोले यस जातिमा पनि दलित महिलाले बढी समस्या भोग्नु परेको हो । साथै पानी पँधेरो, कुवा, मेलापात, मन्दिर, पसल आदि सार्वजनिक ठाउँमा कामी महिलाहरूलाई भेदभाव गरिन्छ । अर्को कुरा महिला अधिकारका लागि गठन भएका महिला समुहहरूमा पनि यस जातिका महिलाहरूको सहभागिता कम रहेको पाइन्छ ।

यि जातिहरूमा उनीहरू गरिवी, अज्ञानता र अशिक्षाले गर्दा दुःख गरी कमाएको पैसा अनावश्यक चीजमा खर्च गर्दछन् कोही विदेश गई कमाई ल्याई आफ्नो गुजारा चलाइरहेका छन् भने कोही घर मै बसी मिस्त्री काम गर्ने, महिलाहरू मेलापात गर्ने तान वुन्ने काम गरी केही रकम जुटाएका हुन्छन् । हातमूख जोर्न पनि मुश्किल हुन्छ । अरु समुदायका महिलाहरूको तुलनामा आर्थिक उपार्जनका अवसरबाट बञ्चित हुन पुगेका छन् । तर परिवार भित्र यस जातिका महिलाहरूको आर्थिक क्रियाकलापहरूमा यथेष्ट योगदान छ । अन्य जातिको तूलनामा बढी समय जिविको पार्जनको लाीग लगानी गरेता पनि यिनीहरू सामाजिक आर्थिक दृष्टिकोणले पिछडिएका छन् । यसको मूल कारण छुवाछूत बन्न पुगेको कुरा विश्लेषणको तेस्रो अर्थात सातौ भागमा उल्लेख गरिएको छ । जस अनुसार सार्वजनिक स्थलमा प्रवेश गर्नेबाट बञ्चित, सबै जातिको भोजभत्तेर हुँदा एउटै भान्सा नहुनु आदि छुवाछूत प्रथाले पनि पछाडि परेको छ । सामाजिक क्षेत्रमा नहुदा समसामयीक विषयमा ज्ञान हुन नसक्नाले छुवाछूतले गर्दा नयाँ ज्ञान र सीपको विकास नहुँदा सामाजिक तथा आर्थिक क्षेत्रमा बढी प्रभाव परेको देखिन्छ । त्यसैले कामी जातिका महिलाहरूको सामाजिक आर्थिक अवस्था र यसमा छुवाछूतले पारेको प्रभावको निष्कर्ष तथा उनीहरूको विकासका लागि चाल्नु पर्ने कदमका विषयमा विभिन्न सुझावहरू यसपछि दिइएको छ ।

## ८.२ अध्ययनको निष्कर्ष :

नेपाल बहुलवादी र बहुसांस्कृति भएको मुलुक हो । यहाँका जात-जातिको आफ्नै संस्कृति र रहनसहन रहेको छ । आदिवासी जनजातिको आफ्नै संस्कृति जीवनत छ भने हिन्दु धर्म भित्र भएर पनि नेपालको सिङ्गै जनसंख्याको १४.९% रहेको दलित जातिलाई पेशागत रूपमा छुन नहुने अछुत र अज्ञात अर्थात कुजातको रूपमा समग्र नेपालको ग्रामीण समुदायमा वसोवास गरेका छन् । हिन्दु धर्म भित्रका समुदायको हरेक संस्कृति संग मेल खाने पहाडी दलितमा पनि कामी जाति एक हो, यस जाति भित्र पनि आधा संख्या ओगटेका महिलाको अवस्थामा सामाजिक कुसंस्कारको रूपमा रहेको छुवाछूतको प्रभाव कस्तो छ त ? भन्ने सन्दर्भमा अध्ययन गर्दा अध्ययनले उठाएका निष्कर्षलाई यहाँ समेट्न खेजिएको छ ।

राष्ट्रिय रूपमा महिलाहरू पिछडिएको र लैङ्गिक विभेदको जरजरमा रहेको अवस्थामा अझ नाजूक रहेको पाइन्छ । दलितमा पनि दलित भएर जिउन पुगेका कामी महिलाहरू आफ्नो समुदाय भित्र दुःख सुख परिवारमा मिलेर र लोग्ने स्वास्नी बीच आपसी समझदारी रहेता पनि अन्य जातिको तुलनामा हेर्दा जातीय शोषण, छुवाछूत, कानुनी अनभिज्ञता, चेतनाको कमी, साक्षरताको कमी, श्रोत र साधनमा पहुँच नहुनु राज्यद्वारा व्यवस्थित भएका कानुनी व्यवस्थामा जानकारी नहुनु सबै जातीय दमन र छुवाछूतको कारक तत्वको रूपमा देखिएको छ । समाजमा अन्य जातिले हेपाहा प्रवृत्तिले हेर्नु, ज्याला मजदुरीमा भर पर्नुपर्ने, तागाधारी र मतवाली महिलाहरू भन्दा कामी महिलाहरूले बढी बच्चा पाउने र स्याहार्ने हुनाले स्वास्थ्यमा प्रतिकुल असर परेको पाइन्छ, आफ्नो परम्परागत पेशालाई अरु जातिले घृणाको भावनाले हेर्ने र आधुनिकीकरणको प्रभावले नियमित रूपमा आउने वाली प्रथामा रहेको भाडा बनाउने र विष्टलाई रिझाउने कामबाट बञ्चित हुन पुग्दा शुरुवात गर्ने विद्यमान छुवाछूत प्रथाले गर्दा आत्मवल बढ्न सकेको छैन जस्तै होटेलमा प्रवेश गरेर चिया पिउँदा भाँडा माज्दा आत्मवल बढ्न सकेको छैन जस्तै होटेलमा पैवेश गरेर चिया पिउँदा भाँडा माझ्नु पर्ने हुदा होटल व्यवसाय संचालन गर्नु भनेको आकाशको फल बनेको छ । गाउँमा विभिन्न किसिमको आमा समुह जस्ता सामाजिक संस्था गठन भएका छन् । त्यसमा उनीहरूको संलग्नता कम छ कामी महिलाको सहभागितामा अन्य जातिको समुह हुँदा दलित (गैह्र दलीत विच केही मात्रामा भएपनि असमानताको दुरी केही घटेको छ । यस अध्ययनको क्रममा सर्वेक्षण गरिएका महिला आधि जसो साक्षर र आधि जसो निरक्षर छन् । आधुनिक युग सम्म आइपुग्दा परम्परागत संस्कृति र रुढीवादी धारणाले बाधिएको हुदा अहिलेको पिँढी पनि त्यही समाजकीकरणलाई केही मात्रामा पछ्याइरहेका छन् ।

परिवारभित्र हुने निर्णय प्रक्रियामा पनि महिलाको उच्च सहभागिता भएको पाइन्छ । आर्थिक उत्पादनमा समान योगदान र समाजमा पुरुषलाई भन्दा महिलालाई बढि विश्वास गर्ने हुनाले पनि परिवारभित्रका महत्वपूर्ण कार्यको निर्णय प्रक्रियामा सहभागिता उच्च भएको पाइन्छ । यस अध्ययन क्षेत्रका कामी महिलाहरू परिवारमा पुरुष प्रति मात्र निर्भर रहँदैनन् किनकी आफ्नो निजी सम्पत्ति नहुँदा ज्यालादारी गर्ने, तान वुन्ने जस्ता कार्य गर्दछन् । दलित अन्तर्गत पनि पहाडी दलितमा दलित हुन पुगेमा कामी महिलाहरू आफ्नो समुदायमा घरेलु तथा आर्थिक गतिविधिमा सक्रिय सहभागिता निर्णय प्रक्रियामा र घर वाहिर घुमफिर गर्ने स्वतन्त्रता उच्च रहेको छ । तर हाम्रो पितृ सत्तात्मक समाजमा पुरुषले गर्ने हरेक निर्णयहरू ठीक र जायज हुने सामाजिकरणको माध्यमबाट उनीहरू महिला भन्दा शारिरीक मानसिक रुपले बलिष्ठ मानिन्छन् । पितृसत्तात्मक व्यवस्थालाई मजबुत बनाउने एउटा भरपर्दो माध्यम शिक्षा पनि हो । पारिवारिक सन्तुलन मिलाई राख्न पनि पुरुषहरूलाई बढी जिम्मेवारी र अधिकार दिइने र महिला अधिनस्थ हुनुपर्ने सामाजिकीकरणको प्रक्रिया अगाडि बढाइन्छ । पारिवारीक सन्तुलन विग्रेमा त्यसको भागी महिलालाई उत्तरदायी बनाइने लेख्न र पढ्न जान्ने शिक्षित महिला विग्रन्छ भन्ने गलत मान्यता यद्यपि अहिले पनि पाइन्छ । महिला शिक्षित नभएपनि राम्रो पारिवारिक व्यवस्थापन र योजना निर्माण गर्न सक्दछन् भन्ने मान्यता स्वीकार गर्न सकिएको छैन । तसर्थ दलित महिलाको स्वतन्त्रतालाई पनि उच्च जातको समाजले सकारात्मक रूपले लिइएको पाइदैन । सामाजिक गतिशीलताको हिसाबले अन्य जातिको महिलाको तुलनामा गरिबीको कारणले बाहिर रोजगारीका लागि जान बाध्य हुनु परेकोले स्वतन्त्र देखिन्छन् तर गरिबी र अभावको जातोमा पिल्सिनु परेकोले घर वाहिर घुमफिरको स्वतन्त्रताको महत्व रहँदैन, गैह्र दलितमा महिलालाई धूमफिर र स्वतन्त्रतामा

बन्देज लगाइ बन्धनमा राखिएता पनि राजनीति देखि प्रशासन सम्म पहुँच पुगेको हुन्छ भने दलित महिलाको उपस्थिति यस्तो ठाउँमा कम मात्र रहेको पाइन्छ ।

वर्तमानमा आएर दलित समुदायका महिला तथा पुरुष ग्रामिण क्षेत्रमा छुवाछूतको कारण आफ्नो व्यक्तित्वको अवनति देखेर अस्तित्व र नयाँ सोचको खोजी गर्ने ठाउँबाट विस्थापन हुन थालेको पाइन्छ । परम्परागत रूपमा संरचित हाम्रो जातीय विभेदको कारण वर्तमान सम्म आइपुग्दा विभिन्न कानुनको निर्माण राज्यले जातीय विभेद विरुद्ध अन्तराष्ट्रिय अभिसन्धिमा हस्ताक्षर गरिसक्दा पनि हाम्रो सोचमा परिवर्तन नआउँदा समाज विखण्डन तर्फ उन्मुख भएको छ । एउटै धर्म (हिन्दु) एकै भाषा (नेपाली) र समान रहनसहन जस्तै हिन्दु धर्म भित्रकै चाडपर्व र मगर, ठकुरी, वाहुन, क्षेत्री, समुदायमा हुने संस्कृतिमा समान रहेर पनि छुवाछुतको परम्परागत मानसिकताबाट अन्य जातिले गरीने व्यवहार तथा क्रियाकलापले गर्दा दलित महिलाको उभोशिर हुन सकेको छैन । ग्रामिण क्षेत्रमा पनि बजार व्यवस्था ब्राम्हण र वैश्यको कब्जामा रहेकोले आर्थिक उपार्जनको आधार छैन ।

दलित महिलाको सामाजिक आर्थिक अवस्थामा उच्च गति दिन नसकेको छुवाछूत प्रथाले दलितलाई उत्पीडनको शिकार बनाएको छ यसले नकारात्मक मोड दिएमा समाज विखण्डन ल्याउने, द्वन्दलाई बढावा दिने सामाजिक असहितणूता बढाउने, अनेकताको भावना जगाउने परम्परागत पेशाबाट विस्थापित हुनपर्ने र लोक संस्कृतिको पलायनता बनाउनमा यसले प्रभाव पारेको छ ।

## अनुसन्धानले उठाएका सुझावहरू (Recommendation)

१) दलित-दलित बिच र गैर दलित बीच भएको सामाजिक भेदभावलाई अगाडि बढाउने क्रममा दलितको हक, अधिकार र कर्तव्य बारे जानकारी र गैर दलितले कामीहरूको अधिकारलाई निस्तेज पार्ने खालका प्रयासहरूलाई हटाउन जरुरी देखिन्छ ।

२) राज्य स्तरबाट सुनिश्चित गरेका नेपाल अधिराज्यको संविधान २०४७ मा उल्लेख भएमा मौलिक हकहरू र सो अनुसारका उपलब्ध ऐन कानूनहरू ग्रामिण स्तरमा पनि कार्यान्वयन गर्नको लागि दलितहरूलाई पनि सचेतनाको कार्यक्रमको रुपमा लैजाउनुपर्दछ ।

३) दलितको पक्षमा वकालत गर्ने गैरसरकारी संस्थाहरूले छुवाछूतको अन्त्य गर्न थालेका कदमहरूलाई सकारात्मक पक्षले हेरिनुपर्ने आवश्यक देखिन्छ ।

४) गरिबी, अशिक्षा र भेदभावका कारणले कामीका बालबच्चाहरू स्कूल गएता पनि बिचैमा छाड्ने जस्ता कारण भएकाले उनीहरूमा खासै साक्षारता वृद्धि हुन सकेको छैन । त्यसैले उनीहरूको लागि विशेष छात्रवृत्ति कोटाको व्यवस्थालाई राम्रोसँग लागू गरिनु पर्दछ ।

५) छुवाछूतको शिकार भएको दलित समुदायमा दलित महिलाहरूलाई, शिक्षा, रोजगार, स्वास्थ्यको अवसर, भूमि र स्थानिय स्तरमा पनि राजनीतिक प्रतिनिधित्व लगायत सम्पूर्ण क्षेत्रमा निश्चित अवधिसम्म आरक्षणको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## सन्दर्भग्रन्थ

आहुति, २०६७ नेपालमा वर्ण व्यवस्था र वर्ग संघर्स, समता फाउण्डेशन, पुल्चोक, ललितपुर, नेपाल ।

ओभ्का, घनानाथ, २०५६,नेपालमा महिला , पैरवी प्रकाशन, काठमाडौं ।

इन्सेक, १९९३ मानव अधिकार बर्ष पुस्तक, काठमाडौं ।

जनउत्थान प्रतिष्ठान,साउन ८:२०६३ दलित समुदायको सामाजिक आयाम एक विश्लेषण, जनउत्थान प्रष्तिठान, काठ्माडौं ।

जिल्ला विकास समिति, २०६६,पाल्पा विकास सन्देश समाचार बुलेटिन, जिल्ला विकास समिति, पाल्पा ।

जिल्ला विकास समिति, २०६६ जिल्ला विकास योजना, पाल्पा ।

झा,हरिवंश २०५७, "दलित वर्गको गरिबी निवारण"नेपालमा दलित उत्थानका रणनीति , सेन्टर फर इकोनोमिक एण्ड टेक्निकल स्टडिज र फेडरिक इवर्ट स्टिफटुङ्ग, काठमाडौं ।

दलित महिला संघ, २०६२ बिकास तथा सुशासनको मूल प्रवाहमा दलित महिलाको सहभागिता, कुपन्डोल, ललितपुर ।

दलित महिला संघ, २०६३ नेपालमा दलित महिला, दलित महिला संघ, कुपन्डोल, ललितपुर ।

दलित महिला संघ, २०६३ राज्यको स्रोत साधन र दलित अधिकार, दलित महिला संघ, ललितपुर ।

दलित महिला संघ, २०६४ नयाँ नेपालमा दलित महिला, दलित महिला संघ, ललितपुर ।

दलित गैर सरकारी संस्था महासंघ, २०६५ नयाँ सम्विधानमा दलितका एजेण्डाहरु, ललितपुर ।

नेपाली, मोतिलाल २०५७, " नेपालको दलित उत्थानमा आरक्षणको व्यवस्था" नेपालमा दलित उत्थानका रणनीति, काठमाडौं ।

नेपालको आन्तरिम संविधान, २०६३, जन प्रगतिशील प्रकाशन, काठमाडौं ।

बराल, बासु, २०५० : हिन्दु सामाजिक संगठनको प्रारुप, साभ्का प्रकाशन, काठमाडौं ।

बिष्ट,डोर बहादुर, २०३७, सबै जातको फुलबारी, साभ्का प्रकाशन, काठमाडौं ।

भट्टचन, डा. कृष्ण अन्य (२०६५), नेपालमा जातिय भेदभाव, दलित गैरसरकारी संस्था महासंघ, काठमाडौं ।

भट्टराइ, माधव २०५७, "नेपाली दलितहरुको परम्परागत धार्मिक अवस्था" नेपालमा दलित उत्थानका रणनीति, सेन्टर फर इकोनोमीक एण्ड टेक्निकल स्टडीज र फेडरीक इवर्ट स्टिफटुङ्ग, काठमाडौं ।

राष्ट्रिय दलित आयोग,२०६४ सरकारी एवं गैर सरकारी निकायबाट संचालित दलित समुदाय उत्थान सम्बन्धि कार्यक्रमको अनुगमन तथा मूल्यांकन प्रतिवेदन, थापाथली, काठमाडौं ।

राष्ट्रिय मानव अधिकार आयोग, २०६०,नेपालमा मानव अधिकारको स्थिति, हरीहर भवन, पुल्चोक काठमाडौं ।

वि. के, गणेश, अन्य, नेपाली दलित आन्दोलनको संक्षिप्त इतिहास २०६३, जन उत्थान प्रतिष्ठान, काठमाडौं ।

विश्वकर्मा, चक्रमान २०५४ दलितहरु अस्तित्वको खोजिमा, काठमाडौं ।

विश्वकर्मा, पद्मलाल २०५४ "दलित समुदायको सामाजिक, आर्थिक, राजनैतिक स्थिति र आरक्षणको सवाल" दलित समुदायका समस्या विषयक राष्ट्रिय परामर्श कार्यक्रममा प्रस्तुत कार्यपत्र , अन्तराष्ट्रिय ऐक्यबद्धता समुह नेपाल, काठमाडौं ।

विश्वकर्मा, पद्मलाल २०५४, "दलित समुदायको सामाजिक, आर्थिक, राजनैतिक स्थिति र आरक्षणको सवाल" दलित समुदायका समस्या विषयक राष्ट्रिय परामर्श कार्यक्रममा प्रस्तुत कार्यपत्र ।

वि. के, मान बहादुर, २०६३, दलित समुदायको सामाजिक आयाम एक विश्लेषण, जन उत्थान प्रष्तिठान, अनामनगर, काठमाडौं ।

सापकोटा, केशव प्रसाद २०५७ "प्रजातान्त्रिक नेपालमा छुवाछुतको समस्या" नेपालमा दलित उत्थानका रणनीति, काठमाडौं ।

शर्मा, खगेन्द्रनाथ २०५७ "नेपालमा पहाडी दलित समुदाय" नेपालमा दलित उत्थानका रणनीति, सेन्टर फर इकोनोमिक एण्ड टेक्निकल स्टडीज र फेडरिक इवर्ट स्टफटुङ्ग, काठमाडौं ।

Bhasin, k. 2002, understsnding Gender . New Delhi.

Cox, Thomas- 1994 “ The Current Socio Economic Status of Untouchable in Nepal “ Occasional

Keller.F.E 1996,”The

Pokhrel, B, 2001, Gender.Roles and Activities among the Rural poor. Households; Case Studies from Hill villages. In Occasional Papers In Sociology and Anthropology, vol.vi .Central Department of Sociology and Anthropology; T.U. Kirtipur, Nepal.

Tamang, S. 1999 “ Assembly- Line Sister : The “Nepali women” you get to know from the devdlopment blorb are conveniently homogenous . All are equally poor, illiterate and oppressed . HIMAL MEDIOCRITY SERIES- 2, September kathmandu.

## शोध तयार गर्नको लागि प्रयोग गरिएको प्रश्नावली

घर सख्या :
मिति :
मुख्य सुचनादाताको नाम :
जिल्ला :
उमेर :
गा.वि.स :
पेशा :
धर्म :

१) परिवारको किसिम :
क) संयुक्त परिवार
ख) एकात्मक परिवार

२) तपाईको निम्न पारिवारिक विवरण दिनुहोस् ।

| क्र.स. | नाम | उमेर | लिङ्ग | वैवाहिक स्थिती | शिक्षा | पेशा | उत्तरदातासँगको नाता |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |

३) तपाईको घरको प्रकार कस्तो छ ?
क) कच्ची ख) पक्की ग) अर्ध पक्की

४) तपाईको परिवारको मुख्य आयस्रोत के हो ?
क) नोकरी ख) कृषि ग) व्यापार घ) ज्याला/मजदुरी ङ) अन्य

५) तपाईको जग्गा कति छ ?
क) खेत........................रोपनि........................आना
ख) बारी......................रोपनि........................आना

६) पैत्रिक सम्पत्तिमा छोरीलाई छोरा सरह अधिकार हुन पर्दछ भन्ने सम्बन्धमा तपाईको धारणा ?
क) हुनुपर्दछ ख) आवश्यक छैन ग) थाहा छैन ।

७) तपाईको खेतिको आयास्तरले कति सम्म गुजरा चल्छ ?
क) वर्ष दिनसम्म खान पुग्छ ( )
ख) ६ महिनासम्म खान पुग्छ ( )
ग) दुई महिनासम्म खान पुग्छ ( )
घ) एक महिनासम्म खान पुग्छ ( )

८) घरमा भएको पशुपंक्षीको विवरण दिनुहोस् ।
क) गाई....... ख) भैंसी.......... ग) बाखा.........
घ) कुखुरा......... ङ) सुगुर.......... च) अन्य ..........

९) तपाईले अन्य कसैसँग ऋण लिनुभएको छ ?
क) साना किसान परियोजनबाट ( )
ख) कृषि बिकास बैंकबाट ( )
ग) जमिन्दार वा साँहुबाट ( )
घ) छिमेकी वा नातेदारबाट ( )

१०) केको लागि ऋण लिनुभएको छ
क) खाना ( ) ख) शिक्षा ( ) ग) लुगाफाटो ( )
घ) व्यापार ( ) ङ) उद्योग ( ) च) स्वास्थ्य उपचार ( )
(छ) अन्य ( )

११) तपाईको परिवारका सदस्य मध्ये कोही वैदेशिक रोजगारका लागि जानुभएको छ ?
क) छ ख) छैन ग) थाहा छैन

१२) तपाईले आफ्ना छोराछोरीलाई स्कूल पठाउनुभएको छ ?
क) छ ख) छैन

१३) छोरीलाई स्कूल पठाउनु आवश्यक छ ?
क) छ ख) छैन

१४) छोरा र छोरी कुन चाँही महत्वपूर्ण छ ?
क) छोरा ख) छोरी ग) वरावर

१५) तपाईको परिवारमा कुनै सदस्य विरामी भए कहाँ लैजानुहुन्छ ?
क) धामी, झाक्री ख) डाक्टर ग) वैध घ) घरमै

१६) परिवार नियोजन सम्बन्धमा तपाईको धारणा के छ ?
क) सकारात्मक ख) नकारात्मक

१७) समाजमा दलितहरू/कामी महिलाहरूलाई गरीने कुन-कुन किसिमको भेदभाव तथा छुवाछुत पाउनुभएको छ ?

१८) दलित-दलित भित्रै कुन-कुने किसिमको भेदभाव र छुवाछुत पाउनुभएको छ ?

१९) तपाईहरूले छोएको खानेकुरा, सार्की जातिले खान्छन् ?
क) खान्छन् ख) खादैनन् ग) थाहा छैन
खादैनन् भने किन.....................

२०) तपाईहरूले दमाईको घरमा गएर खानुहुन्छ ?
क) खान्छु ख) खादिन ग) थाहा छैन
खानु हुन्न भने किन खानु हुन्न.................

२१) तपाईहरूको सार्की जातिसँग विवाह हुन्छ ?
क) हुन्छ ख) हुदैन ग) थाहा छैन

२२) तपाईलाई ठकुरी/मगरले कस्तो व्यवहार गर्दछन् ?
क) राम्रो ख) नराम्रो ग) थाहा छैन

२३) तपाईहरू मगर ठकुरीसँग बसेर खानुहुन्छ ?
क) खान्छु ख) खादिन ग) थाहा छैन
यदि खानुहुन्न भने किन..................

२४) मगर ठकुरीको घरमा भोजभत्तेर हुदा तपाईको परिवारलाई निमन्त्रणा गर्दछ ?
क) गर्दछ ख) गर्दैन ग) थाहा छैन

२५) गर्दछ भने उनीहरू र तपाईहरूको भान्सा एउटै हुन्छ ?
क) हुन्छ ख) हुदैन
भान्सा एउटै हुदैन भने किन हुदैन.............

२६) दलितहरूलाई यस किसिमको भेदभाव किन गरिन्छ ?

२७) दलितहरू कै कमजोरी छ ?
क) छ ख) छैन ग) थाहा छैन
छ भने कस्तो प्रकारको........................

२८) अहिले सम्म तपाईको परिवारमा छुवाछुत गरेको घटनो छ ?

२९) छुवाछुत वारे कानुन निर्माण भएको कुरा तपाईलाई थाहा छ ?
क) छ ख) छैन ग) थाहा छैन

३०) सार्वजनिक मन्दिर पस्न दिन्छ कि दिदैन ?
क) दिन्छ ख) दिदैन ग) थाहा छैन
दिदैन भने किन..........................

३१) सार्वजनिक धारामा पानी लिन जादा धुन दिन्छ कि दिदैन ?
क) दिन्छ ख) दिदैन ग) थाहा छैन
यदि दिदैन भने किन........................

३२) माथिल्लो जातिको घरमा गएर खानेकुरा खाएपछि आफै भाडा माझ्नुहुन्छ ?
क) माझ्छु　　　　ख) माझ्दिन　　　　ग) थाहा छैन

३३) तपाईहरूले आफ्नो घरमा उत्पादन गरेको दुध, दहि, ध्यु जस्ता वस्तुहरू माथिल्लो जातिलाई बेच्नुहुन्छ ?
क) बेच्छु　　　　ख) बेच्दिन　　　　ग) थाहा छैन

३४) तपाइहरू माथिल्लो जातिहरूको घरमा जादा दुध, दहि खान दिन्छन् ?
क) दिन्छन्　　　　ख) दिदैन　　　　ग) थाहा छैन

३५) दलित कोटा बारे तपाईलाई थाहा छ ?
क) छ　　　　ख) छैन　　　　ग) थाहा छैन

३६) दलितहरूलाई आउने कोटा मध्येमा तपाईको परिवारमा कुनै सदस्यले पाउनुभएको छ ?
क) छ　　　　ख) छैन　　　　ग) थाहा छैन

३७) यदि दलित कोटा पाउनुभएको छ भने कस्तो कोटा पाउनुभएको छ ।

३८) तपईको विचारमा दलित कोटा हुन आवश्यक छ ?
क) छ　　　　ख) छैन　　　　ग) थाहा छैन
यदि छ भने किन आवश्यक छ..................

३९) दलित कोटाले समाज परिवर्तन गर्न सहयोग पुऱ्याएको छ ?
क) छ　　　　ख) छैन　　　　ग) थाहा छैन

४०) यदि परिवर्तन गर्न सहयोग पुऱ्याएको छ भने के मा परिवर्तन भएको छ ?
क) शिक्षामा
ख) स्वास्थ्यमा
ग) चेतनामा
घ) पेशामा
ङ) छुवाछुतमा
च) अन्य

४१) विद्यालयमा छोराछोरीको साथी संगत बढी कुन जातिसँग हुन्छ थाहा पाउनुभएको छ ?
क) छ　　　　ख) छैन

४२) थाहा छ भने कुन जातिसँग हिड्छन् ?
क) आफ्नै जातिसँग
ख) माथिल्लो जातिसँग
ग) सबै जातिसँग

४३) विद्यालयमा गरीने विभिन्न कार्यक्रममा तपाईका छोराछोरीलाई समावेश गराइन्छ ?
क) गराइन्छ　　　　ख) गराईदैन　　　　ग) थाहा छैन

४४) गराइदैन भने कस्तो कार्यक्रममा
क) विद्यालयमा हुने सरस्वती पूजा
ख) पाक् शिक्षा
ग) खेलकुद कार्यक्रम
घ) अन्य................

४५) तपाईहरूको परम्परागत पेशा के हो ?

४६) छुवाछुतले गर्दा तपाईको काममा अप्ठेरो परेको छ ?
क) छ ख) छैन ग) थाहा छैन

४७) यदि अप्ठेरो परेको छ भने कस्तो प्रकारको ?

४८) छुवाछुत गर्नेलाई कस्तो सजाय दिन उचित होला ?

४९) अब बन्ने संविधानमा छुवाछुत हटाउन कस्तो प्रकारको कानुन/निति निर्माण गर्नुपर्ला ?

५०) तपाईको विचारमा कसरी समाजमा छुवाछुत हटाउन सकिएला ?

५१) मदनपोखरा गा.वि.स का कामी महिलाहरूको समस्या के-के छन् ?

५२) तपाईको विचारमा मदनपोखरा गा.वि.स का कामी महिलाहरूको सामाजिक आर्थिक अवश्था सुधारको लागि के गर्नुपर्ला ?

५३) तपाईको घरको निम्न कार्यहरूमा तपाई आफै निर्णय गर्नुहुन्छ वा अरु कसैबाट हुन्छ ? उल्लेख गर्नुहोस् ।

| क्र.स. | कार्य/निर्णय | अरु भए कसले | संयुक्त रूपमा |
|---|---|---|---|
| | खाना बनाउने | | |
| | बजार किनमेल | | |
| | खेति गर्ने | | |
| | पशु स्याहार | | |
| | दाउरा संकलन | | |
| | पैसा कसले राख्ने | | |
| | छोराछोरीको विवाह | | |
| | औषधी उपचार | | |
| | छिमेकीसँगको सम्बन्ध | | |
| | जग्गा किनबेच | | |
| | पशु किनबेच | | |